महिलामाथि हुने हिंसाको यथार्थता

अन्वेषी

२०७६

अन्वेषी

महिलामाथि हुने हिंसाको यथार्थता

अन्वेषी

महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन

सारांश प्रतिवेदन

२०७६

ओरेक नेपाल

बालकुमारी, ललितपुर

अन्वेषी
२०७६

अन्वेषी

महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन सारांश प्रतिवेदन, २०७६

© ओरेक नेपाल, २०७६

यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरु महिला हिंसाविरुद्धका लागि गरिने कुनै पनि अभियान तथा पैरवीमूलक प्रयोजको निम्ति स्रोत खुलाई प्रयोग गर्न सकिने छ ।

सम्पादन : कैलाश राई
लेखन तथा विश्लेषण : संजिता तिम्सिना/कैलाश राई
संयोजन : संजिता तिम्सिना/सुलोचना खनाल
तथ्याङ्क प्रशोधन : सुलोचना खनाल/दुर्गा सिंजापति
आर्थिक सहयोग : MISEREOR

प्रकाशन

ओरेक नेपाल
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
Email : ics@worecnepal.org
Website : www.worecnepal.org
ISBN : 978-9937-8822-5-5

साजसज्जा

पेन्टाग्राम प्रा. ली.
+९७७ १ ५५४८१८०
business.pentagram@gmail.com

विषय-सूची

परिच्छेद १ परिचय १

१.१ नेपाली समाजमा महिला विरुद्धको हिंसा १

१.२ अन्वेषी : महिलामाथि हुने हिंसाको यथार्थ ५

१.३ घटना संकलन अवधि र क्षेत्र ६

१.४ अध्ययनको सीमा ६

१.५ अध्ययन विधि ७

परिच्छेद २ १०

२.१ कार्यगत परिभाषा १०

क) हिंसाका प्रकार १०

ख) प्रभावित/पीडकको वैवाहिक स्थिति ११

ग) प्रभावित/पीडकका समूहहरू १२

घ) प्रभावित/पीडकका पेशाहरू १२

ङ) प्रभावितलाई परेका असरहरू १३

च) प्रभावित/पीडकको उमेर १३

२.२ कार्यकारी सारांश अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा १३

२.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिती १३

क). हिंसाका प्रकारहरु १३

३. उमेर समूह र महिलामाथि हुने हिंसा १६

४. शिक्षा र महिलामाथि हुने हिंसा १६

५. वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा १६

६. पेशा र महिलामाथि हुने हिंसा १७

७. महिलामाथि हुने हिंसाका असरहरू १७

८. जातीयताका आधारमा महिलामाथि हुने हिंसा १७

९. पीडक र प्रभावितको सम्बन्ध १८

परिच्छेद ३ १९

३.१ महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयास तथा प्रावधानहरु १९

परिच्छेद ४ २५

महिलामाथि भएको हिंसाका प्राप्त परिणाम र विश्लेषण २५

४.१. महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण २५

४.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति २५

४.१.२ महिला हिंसाका प्रकार २६
४.१.३ महिलामाथि हुने हिंसा र उमेर २७
४.१.४ महिला हिंसा र शिक्षा २८
४.१.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा २९
४.१.६ प्रभावितको जातीयता ३०
४.१.७ प्रभावित र पीडकबीचमा रहेको सम्बन्ध ३१
४.१.८ महिलामाथि हुने हिंसा र पेशा/व्यवसाय ३२
४.१.९. महिलामाथि हुने हिंसाका कारण महिलामा परेका असरहरू ३२

परिच्छेद ५ **३५**
५.१ महिला र घरेलु हिंसा ३५
५.२ घरेलु हिंसाभित्रका स्वरूपहरू ३६
५.३ घरेलु हिंसाका प्रकारहरू ३७
५.४ घरेलु हिंसाका पीडकसंगको सम्बन्ध ३८
५.५ प्रभावितको वैवाहिक अवस्था ३८
५.६ प्रभावितको उमेर र घरेलु हिंसा ३९
५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा ३९
५.८ प्रभावितको जात/जातीयता र घरेलु हिंसा ४०
५.९ प्रभावितको पेशा र घरेलु हिंसा ४१
५.१० प्रभावितलाई परेको असर ४१
घटना नं १ (घरेलु हिंसा) ४४

परिच्छेद ६ **४५**
६.१ महिला र सामाजिक हिंसा ४५
६.२ सामाजिक हिंसाका परिणाम र विश्लेषण ४६
६.३ सामाजिक हिंसाका पीडकका प्रकार ४७
६.४ प्रभावितको वैवाहिक अवस्था ४७
६.५ प्रभावितको उमेर र सामाजिक हिंसा ४८
६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा ४९
६.७ प्रभावितको जात/जातीयता र सामाजिक हिंसा ४९
६.८ प्रभावितको पेशा र सामाजिक हिंसा ५०
६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर ५१
घटना नं ३ (बोक्सीको आरोपमा कुटपीट) ५४
घटना नं ४ (बालविवाह) ५५

परिच्छेद ७ **५६**

७.१ बलात्कार ५६

७.२ बलात्कारका पीडकका प्रकार ५७

७.३ बलात्कार प्रभावितको उमेर ५७

७.४ बलात्कार प्रभावितको शैक्षिक अवस्था ५८

७.५ प्रभावितको जात/जातीयता ६०

७.६ प्रभावितको पेशा ६१

घटना नं ५ (सामुहिक बलात्कार) ६३

घटना नं ६ (बलात्कार) ६४

परिच्छेद ८ **६५**

८.१ यौनिक हिंसा ६५

८.२ प्रभावितको उमेर र यौनिक हिंसा ६५

८.३ यौनिक हिंसाका पीडकका प्रकार ६६

८.४ प्रभावितको शैक्षिक योग्यता ६७

८.५ प्रभावितको जात/जातीयता ६८

८.६ प्रभावितको पेशा ६९

८.७ प्रभावितलाई परेको असर ७०

घटना नं ७ (यौनिक हिंसा) ७२

घटना नं ८ (यौनिक हिंसा) ७३

परिच्छेद ९ **७५**

९.१ हत्या ७५

९.२ प्रभावितको उमेर र हत्या ७६

९.३ हत्या र पीडकको प्रकार ७७

९.४ प्रभावितको शैक्षिकस्तर र हत्या ७८

९.५ प्रभावितको जात/जातीयता र हत्या ७९

९.६ प्रभावितको वैवाहिक अवस्था र हत्या ८०

९.७ प्रभावितको हत्या र पेशागत अवस्था ८१

घटना नं ९ (हत्या) ८३

परिच्छेद १० **८४**

१०.१ बेचबिखन तथा ओसारपसार ८४

१०.२ बेचबिखनको अवस्था ८५

१०.३ बेचबिखन र उमेर ८६

१०.४ बेचबिखन र पीडकसँगको सम्बन्ध ८७

घटना नं १० (मानव बेचविखन तथा ओसारपोसार) ९०

परिच्छेद ११ ९१
११.१ आत्महत्याको अवस्था ९१
११.२ आत्महत्या र उमेर ९१
११.३ आत्महत्या र वैवाहिक अवस्था ९२
११.४ आत्महत्या र शैक्षिक अवस्था ९३
११.५ आत्महत्या र पेशागत अवस्था ९३
घटना नं ११ (आत्महत्या) ९५

परिच्छेद १२ ९६
१२.१ महिला हिंसा र पीडकको लैङ्गिक विवरण ९६
१२.२ महिला हिंसा र पीडकको उमेर समूह ९७
१२.३ महिला हिंसा र पीडकको वैवाहिक अवस्था ९७
१२.४ महिला हिंसा र पीडकको पेशा ९८
१२.५ महिला हिंसा र पीडकको जात/जातीयता विवरण ९९

परिच्छेद १३ १०२
सञ्चार अनुगमन १०२
१३.१ पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका घटनाको मासिक विवरण १०२
१३.२ मासिक विवरण १०२
१३.३ पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिती १०४

परिच्छेद १४ १०५
१४.१ ओरेकले प्रभावितलाई गरेको सहयोगको विवरण १०५
१४.२ ओरेकको हटलाइन सेवामार्फत सम्पर्कमाआएकामहिला हिंसाका घटनाहरू १०६

परिच्छेद १५ १०८
१५.१ मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाको अवस्था १०८
१५.२. मनोरञ्जन क्षेत्रमा कार्यरत किशोरी तथा महिलाहरूमाथि भएको हिंसाको प्रकार १०९
१५.३. प्रभावितको उमेर ११०
१५.४. प्रभावितहरूको वैवाहिक स्थिति १११
१५.५. प्रभावितको शैक्षिक अवस्था ११२
१५.६. प्रभावितको जात/जातीय विवरण ११२
१५.७. प्रभावितको पेशा ११३
१५.८. प्रभावित र पीडकको सम्बन्ध ११४
१५.९. पीडकको उमेर ११४
१५.१०. पीडकको पेशा ११५

निष्कर्ष र सुझावहरू ११७

प्राक्कथन

'अन्वेषी' बर्ष पुस्तक १ सयभन्दा बढी महिला मानव अधिकारववादी संघसंस्थाहरू, सामुदायिक संघ संस्थाहरू, महिलावादी लेखकहरू, महिला मानब अधिकारवादीहरू, संचारकर्मीहरूको सामुहिक प्रयास र सहकार्यबाट तयार गरिएको महिला माथि भएका भेदभाव, हिंसा र असमानताको बारेमा विश्लेषणात्मक पुस्तक हो । यो नेपालका महिलामाथि वर्षभरि भएका हिंसाका घटनाहरू संकलित, अंकित एवं विश्लेषण सहितको एक महत्वपूर्ण पुस्तक हो । सर्भेक्षणमा आधारित यो पुस्तक ओरेक नेपालले सन् २००८ बाट वर्षेनी प्रकाशन गर्दै आइरहेको छ । महिलामाथि हुने हिंसाका घटनाहरूको नक्साङ्कन गर्ने, सरोकारवाला एवं सम्बन्धित जिम्मेवार निकायसमक्ष महिला हिंसाका वास्तविकता प्रस्तुत गरी आवश्यक कदम चाल्न दबाब सृजना गर्ने उद्देश्यले अन्वेषी प्रकाशन एवं वितरण कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिँदै आइएको छ । अन्वेषीले विभिन्न भू-भागमा बसोबास गर्ने भिन्न-भिन्न सामाजिक समूह र समुदायका महिलाहरूमाथि भइरहेको हिंसा, तिनको स्वरुप र त्यसका प्रभावहरूबारे जानकारी दिन्छ ।

महिला विरुद्धको हिंसा महिलाहरूको मानव अधिकारको उल्लंघन हो । महिलामाथि हुने हिंसाले महिलाको स्वतन्त्रता र मर्यादित भएर बाँच्न पाउने अधिकार, समानताको अधिकार, यातनामुक्त भइ जीवन जीउन पाउने अधिकार जस्ता आधारभूत अधिकारहरू कुण्ठित गरेको छ । महिलामाथि हुने हिंसाको अन्त्य विना देशमा सामाजिक न्याय र दिगो शान्ति स्थापना हुन सक्दैन । देशले दिन खोजेको आर्थिक सशक्तिकरणको बाटो सफल हुन सक्दैन । त्यसैले देशमा मानव अधिकारको सम्मान, दिगो विकास र समृद्ध नेपाल सुखी नेपालीको सपनालाई साकार पार्न महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य हुन अत्यन्त आवश्यक छ । त्यसैले अब राज्य लगायत यस क्षेत्रमा काम गर्ने नागरिक समाज र सरोकारवालाहरूले महिलामाथि भइरहेका हिंसा अन्त्यका लागि विगतदेखि लागू गरिएका नीति नियम, गरिरहेका परम्परागत काममा परिवर्तन गरि नयाँ र समय अनुसारका अभियानहरू सञ्चालन गर्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रुपमा बाहिर आउन सकेका छैनन् । हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसको अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आइरहेको छ । ओरेक नेपाल र अन्वेषीले सोही भूमिकाको निरन्तरता यसपाली पनि कायम राखेको छ । अघिल्ला वर्षहरूझैँ यसवर्ष पनि ओरेक नेपालमा अभिलेखीकरण गरिएका जम्मा १३१९ महिला हिंसाका घटनाहरूमा सबैभन्दा बढी घरेलु हिंसाका घटनाहरू रहेका छन् । यो तथ्याङ्कले समग्र नेपाली महिला कहाँ र कोबाट धेरै असुरक्षित छन् उक्त अवस्थाको चित्रण गरेको छ । तथ्याङ्क अनुसार घरपरिवार जहाँ महिलाले सबभन्दा बढी सुरक्षा, माया पाउनु पर्ने हो त्यही महिलाहरू सबैभन्दा धेरै असुरक्षित छन् । यो अवस्थाले अहिलेसम्म समाजमा स्थापित मूल्य मान्यताहरूले महिला र पुरुषमा हेर्ने विभेदकारी दृष्टिकोणलाई प्रष्ट पारेको छ ।

देशमा स्थानीय तहको उपस्थितिसँगै जनताले आफ्नो घरदैलोमा नै राज्यको उपस्थितिको अनुभव गर्न थालेका छन् । समुदायमा रहेका महिलाका सवालहरूलाई स्थानीय तहदेखि निर्णायक तहमा पुऱ्याउन र नीतिगत रुपमा सम्बोधन गर्नका लागि तथा सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक रुपमा समाजमा रहेका विभेदपूर्ण संरचना र मूल्य मान्यताका आधारमा गरिने व्यवहार हरूमा परिवर्तन गरि समुदाय देखि नै मानवअधिकार र समान व्यवहार सहितको समाज निर्माण गर्न सक्षम भएमात्र महिलामाथि हुने हिंसाको अन्त्य हुन सक्दछ ।

समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक मूल्य मान्यता र सोँच नै महिला माथि हुने हिंसाको प्रमुख कारक तत्व हो । जसको कारण बर्षेनी हजारौँ महिलाहरू विभिन्न स्वरुप र आयाममा हिंसा खेप्न बाध्य बनाइएका छन् । अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण अझै पनि महिलामाथि हुने हिंसाका घटनाहरू बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनाहरू अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन् । हिंसामुक्त जीवन

जिउने वातावरण सुनिश्चित गर्नुपर्ने राज्यको दायित्व हुँदाहुँदै पनि यसतर्फ देखिएको उदासिनताले सामाजिक न्याय प्राप्त गर्न अझैपनि संघर्षको लामो बाटो तय गर्नुपर्ने जरुरी छ । यति हुँदाहुँदै पनि कतिपय अबस्थामा महिलाहरू हिंसाका घटनालाई अगाडी ल्याउन, पीडकलाई कानूनी दायरामा ल्याउन र न्यायमूलक समाजको सृजनमा सहयोग गर्न पनि सक्षम भएका छन् ।

आफूमाथि भएका हिंसाका घटनाहरू अन्य महिलाले भोग्नु नपरोस् भन्ने आकांक्षाका साथ आफूमाथि भएका हिंसाको जानकारी गराउने साहस बटुल्नु हुने सम्पूर्ण नेपाली महिलाहरूप्रति ओरक नेपाल विशेष आभार प्रकट गर्दछ । समुदायस्तरमा क्रियाशील रहेर महिला मानव अधिकारकर्मीहरू जसले आफूमाथि पर्ने जोखिम र चुनौतिको परवाहबिना, महिला माथि भएका हिंसाका घटनाहरूलाई बाहिर ल्याउन गर्नुभएको साहस, धैर्य र कामको सम्मान गर्दै आफूले अभिलेखन गरेका घटनाहरू ओरेक नेपालकमा पठाउनु हुने सम्पुर्ण महिला अधिकारकर्मीहरू प्रति ओरेक नेपाल विशेष आभार प्रकट गर्दछ ।

महिला हिंसाका घटनाहरूलाई गोपनीयता र संवेदनशील तरिकाले दस्तावेजीकरण गर्न सघाउ पुऱ्याउनु हुने ओरेक नेपालका सम्पुर्ण शाखा कार्यालयका तथ्याङ्क व्यवस्थापन शाखामा रहेर कार्य गर्ने सहकर्मी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु । साथै महिला हिंसाको घटनाहरू अभिलेखीकरण तथा प्रभावितका न्यायका लागि सक्रिय भुमिका निर्वाह गरिरहनु भएको सम्पुर्ण जिल्लाका संयोजकहरू, कार्यक्रम अधिकृतहरू, सामाजिक परिचालकहरू, मनोविमर्शकर्ताहरूप्रति संस्था विशेष आभार प्रकट गर्दछ । साथै ओरेक नेपालको तथ्याङ्क व्यवस्थापन शाखामा रहेर महिला हिंसाका घटनाहरूलाई गोपनीयता र संवेदनशिल तरिकाले दस्तावे जीकरण गर्न सघाउ पुऱ्याउनुहुने ओरेक नेपालका सम्पूर्ण शाखा कार्यालयका : गोमा भण्डारी (मोरङ्ग), अनिता चौधरी सिरहा), रोजलिन कुमारी सिंह (धनुषा), विन्दु शर्मा (दाङ्ग), जयकला चौधरी (कैलाली), सिर्जना दनुवार (उदयपुर), सपना थापा (सिन्धुली, दुर्गा बजगाँई (रुकुम) लाई हामी धन्यवाद दिन चाहन्छौं । यस पुस्तकमा तथ्याङ्क प्रशोधनमा विशेष भुमिका निर्वाह गर्नुहुने ओरेक केन्द्रिय कार्यालयका सुलोचना

खनाल, दुर्गा सिजापति, गार्डिका बज्राचार्य र रमेश भण्डारीलाई संस्था धन्यवाद ज्ञापन गर्दछ। यस पुस्तक तयारीका लागि संयोजनको भूमिका निर्वाह गर्नुहुने ओरेक नेपालका महिला हिंसा विरुद्धको कार्यक्रम संयोजक संजिता तिम्सिनालाई र कार्यकारी निर्देशक लुभराज न्यौपानेलाई विशेष धन्यवाद दिन चाहन्छु। यस्तै गरी यस पुस्तकको सम्पादन गरी प्रकाशनका लागि सहयोग गर्नुभएकोमा विज्ञ कैलाश राईलाई धन्यवाद दिन चाहन्छु।

माथि उल्लेख गरीएका व्यक्तिहरूबाहेक पनि अन्य थुप्रै व्यक्तिहरूको सहयोग र सहकार्यका कारण यो प्रतिवेदन तयार भएको हो। यसर्थ यस पुस्तक तयारीका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरूलाई ओरेक नेपाल धन्यवाद दिदै हार्दिक आभार प्रकट गर्न चाहन्छ।

ज्योत्सना मास्के
अध्यक्ष
महिला पुनर्स्थापना केन्द्र (ओरेक)

परिच्छेद १ परिचय

१.१ नेपाली समाजमा महिलाविरुद्धको हिंसा

"महिलामाथि हुने हिंसा लैंगिकतामा आधारित वा लिंगको प्राथमिकताको आधारमा हुने हिंसा हो । महिला भएकै कारणले महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू महिलामाथि हुने हिंसा हुन् । संयुक्त राष्ट्र संघ (सन् १९९३)को 'महिलाविरुद्धको हिंसा उन्मूल गर्ने सम्बन्धी घोषणापत्र'मा उल्लेख छ; "महिला विरुद्धको हिंसा सार्वजनिक वा निजी जिवनमा लिंगका आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउछ वा पुऱ्याउने सम्भावना हुन्छ । जसअन्तर्गत त्यस्तो क्षति वा पीडा पुर्याउने खालका धम्की, दबाब र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने कार्य समेत पर्दछ ।"

महिलामाथि हुने यस्तो हिंसा सर्वत्र छ । यूएन वुमनको एक प्रतिवेदनले देखायो; "संसारमा हरेक तीनमध्ये एकजना महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै खालको हिंसा भोग्ने गर्दछ । महिलाकै निकट, विश्वासिलो व्यक्ति हिंसामा संलग्न पीडक हुने गर्दछ" ।[१] नेपालको सन्दर्भमा, २०६८ सालको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणद्वारा जनसांख्यिक प्रश्नावलीका आधारमा संकलित तथ्याङ्कले महिलाहरू अधिकांश घरभित्रै शारीरिक र यौनिक हिंसाबाट पीडित हुने गरेको औंल्यायो । पितृसत्ता बलियो भएको समाजमा महिलामाथि हुने हिंसाको जरा असाध्यै गाडिएको र झाँगिएको छ । नेपाली समाज महिलामाथि हुने हिंसाको जरा गाडिएको र झाँगिएको पितृसत्तात्मक समाज हो । जहाँ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, धारा १ ले "सबै मानिसहरू जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुन्छन्" भनेर प्रत्याभूत गरेको समान अधिकार लागू गर्न अनेक संरचनागत तगारैतगाराहरू यत्रतत्र छन् । त्यसैले अहिलेसम्म गरिएका जति पनि महिला हिंसा न्यूनीकरण, तिनका समाधानकेन्द्री क्रियाकलाप र समाधानका उपायहरूले महिला हिंसाविरुद्ध आवाज उठाउने संस्कृतिको विकास गरेपनि महिला हिंसामा कमी भने ल्याउन सकेको छैन । विभिन्न प्रकृतिका चरणगत संघर्षपश्चात निर्मित ऐन-कानूनहरूको व्यवहारिक कार्यान्वय पनि प्रभावकारी हुन सकेको छैन ।

[१] http://www.unwomen.org/en/news/in-focus/eng-violence-against-women/

नेपाल विभिन्न अन्तर्राष्ट्रिय मानव तथा महिला अधिकारसम्बन्धी कानूनहरूको पालनकर्ता हो । अझ, नेपालको संविधान, २०७२ ले महिला हिंसालाई अपराध मानी सोहीबमोजिमको कानूनी दण्ड-सजाय हुने कुरा निर्दिष्ट गरेको छ । मुलुकी ऐन एवं अरु विभिन्न ऐनका व्यवस्था गरिएका छन् । महिला हिंसासम्बन्धी विशेष ऐनका प्रावधानहरू समेत छन् । ती ऐन र कानूनको कार्यान्वयनका लागि प्रक्रिया र नियमहरू निर्धारण गरिएका विनियमहरूको व्यवस्था भएको छ । महिला हिंसासम्बन्धी प्रावधानहरू- घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६, घरेलु हिंसा (कसुर तथा सजाय) नियमावली, २०६७, लैंगिक हिंसा उन्मूलन कोष (सञ्चालन) नियमावली, २०६६, लैंगिक समानता ऐन, २०६३, वैवाहिक बलात्कार ऐन, २०६३, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको ऐच्छिक प्रलेखको अनुमोदन, सन् २००७, मानव वेचविखन (नियन्त्रण) ऐन सन् १९८६ लाई प्रतिस्थापन गर्न बनेको मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, सन् २००७, कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार (निवारण) ऐन, २०७१ आदि रहेका छन् ।

साथमा, महिलाविरुद्ध हुने हिंसासम्बन्धी गैरसरकारी तथा सरकारी योजना एवं कार्यक्रमहरू वर्षेनी सञ्चालन हुँदै आएका छन् । महिला हिंसा रोक्न श्रम, स्रोत, समय, ज्ञानरसीपको लगानी एवं परिचालन गरिदै आइएको छ । हरेक क्षेत्रहरूमा महिला सहभागिता, सक्रियता र हस्तक्षेप तुलनात्मक रुपमा बढ्दै गएको छ । स्थानीय तथा प्रदेशीय निर्वाचनमार्फत् नीति निर्माण गर्ने तहमा विविध पृष्ठभूमि र सामाजिक समूहका महिलाहरूको उपस्थिति बाक्लिएको छ । अहिले, संघीय संसदमा ३३.५ प्रतिशत, प्रादेशिक सभाहरूमा ३४ प्रतिशत र स्थानीय निकायहरूमा ४१ प्रतिशत फरक फरक जात जातीय पृष्ठभूमिका महिलाहरू संलग्न छन् ।[२] यो लामो समयको संघर्षको बलमा प्राप्त उपलब्धी हो ।

तैपनि, यो सहभागिता महिला हकअधिकार प्राप्ति र हिंसा रोकथामको लागि सबथोक होइन । महिला हकअधिकार प्राप्ति र महिलाविरुद्धको हिंसा रोकथामको आधार निर्माणतर्फको यात्रामा एक खुड्किला पार गर्नु सरह मात्रै हो । त्यसले नेपाली समाजको लैंगिक असमानको खाडल पुर्नेतर्फको एक सुखद यात्राको संकेत मात्रै गर्छ । महिला माथि हुने हिंसा घट्दो छ भन्ने आधार होइन । समग्रतामा मुलुकको लैंगिक विकासको वस्तुस्थिति हेर्दा, सन् २०१५ को संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी)को लैंगिक विकास सूचक (GDI) अनुरुप नेपाल कम मानव विकास गर्ने वर्गमा अर्थात् विश्वको १४५ औं

[२]IFES (International Foundation For Electoral Systems) Nepal. 2018. "A Year of Elections in Nepal: Implementing a Federal and Inclusive Constitution." (www.ifes.org/news/year-elections-nepal-implementing-federal-and-inclusive-constitution).

स्थानमा पर्दछ। एशियाली मुलुकमध्ये सबैभन्दा कम लैंगिक विकास भएको देशको सूचीमा पर्दछ। यस हिसाबले पनि महिला हिंसा घट्दो छ भन्ने आधार भेटिदैन।

सरकारी तथा गैरसरकारी निकायहरूमा महिला हिंसाका गुनासा र उजुरी गर्ने क्रम भने बढेको छ। तर न्यायको खोजीमा त्यसरी उजुरी परेकामध्ये सहज र चुस्त प्रक्रियाबाट न्याय प्राप्त भएका घटनाहरू नगण्य नै भेटिन्छन्। अझ, हिंसात्मक कार्यको प्रभाव र दुष्परिणामहरू सार्वजनिक भइसक्दा समेत पीडितलाई कानूनी घेरामा ल्याएर कसूर तोक्न सकिने तहको सहज वातावरण बनेको छैन। छानविन र तथ्य प्रमाण जुटाउने, प्रमाणिकरण गर्ने प्रक्रिया पीडितको लागि ज्यादै झन्झटिलो र बोझिलो भएको गुनासाहरू प्रशस्तै भेटिन्छन्। त्यस्ता हिंसात्मक कार्य व्यवहारिक तवरमा रोकथाम र समाधान गर्न विद्यमान कानूनी संयन्त्र र न्यायिक प्रक्रिया पीडितमैत्री बन्न सकेका छैनन्। मौजुदा ऐन कानूनद्वारा न्याय प्राप्त गर्न सकिने झिनो आशाकै भरमा हिंसाका विरुद्धमा आवाजहरू सार्वजनिक भइरहेका छन्। पूर्व प्रधानन्यायधीश सुशीला कार्कीको महिला हिंसासम्बन्धमा मुटु काँप्ने तथ्यहरू फेला परेपनि फितलो अनुसन्धानका कारण हिंसात्मक कार्य गरेको ठहर हुन सक्तैनन्[३] भन्ने भनाईले हाम्रो समाजको जटिलता र कानूनी सीमाको वास्तविकता अकल्पनीय छ भन्ने कुराको संकेत गर्छ।

यी विभिन्न कानूनी प्रावधान, गैरसरकारी तथा सरकारी प्रयत्न र महिलाहरूको बढ्दो आवाज र हस्तक्षेपको बाबजुद पनि समाजको हरेक तह, वर्ग, जातजातीयता र भेगमा महिला हिंसा किन उत्तिकै मौलाउँदो छ ? यो सबैको लागि उत्तिकै सोचनीय र गम्भीर प्रश्न हो। महिलाविरुद्ध हुने हिंसा झाँगिइरहनुले प्रष्ट पार्छ। एक, समाजमा जरा गाडिएको महिला हिंसा र अति असन्तुलित लैंगिक शक्ति सम्बन्धका लागि मौजुदा कानूनी व्यवस्था, सरकारी एवं गैरसरकारी योजना र कार्यक्रमहरू पर्याप्त होइनन्। संरचनागत र प्रक्रियागत तवरमा पनि उपयुक्त सावित हुन सकेका छैनन्। सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने एउटा मानकको रुपमा 'लैंगिक समानताको सुनिश्चितता र महिला सशक्तिकरण' एक प्राथमिक एजेण्डा बन्नुले पनि महिलामाथि भएको विभेद, असमानता र हिंसाको विषयको गाम्भीर्यता र तिनको संवोधनको अनिवार्यताको पुष्टि गर्छ। अर्को, पितृसत्तामार्फत् पुरुषले महिलाको यौनिकता, शरिर, श्रम, भूमिका, सोच, विवाह, प्रजनन शक्तिदेखि उसको व्यक्तिगत-पारिवारिक-सामाजिक-व्यावसायिक सम्बन्ध, पहिचान र कार्यक्षेत्रलगायतका कुराहरूमाथि अधिकार र नियन्त्रण कायम राखेको छ भन्ने कुरा छर्लंग पार्छ।

[३]कार्कीको 'महिला हिंसा र समाधान' शीर्षकको लेख, *कान्तिपुर*, २०७४ भदौ ४।

पितृसत्तात्मक समाजमा महिलालाई मानवको रुपमा भन्दा पुरुषको 'सहायक' र 'सम्पत्ति'को रुपमा ग्रहण गरिएको छ । महिलामाथि र महिलासँग गरिने व्यवहार वा दूर्व्यवहारको व्याख्या, परिभाषा र स्विकार्यता पनि पितृसत्तात्मक सोच र अभ्यासले निर्धारण गरिदिएको छ । आजभन्दा १९ वर्ष अघि 'लैंगिकता र न्यायधीस'बारेको एक अध्ययन प्रतिवेदनमा न्यायधीशहरूले "पत्नीलाई एकदुई थप्पड हान्नुलाई क्रुरता भन्न नसकिने र कहिलेकाहीँ यो आवश्यक हुन जाने" धारणा राखेका थिए ।[४] त्यसएता नेपाली समाज राजनीतिक र सामाजिक रुपमा परिवर्तन भएपनि महिला हिंसासम्बन्धी अखबारका समाचार, लेखहरूले महिलाप्रतिको यस्तो सोचमा परिवर्तन आएको देखाउँदैनन् । बरु, पुरुषत्व, पितृसत्तात्मक सोच र व्यवहारको परिवर्तनको गति सुस्त छ भन्ने देखाउँछन् । पुरातन पितृसत्तात्मक सोचअनुरुप सामाजिक-सांस्कृतिक संहिताको व्यापक अभ्यासमा नेपाली समाज अझैपनि अभ्यस्त छ । सोहीअनुरुपका ऐन कानुनी प्रावधानहरू बनाइ पालना गरिएका छन् ।

त्यस्ता ऐन कानूनहरूको निर्माणले पितृसत्तालाई पारिवारिक संरचनाबाट राज्य संरचनामा विस्तार गर्यो । जसलाई नारीवादी सेरा तामाङले 'पारिवारिक पितृसत्ता' 'राज्य पितृसत्ता'मा सर्यो भनेकी छिन् ।[५] त्यस हिसाबले सैद्धान्तिक, नैतिक, मौखिक र कानूनी तवरमा महिला हिंसा 'गलत' हो भन्ने अर्थ राख्छ । यथार्थमा भने लामो समयदेखिको पितृसत्तात्मक सोच र व्यवहारमा अभ्यस्त समाजको दैनिक क्रियाकलापमा त्यो 'गलत' व्यवहार नै हावी हुनपुग्छ । हरेक समुदाय र समाजको लैंगिक शक्ति सम्बन्धभित्र 'गलत' कार्यमार्फत महिलालाई अधिनमा राख्ने अभ्यासले नै प्रश्रय पाएको छ । निजी वा सार्वजनिक स्थलमा होस् महिलामाथि दुर्व्यवहार, भेदभाव र हिंसा हुनुलाई महिलाकै दोष भएको र त्यो महिलाकै मात्र मुद्दाको रुपमा हेरिनु, पीडितलाई भन्दा आरोपित सहज समाज कायम रहीहरनु त्यही सोचअन्तर्गतको व्यवहार हो । 'लैंगिकता र न्यायधीस'बारेकै अध्ययन प्रतिवेदनमा उल्लेख छ । महिलामाथि हुने हिंसामा महिला आफै भागीदार छन् भन्ने कुरामा ६६ प्रतिशत न्यायधीशहरूले विश्वास गर्छन् । 'भड्किलो पहिरन' महिला र यौन हिंसा निम्त्याउने कारण हुन्छ भन्ठान्ने ६९ प्रतिशत न्यायधीश छन् ।[६] महिला हिंसामा महिलाकै चरित्र, पवित्रता र समग्रमा यौनिकतालाई केन्द्र बनाएर उनैलाई 'कलंकित' गर्ने प्रचलन पितृसत्ताद्वारा निर्मित र निर्देशित छ । यस्तो अवस्थामा अपराध हुनै नदिने, महिलामाथि हुने हिंसा रोकथाम गर्ने, क्षतिपूर्ति, पुनस्थापना तथा संरक्षणको दायित्व निर्वाह गर्न अनिच्छुकता वा असमर्थताको कारक पनि महिला नै हुन् भन्ने भ्रम सिर्जना गरिन्छ ।

[४]सन् २००० मा प्रकाशित नारायण बेल्वासे र सुचेत प्याकुरेलको 'A Study on Gender and Judges' बाट ।
[५]सन् २००२ मा प्रकाशित 'State of Nepal' नामक पुस्तकमा समेटिएको तामाङको The Politics of 'Developing Nepali Women' शीर्षकको लेखबाट ।
[६]सन् २००० मा प्रकाशित नारायण बेल्वासे र सुचेत प्याकुरेलको 'A Study on Gender and Judges' बाट ।

त्यस्तै, संरचनागत कमजोरी ढाकछोप गर्न संवैधानिक र मौजुदा कानूनले दिएको अधिकारको उपभोग गर्न महिलाहरू असक्षम छन् भन्ने आक्षेप बोक्न र बोकाउन पनि महिलाहरूलाई नै बाध्य पारिइन्छन् । शताब्दिऔँ पुरानो पितृसत्तात्मक सोच र लैंगिक रुपमा विभेदकारी मूल्य/मान्यता र व्यवहारमा चलेको मुलुकमा महिलासँग भएको जानकारी र ज्ञानले मात्रै हक-अधिकारको दाबी गर्न र तिनको उपभोग गर्न काफी हुँदैन । महिला विरुद्धको हिंसामा सामाजिक एवं कानूनी न्यायको बोध गर्न र गराउनको लागि पीडित अनुकूल वातावरण सिर्जना गर्नु पनि उत्तिकै आवश्यक छ । महिलाको आफ्नो शरिरमा आफ्नै अधिकार स्थापित गर्दै लैंगिक विभेद, हिंसा र शोषणसँग लड्ने स्रोत/साधन/ज्ञान र एकताभन्दा संरचनागत र संस्थागत अवरोधहरू बलिया छन् । जसले महिला हिंसाविरुद्धको वृहत संघर्षको निरन्तरता, अपरिहार्यता र उपदेयताको माग गर्छन् । मूलतः न्यायिक समाज र राष्ट्र निर्माणका अवयवहरू, दिगो विकास, स्थायी एवं वास्तविक शान्ति, लैंगिक समानताका आधारतत्वहरू सुदृढ र सवल हुनु जरुरी छ । यी अवयवहरू सवल हुनको लागि लैंगिकतामा आधारित विभेद, असमानता, हिंसा र शोषणको अन्त्य गरिनु अत्यावश्यक छ ।

महिलामाथि हुने हिंसा रोकथाम गर्न सम्पूर्ण महिला तथा मानव अधिकारका लागि क्रियाशील व्यक्ति, नागरिक समाज, राजनीतिक एवं सामाजिक संघसंगठन र समुदायगत आवाजहरूको सहकार्य र साझेदारीताको खाँचो छ । हिंसा रोकथामको लागि हिंसाका यथार्थ वस्तुस्थितिको मापन आधारभूत अनिवार्य शर्त हो । हिंसाका वास्तविक तथ्य तथ्याङ्कको अनुपलब्धताले महिला अधिकारकर्मीहरूका निमित्त मात्रै हैन राज्य, सरकार र राजनीतिक दलहरूको नीति निर्माण, योजना तर्जुमा, तिनको कार्यान्वयन र लक्षित कार्यक्रमहरू सञ्चालन गर्नमा अप्ठ्यारो पार्दै आएको छ । हिंसाका यथार्थ वस्तुस्थितिको मापन गर्ने आधारभूत तथ्य तथ्याङ्क निर्माण गर्नु महिला हिंसा रोकथाम कार्यलाई अघि बढाउनु हो भन्ने । त्यसैले ओरेक नेपालले महिला हिंसाका घटनाकेन्द्री तथ्याङ्क संकलन कार्यलाई नियमित र निरन्तर गर्दै आइरहेको छ ।

१.२ अन्वेषीः महिलामाथि हुने हिंसाको यथार्थ

अन्वेषी नेपालका महिलामाथि वर्षभरि भएका हिंसाका घटनाहरू संकलित, अंकित एवं विश्लेषणसहितको एक महत्वपूर्ण वर्ष पुस्तक हो । सर्भेक्षणमा आधारित यो पुस्तक ओरेक नेपालले सन् २००८ बाट वर्षेनी प्रकाशन गर्दै आइरहेको छ । महिलामाथि हुने हिंसाका घटनाहरूको नक्साङ्कन गर्ने, सरोकारवाला एवं सम्बन्धित जिम्मेवार निकायसमक्ष महिला हिंसाका वास्तविकता प्रस्तुत गरी आवश्यक कदम चाल्न दबाब सृजना गर्ने उद्देश्यले अन्वेषी प्रकाशन, वितरण एवं

प्रचारप्रसार कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिँदै आइएको छ। अन्वेषीले विभिन्न भू-भागमा बसोबास गर्ने भिन्न-भिन्न सामाजिक समूह र समुदायका महिलाहरूमाथि भइरहेको हिंसा, तिनको स्वरुप र त्यसका प्रभावहरूबारे जानकारी दिन्छ।

महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रुपमा बाहिर आउन सकेका छैनन्। नेपालको न्याय प्रणालीले पीडितहरूलाई पूर्णतः न्याय दिन्छ भन्ने कुराको विश्वासनियता आर्जन गरिसकेको छैन। त्यसैले पनि धेरै पीडितहरू न्यायिक प्रक्रियामा जान हिच्किचाउने गरेका छन्। हिंसाबाट मुक्त हुनको लागि पीडित पुग्ने पहिलो थलो न्यायिक निकाय हुन सकेको छैन। हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसको अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आइरहेको छ। ओरेक नेपाल र अन्वेषीले सोही भूमिकाको निरन्तरता यसपाली पनि कायम राखेको छ। पुस्तकमा प्रस्तुत हिंसाका तथ्य-तथ्याङ्कहरूले हाम्रो जटिल सामाजिक संरचनाभित्रका सबै पाटाहरू केलाउने पर्याप्त आधार नदिएपनि महिला हिंसाका मूल स्वरुप, प्रवृत्ति र त्यसको प्रभावहरूबारे एक तहको सूचना प्रवाह गर्न सक्षम छ भन्नेमा ओरेक नेपाल विश्वस्त छ। साथै महिला हिंसा रोकथाम र समाधानका निमित्त चालिनुपर्ने कदमहरू पहिल्याउनको लागि अन्वेषी एक उपयोगी दस्तावेज हुनेछ भन्ने अपेक्षा राख्दछ।

१.३ घटना संकलन अवधि र क्षेत्र

पुस्तकमा समावेश गरिएका तथ्याङ्क श्रावण २०७५ देखि असार २०७६ सम्मको समय अवधिमा संकलन गरिएको हो। यसभित्र महिलामाथि भएका १ हजार ३ सय १९ वटा हिंसाका घटनाहरू समाविष्ट छन्। पुस्तकमा तथ्याङ्कहरूको विश्लेषणसमेत प्रस्तुत गरिएको छ। ओरेक नेपालले संकलन गरेको ताजा तथ्याङ्कको अलावा यसभित्र विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित घटनाहरू समेतलाई समेटिएको छ। राष्ट्रिय स्तरमा प्रकाशित पत्रपत्रिकाहरूबाट जम्मा ५ सय ९० वटा घटनाहरू संकलन गरिएको छ।

१.४ अध्ययनको सीमा

यो सर्भेक्षण मूलतः ओरेक नेपाल र महिला मानवअधिकार रक्षक सञ्जालको कार्यक्षेत्र, पहुँच र जानकारीमा आधारित रहेको छ। विभिन्न जिल्लाहरूमा समुदायस्तरमा कार्यरत महिला मानवअधिकार रक्षकहरूको अभिलेखीकरण, स्थलगत अनुसन्धान, संस्थाले उपलब्ध गराएको

सुरक्षित आवास, कानूनी परामर्श तथा सहयोग, स्वास्थ्योपचार लगायतका सेवाहरूमार्फत् तथ्याङ्क संकलन गरिएको छ। थप विस्तृत तथ्याङ्कका लागि राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित घटनालाई पनि समावेश गरिएको छ। पुस्तकमा नेपालका ७ वटै प्रदेशमा भएका महिला हिंसाका घटनाहरू समेट्ने प्रयत्न गरिएको भएपनि यसले समग्र नेपालका महिलाहरूमाथि भएको हिंसाको तथ्य र प्रवृत्तिलाई समेट्न सक्दैन। यद्यपि नेपालका महिलामाथि हुने हिंसाको अवस्था, स्तर र स्वरुपको वास्तविक चित्रण भने गर्दछ।

यहाँ प्रस्तुत तथ्याङ्कले नेपालका हरेक समुदाय र समूहका महिलामाथि हिंसा हुने तथ्य उजागर गरेको छ। साथै त्यस्ता हिंसा हुनुको कारक तत्वहरू समुदाय र समूहहरूको बसोबासको क्षेत्र, सामाजिक-सांस्कृतिक प्रचलन र मूल्य-मान्यता, लैंगिक सम्बन्ध, आर्थिक, शैक्षिक, राजनीतिक स्तर आदिद्वारा निर्धारित हुन्छन् भन्ने कुरासँग पनि ओरेक नेपाल सहमत छ। यद्यपि सीमित स्रोत, साधन र प्राविधिक कारणवस ती पक्षहरूको विश्लेषण गर्ने सकिनेसम्मको अवस्था सृजना गर्न असमर्थ छौँ। यद्यपि आगामी सर्भेक्षणको क्रममा यी पक्षहरूसमेतलाई समेटेर लानु आवश्यक रहेको कुरामा हामी सहमत छौँ। जसले गर्दा महिला माथि हुने हिंसाका घटनाहरूको अनेक आयामहरूसमेत बाहिर ल्याउन सकिनेछ भन्ने विश्वास लिएका छौँ।

१.५ अध्ययन विधि

यो मूलतः ओरेक नेपालको स्रोत-साधन र जनशक्तिद्वारा सम्पन्न एक सर्भेक्षण हो। सूचना संकलनको लागि 'लैंगिक विभेदमा आधारित महिला हिंसा घटना संकलन फारम'को प्रयोग गरिएको छ।

सूचना सङ्कलनमा एकरुपता

घटना अभिलेखीकरणमा एकरुपताका लागि लैंगिक विभेदमा आधारित महिला हिंसा घटना संकलन फारमको आधारमा सूचनाहरू संकलन गर्ने गरिएको छ। फारममा महिला हिंसासम्बन्धी घटनाको जानकारी, हिंसाका असरहरूलाई संख्यात्मक र विवरणात्मक फर्म्याटमा संकलन गरिएको हो। सबै महिलाहरूका लागि सोही फारमको प्रयोग गरिएको भएपनि सूचना संकलनको बखत आएका थप सूचनाहरूलाई समेत आवश्यकतानुसार समावेश गरिएको छ। त्यसो भएपनि संकलित सूचनाहरूको एकरुपता कायम राखिएको छ।

सूचना सङ्कलन

ओरेक नेपालले तयार पारेको लैंगिक विभेदमा आधारित महिला हिंसा घटना संकलन फारमको प्रयोगद्वारा संकलित सूचनाहरू ओरेक नेपाल र महिला मानवअधिकार रक्षक सञ्जालका दक्ष जनशक्तिबाट अभिलेखीकरण गरिएको छ। संकलित सूचनाहरू पीडित स्वयं तथा घटना बाहिर ल्याउन सहयोग गर्ने पीडितको परिवारका सदस्यहरूबाट लिइएको हो। ओरेक नेपालको विभिन्न शाखाहरूले सम्बन्धित क्षेत्रको तथ्याङ्कहरू संकलन गरेपश्चात काठमाडौँस्थित केन्द्रीय कार्यलयमा ती सबैतिरका तथ्याङ्कहरूलाई एकीकृत गरिन्छ।

तथ्याङ्क प्रशोधन र विश्लेषण

अभिलेख गरिएका घटनाहरूको गोपनीयता कायम राख्दै प्रत्येक घटनाहरूको कोड नम्बर राखी एसपीएसएस (SPSS) नामक सफ्टवेयरको ११.५ भर्सनमा तथ्याङ्कहरूलाई संगठित, एकीकृत र व्यवस्थित गरियो। उक्त सफ्टवेयरकै आधारमा व्यवस्थित र एकीकृत घटना/तथ्याङ्कहरूको विश्लेषण गरि यो पुस्तक तयार पारिइएको हो।

आचारसंहिताको पालना

महिला हिंसाका घटना आफैमा ज्यादै संवेदनशील प्रकृतिका हुने गर्छन्। यस्ता घटना सार्वजनिक र संकलन कार्य दुबै नै पीडितको हकमा निकै जोखिमयुक्त र प्रतिकूल पनि हुने गर्छ। त्यही संवेदनशील तथ्यलाई मध्यनजर राख्दै सूचना संकलनको क्रममा निम्न नैतिक जिम्मेवारीको निर्वाह गरिएको थियो: :

- घटना अभिलेख गर्नुपूर्व सूचनादाता/प्रभावित वा प्रभावितको तर्फबाट जानकारी दिने पूर्ण जानकार व्यक्तिलाई संकलन गरिदै गरेको सूचनाको गोपनीयता कायम राखिने, सूचना संकलनको उदेश्य र उपादेयताबारेमा जानकारी प्रदान गरिइएको थियो।
- सूचनादाताको मौखिक सहमति र स्वीकृति अनिवार्य रुपमा लिइएको थियो। नावालकको हकमा अभिभावक वा परिवारका निकटतम हकवाला वयस्क सदस्य वा नातेदारबाट अनुमति लिइएको थियो।
- प्रभावितलाई प्रतिकूल असर पार्ने वा कुनै पनि हानी नोक्सानी गर्ने गरी संकलित सूचनाको प्रयोग नगरिने कुरा स्पष्टसँग बताइएको थियो। साथै प्राप्त सूचनालाई महिला हिंसाविरुद्धको पैरवीका लागि विश्लेषण गरि प्रयोग गरिने जानकारी दिइएको थियो।

- सूचना संकलन र अभिलेख राख्ने क्रममा प्रभावितलाई असर पर्ने खालका कुनैपनि भाषा र व्यवहारहरूको प्रदर्शन गरिएको थिएन ।
- तालिम प्राप्त अभिलेखनकर्ताहरूमार्फत् सूचना संकलन तथा अभिलेखीकरण गरिएको थियो । साथै प्रभावितद्वारा सूचना प्राप्त गर्नको लागि व्यक्तिगत लाभ हुनेगरी कुनै पनि वस्तु वा सहयोग प्रदान गरिएको थिएन । तर, प्रभावितहरूको जोखिम तथा नाजुक मनोसामाजिक अवस्थाको आधरमा अभिलेखनकर्ताको सिफारिसबमोजिम मनोसामाजिक परामर्श र सुरक्षित आवास गृहको व्यवस्था भने गरिएको थियो । त्यस्ता प्रभावितहरूसँग मनोसामाजिक सुरक्षित आवास गृहमा मनोसामाजिक परामर्श सेवा प्रदान गरेपश्चात सूचना लिइएको थियो ।
- घटना अभिलेखीकरणको सम्पूर्ण प्रकियामा गोपनीयताको पुर्णतय पालना गरिएको थियो ।

परिच्छेद २

२.१ कार्यगत परिभाषा

महिलामाथि हुने गरेका हिंसाका स्वरूपहरू बहुआयामिक छन् । महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय कानूनहरू एवं महिला हिंसाविरुद्धका तथा मानवअधिकार सम्बन्धी घोषणापत्रहरूमा आधारित हुँदै यो अध्ययनमा हिंसाका स्वरूपलाई ७ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

क) हिंसाका प्रकार

घरेलु हिंसा

घरभित्र परिवारका एक सदस्यबाट अन्य सदस्यमाथि भएका हिंसाका घटनालाई घरेलु हिंसाभित्र समावेश गरिएको छ । श्रीमान् तथा परिवारका अन्य सदस्यहरूबाट भएका कुटपिट, बहुविवाह गरी स्रोत-साधनबाट वञ्चित गरिएका, घरनिकाला, गालीगलौज, भावनात्मक चोट पुऱ्याउने कार्य तथा विभिन्न डर, त्रास देखाई गरिने मानसिक हिंसाका घटनाहरूलाई समावेश गरिएको छ ।

सामाजिक हिंसा

समाजका व्यक्तिहरूबाट भएका हिंसाका घटनाहरूलाई सामाजिक हिंसाभित्र समावेश गरिएको छ । सामाजिक हिंसाभित्र विशेषगरी बोक्सीको आरोपमा महिलामाथि भएका हिंसाका घटनाहरू, छुवाछूत, बालविवाह, दाइजोका कारणले भएका हिंसाहरू, महिलामाथि समाजका व्यक्तिहरूबाट सामाजिक र मानसिक असर पारेका घटनाहरूलाई समावेश गरिएको छ ।

यौनिक हिंसा

महिलाको इच्छा विपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अंगहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, जिस्काउने, अश्लील चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता घटनाहरूलाई यस प्रतिवेदनमा यौनिक हिंसाभित्र राखिएका छन् ।

बलात्कार

बलात्कार, सामूहिक बलात्कार र बलात्कारको प्रयासलाई बलात्कारको परिभाषाभित्र समावेश गरिएको छ । यसमा महिलालाई ललाइफकाइ वा जबरजस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई समावेश गरिएका छन् ।

मानव बेचबिखन/ओसारपसार

दासता, बाध्यात्मक श्रम (बँधुवा मजदूरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रमलगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्तिरपदको दुरुपयोग गरी काममा लगाउनु र ओसारपसार गर्नु र एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरुद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचबिखन हो । बेचबिखन र ओसारपसार तथा बेचबिखन र ओसारपसारको प्रयास भएका घटनाहरूलाई यसमा समावेश गरिएको छ ।

हत्या

हत्याभित्र महिलालाई मनसायपूर्वक विभिन्न तवरबाट मारिएका तथा मार्ने प्रयास गरिएका घटनाहरूलाई समेटिएको छ ।

आत्महत्या

महिलामाथि हुने विभेदका तथा उनीहरुमाथि भएको चरम हिंसाका कारण महिलाहरु मानसिक रुपमा विक्षिप्त भइ आत्महत्या गर्न बाध्य हुने अवस्था समेत हामीकहाँ छ। हिंसाको कारण पीडितका परिवारले आत्महत्या गरेको घटनाहरूलाई पनि यसमा समावेश गरिएको छ ।

अन्य

अपहरण/वेपत्ता, अनलाईनमा भएका लैंगिक विभेदमा आधारित हिंसाका घटनाहरूलाई यसमा राखिएको छ ।

ख) प्रभावित/पीडकको वैवाहिक स्थिति

यस अन्तर्गत विवाहित, अविवाहित, एकल, विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका, कानूनी एवं सामाजिक रीतिरिवाजअनुसार विवाह नगरेका तर विवाहित जोडी सरह सँगै बसेका र पारपाचुकेलाई समेटिएको छ ।

ग) प्रभावित/पीडकका समूहहरु

यिनलाई निम्नलिखित समूहहरूमा बाँडिएको छ –

पहाडे जनजाति : गुरुङ्ग, मगर, राई, लिम्बु, किराँत, थामी, छन्त्याल, तामाङ, शेर्पा, लामा, भोटे, नेवार, जिरेल, थकाली, राउटे, चेपाङ, कुसुन्डा, दनुवार आदि ।

तराई जनजाति : थारु, राजवंशी, ताजपुरिया, गन्गाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, झाँगड, दनुवार, किसान, कोचे आदि ।

तराई दलित : चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोबी, सरदार, चिमिदार, डोम, हल्खोर, कुसवादिया, कलर, खातिक, कोइरी आदि ।

पहाडे दलित : दमाई, कामी, सार्की, ढोली, गाइने, बादी आदि ।

तराई गैरदलित : यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनिया, कहर, धेडियार, धनिया, लोधा, हजाम, आदि ।

ब्राह्मण
क्षत्री

घ) प्रभावित/पीडकको पेशाहरु

सरकारी सेवा
गैरसरकारी सेवा
कृषि तथा पशुपालन
घरयासी काम
नीजि क्षेत्र
दैनिक ज्यालादारी
व्यापार व्यवसाय
विद्यार्थी
रोजगार खोज्दै

ङ) प्रभावितलाई परेका असरहरू

शारीरिक असर

मानसिक असर

आर्थिक असर

सामाजिक असर

च) प्रभावित/पीडकको उमेर

१६ वर्षभन्दा मुनि

१७ देखि २५ वर्षसम्म

२६ देखि ३५ वर्षसम्म

३६ देखि ४५ वर्षसम्म

४६ देखि ५५ वर्षसम्म

५६ वर्षभन्दा माथि

२.२ कार्यकारी सारांश

अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा

२.२.१. भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति

संस्थाले अभिलेख गरेका जम्मा १३१९ वटा घटनाहरूको विश्लेषण गर्दा महिलामाथि भएका हिंसाका घटनाहरू सबैभन्दा बढी प्रदेश नम्बर १ बाट अभिलेखिकरण भएको छ। प्रदेश नम्बर १ बाट ४९४ वटा हिंसाका घटना, प्रदेश नम्बर २ बाट ३९९ वटा, प्रदेश नम्बर ५ बाट २१५, प्रदेश नम्बर ७ बाट १०१ वटा, प्रदेश नम्बर ३ बाट ७६ वटा, प्रदेश नम्बर ६ बाट ३२ वटा र प्रदेश नम्बर ४ बाट २ जना महिलामाथि भएका विभिन्न प्रकारका घटना अभिलेख गरिएको छ।

२.२.२. हिंसाका प्रकारहरू

क) घरेलु हिंसा

ओरेक नेपालले यस वर्ष अभिलेख गरेको जम्मा १ हजार ३ सय १९ वटा घटनालाई विश्लेषण गर्दा सबैभन्दा बढी महिलाहरू घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ। प्राप्त तथ्याङ्कका आधारमा यस वर्ष सबैभन्दा बढी ६६.७२ प्रतिशत (८८० जना) महिलामाथि घरेलु हिंसा भएको

छ। महिलाहरूमाथि हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरू हुने गरेको तथ्य यस वर्षको तथ्याकंले पनि देखाएको छ। ९० प्रतिशत (७९० जना) महिला आफ्नै श्रीमान्बाट र १० प्रतिशत (९०) महिला घरपरिवारका सदस्यहरूबाट हिंसामा परेका छन्। यसरी घरेलु हिंसा खप्न बाध्य महिलाहरूमध्ये १७-२५ बर्ष उमेर समुहका ३९ प्रतिशत (३३९ जना) र २६ देखि ३५ वर्ष उमेर समूहका ३८ प्रतिशत (३३७ जना) रहेका छन् भने ८७ प्रतिशत (७६४ जना) साक्षर महिला घरेलु हिंसाबाट प्रभावित रहेको तथ्याङ्कले देखाएको छ।

ख) सामाजिक हिंसा

घरेलु हिंसा पछि सबैभन्दा बढी महिला माथि सामाजिक हिंसा भएको पाइएको छ। महिला माथि हुने विभिन्न प्रकृतिका हिंसा मध्ये सामाजिक हिंसा पनि एक हो। यस वर्ष संकलन गरिएको तथ्याङ्कको आधारमा हेर्दा ११.९८ प्रतिशत (१५८ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ। त्यसमा ५८ प्रतिशत (९२ जना) छिमेकीबाट, १७ प्रतिशत (२७ जना) साथीबाट, १६ प्रतिशत (२६ जना) नजिकको साथीबाट, ५ प्रतिशत (८ जना) परिवारका सदस्यबाट, ३ प्रतिशत (४ जना) सेवा प्रदायक संस्थाका व्यक्तिहरू जस्तै प्रहरी, स्वास्थ्यकर्मी आदिबाट र १ जना महिलामाथि कुनै पनि सम्बन्ध नभएको अपरिचित व्यक्तिबाट सामाजिक हिंसा भएको पाइएको छ।

ग) बलात्कार

प्राप्त तथ्याङ्कका आधारमा यस वर्ष १०.८४ प्रतिशत (१४३ जना) महिलामाथि बलात्कार र १.३६ प्रतिशत (१८ जना) महिलामाथि बलात्कारको प्रयास भएको पाइएको छ। बलात्कारका घटनाहरूमध्ये ६४ प्रतिशत (९२ जना) महिलामाथि छिमेकीबाट, १३ प्रतिशत (१८ जना) साथीबाट, १० प्रतिशत (१४ जना) महिला आफूले आत्मीय ठानेका साथीबाट, ७ प्रतिशत (१० जना) परिवारका सदस्यबाट, ३ प्रतशत (४ जना) सेवा सेवा प्रदायकबाट, २ प्रतिशत (३ जना) शिक्षकबाट र १ प्रतिशत (२ जना) अविवाहित तर संगै बसेका साथीबाट महिलाहरूमाथि बलात्कार भएको तथ्याङ्क संकलन भएको छ। प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ४८ प्रतिशत (६९ जना) बलात्कारका घटनाहरू १६ वर्षमुनिका बालिकामाथि भएको तथ्याङ्कले देखाएको छ।

घ) यौनिक हिंसा

यसवर्ष ४.७० प्रतिशत (६२ जना) महिलामाथि यौनिक हिंसा भएको पाइएको छ, जसमध्ये सबैभन्दा बढी ३७ प्रतिशत (२३ जना) यौनिक हिंसाका घटना छिमेकीबाट भएको पाइएको छ।

त्यसैगरी ३१ प्रतिशत (१९ जना) महिलाले आत्मीय साथी ठानेका व्यक्तिहरूबाट, १० प्रतिशत (६ जना) शिक्षकबाट, ६-६ प्रतिशत (४-४ जना) अविवाहित तर संगै बसेका साथीबाट र सेवा प्रदायक व्यक्तिहरुबाट साथै ५-५ प्रतिशत (३-३ जना) महिलामाथि परिवारका सदस्य र साथीबाट यौनिक हिंसा भएको पाइएको छ। घटनालाई हेर्दा साक्षर महिलाहरूमाथि ८९ प्रतिशत र १७-२५ वर्ष उमेर समूहका ३१ प्रतिशत (१९ जना) महिलामाथि यौनिक हिंसा बढी भएको पाइएको छ।

ङ) हत्या

यसवर्ष संकलन गरिएका तथ्याङ्कका आधारमा ०.७६ प्रतिशत (१० जना) महिलाको हत्या भएको छ भने ०.६१ प्रतिशत (८ जना) महिलामाथि हत्याको प्रयास भएको पाइएको छ। हत्याका घटनामध्ये ५० प्रतिशत (५ जना) परिवारका सदस्यवाट, ४० प्रतिशत (४ जना) छिमेकीबाट र १० प्रतिशत (१ जना) को हत्या भएको पाइएको छ। साक्षर ७५ प्रतिशत महिलाको हत्या भएको छ भने १७-२५ उमेर समूहका ४० प्रतिशत (४ जना) र २० प्रतिशत (२ जना) १६ बर्षभन्दा कम उमेरका बालिका र सोही प्रतिशतमा २-२ जना क्रमशः २६ देखि ३५ र ३६ बर्ष भन्दा माथि उमेर समुहका महिलाको हत्या भएको पाइएको छ।

च) बेचबिखन

०.६१ प्रतिशत (८ जना) महिला यस वर्ष बेचबिखनमा परेका तथा ०.५३ प्रतिशत (७ जना) महिलामाथि बेचबिखनको प्रयास भएको पाइएको छ। सबैभन्दा बढी ३८-३८ प्रतिशत (३-२ जना) साथी र सेवा प्रदायक व्यक्तिबाट महिला तथा बालिका बेचविखन भएको पाइएको छ। त्यसैगरी १३-१३ प्रतिशत (१-१ जना) सेवा प्रदायक र साथीबाट महिला तथा बालिका बेचबिखन भएको पाइएको छ। यी मध्ये ५० प्रतिशत साक्षर महिलाहरु बेचबिखन परेका छन्। १७ देखि २५ वर्ष उमेर समुहका ७५ प्रतिशत महिला बढी बेचबिखनको जोखिममा पर्ने गरेको पाइएको छ।

छ) आत्महत्या

यस वर्ष महिला माथि भएका चरित्रहत्या, दाइजोको कारणले दैनिक रुपमा यातना, जवरजस्ती विवाह गरी आत्महत्या गर्न बाध्य बनाइएका कारणले ०.७६ प्रतिशत (१० जना) महिलाले आत्महत्या गरेका घटना अभिलेख भएका छन्।

ज) अन्य

महिलामाथि भएका हिंसा तर थोरै संख्यामा अभिलेख भएका घटनाहरूलाई अन्य समूहमा राखी विश्लेषण गरिएको छ । यस समूहका घटनाहरूमा साइवर अपराध, महिलालाई बेपत्ता बनाइएका तथा अलपत्र बनाइएका घटना राखिएको छ । यस वर्ष ३ जना महिलालाई वेपत्ता बनाइएको तथा १२ जना महिलालाई अलपत्र बनाइएको घटना संकलन भएका छन् ।

३. उमेर समूह र महिलामाथि हुने हिंसा

प्राप्त तथ्याङ्कको आधारमा यस वर्ष सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका महिला हिंसामा परेको पाइएको छ । यस उमेर समूहका महिलाहरूले कूल हिंसा प्रभावितहरूमध्ये ३६ प्रतिशत (४७३ जना) हिंसा भएको पाइएको छ । यस्तै गरी २६-३५ वर्ष उमेर समूहमा ३२ प्रतिशत (४२६ जना), ३६-४५ वर्ष उमेर समूहमा १४ प्रतिशत (१७९ जना), १६ वर्षभन्दा कम उमेरका १२ प्रतिशत (१६३ जना), ४६-५५ वर्ष उमेर समूहका महिलामा ४ प्रतिशत (५७ जना) र ५६ वर्षभन्दा बढी उमेर समूहका महिलाहरूमा २ प्रतिशत (२१ जना) मा कुनै न कुनै प्रकारको हिंसा भएको पाइएको छ ।

४. शिक्षा र महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसा र प्रभावितको शिक्षाको स्तरलाई विश्लेषण गर्दा ८६ प्रतिशत (१,१३४ जना) साक्षर महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइयो । हिंसा प्रभावित महिलाहरूमध्ये १४ प्रतिशत निरक्षर (१८५ जना) महिला रहेको पाइयो । महिलाको साक्षरताको अवस्थालाई समेत विश्लेषण गरी हेर्दा ६४ प्रतिशत (७३२ जना) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ कक्षा) सम्म अध्ययन गरेका, ३१ प्रतिशत (३५८ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका, ४ प्रतिशत (४४ जना) स्नातक तहसम्म अध्ययन गरेका, ४ जना स्नातकोत्तर अध्ययन गरेका तथा २ जना प्राविधिक शिक्षा अध्ययन गरेका महिलामाथि हिंसा भएको पाइयो ।

५. वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा

महिलामाथि भएको हिंसा र महिलाको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा हिंसा प्रभावित महिलाहरूमा सबैभन्दा बढी ७८ प्रतिशत (१,०२९ जना) विवाहित महिलामाथि हिंसा भएको पाइएको छ । १९ प्रतिशत (२४८ जना) अविवाहित महिला, २ प्रतिशत (२२ जना) एकल महिला, १ प्रतिशत (१५ जना) विवाहित तर पारिवारिक मनमुटावका कारणले अलग बस्दै आएका, ३ जना कानूनी र सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहित सरह बस्दै आएका र २

जना पारपाचुके गरेर बसेका महिलामाथि हिंसा भएको पाइयो । महिलाहरू बढी घरेलु हिंसाबाट प्रभावित छन् र सबैभन्दा बढी महिलाहरूमाथि विवाहपछि श्रीमान्द्वारा हिंसा हुने हुँदा पनि विवाहित महिलाहरूमाथि भएको हिंसाको संख्या बढी अभिलेखीकरण भएको हुन सक्छ ।

६. पेशा र महिलामाथि हुने हिंसा

कुन पेशामा संलग्न कति महिलाहरूमाथि हिंसा भएको छ भनी यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आफ्नै घरको काममा संलग्न हुने ३९ प्रतिशत (५१७ जना) महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये २८ प्रतिशत (३६४ जना) महिला कृषि पेशामा संलग्न रहेका, १२ प्रतिशत (१६४ जना) विद्यार्थी, ११ प्रतिशत (१५० जना) महिला दैनिक ज्याला मजदूरीमा संलग्न रहेको पाइएको छ । यस्तै ५ प्रतिशत (६१ जना) व्यापार व्यवसायमा संलग्न, ३ प्रतिशत (३४ जना) गैरसरकारी क्षेत्रमा कार्यरत, १-१ प्रतिशत (१५ र १४ जना) क्रमशः सरकारी सेवा र जागिर खोज्दै गरेका महिला र ६ जना नीजि क्षेत्रमा संलग्न महिलाहरुमाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।

७. महिलामाथि हुने हिंसाका असरहरू

हिंसाका कारण महिलाहरूमाथि परेको असरलाई यस पुस्तकमा ५ समूहमा विभाजन गरी विश्लेषण गरिएको छ । महिलाहरूमाथि कुनै पनि प्रकारको हिंसा हुँदा सबैभन्दा बढी ५१ प्रतिशत (६७० जना) हिंसाको कारण शारीरिक असर परेको पाइयो । २७ प्रतिशत (३५७ जना) महिलालाई मानसिक असर, २ प्रतिशत (२९ जन) आर्थिक असर परेको, १ प्रतिशत (१४ जना) महिलालाई सामाजिक असर परेको पाइएको छ भने १९ प्रतिशत (२४९ जना) महिलामाथि हिंसाको कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ ।

८. जातीयताका आधारमा महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसाका विभिन्न प्रकारहरू र महिलाको जातीयताका आधारमा विश्लेषण गर्दा यस वर्ष सबैभन्दा बढी तराई आदिवासी जनजाति महिलाहरूमाथि हिंसा भएको पाइएको छ । हिंसा प्रभावित कूल महिलामध्ये प्रतिशत २४ प्रतिशत (३११ जना) तराई आदिवासी जनजाति, २० प्रतिशत (२६६ जना) पहाडेब्राह्मण/क्षेत्री, १५ प्रतिशत (१९५ जना) पहाडे आदिवासी जनजाति, ११-११ प्रतिशत (१५० र १४२जना) क्रमशः तराई दलित र तराई गैरदलित, ९ प्रतिशत (११९ जना) ब्राह्मण/क्षेत्री तराई, ६ प्रतिशत (८५ जना) पहाडे दलित, ३ प्रतिशत मुश्लिम (४२ जना) र १ प्रतिशत (९ जना) महिलाहरूमाथि हिंसा भएको तथ्याङ्क संकलन भएको छ ।

९. पीडक र प्रभावितको सम्बन्ध

महिलाको पीडकसँग रहेको सम्बन्धको आधारमा विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी हिंसा गर्ने ८०८ (६१ प्रतिशत) श्रीमान् रहेको पाइयो । त्यसैगरी १७ प्रतिशत (२२३ जना) महिला आफ्नै छिमेकीबाट, १० प्रतिशत (१२७ जना) महिला परिवारका सदस्यवाट, ४ प्रतिशत (७५ जना) महिला आफूले आत्मीय ठानेका व्यक्तिहरूबाट, ४ प्रतिशत (७३ जना) अपरिचित व्यक्तिहरूबाट र ४-४ प्रतिशत (५९ र ५५ जना) क्रमशः प्रेमी र आफ्नै साथीबाट महिलाहरू हिंसा प्रभावित भएको पाइएको छ । यसैगरी १-१ प्रतिशत (१५, १०, १५ जना) क्रमशः सेवा प्रदायक जस्तै प्रहरी, स्वास्थ्यकर्मीहरु, मुख्य हेरचाहकर्ताका रुपमा रहेका व्यक्ति, शिक्षक तथा अन्य कुनै सम्बन्ध नभएका व्यक्तिहरुबाट महिलामाथि हिंसा भएको पाइएको छ ।

परिच्छेद ३

३.१ महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयास तथा प्रावधानहरु

महिलामाथि हुने हिंसामा "शून्य सहनशीलता"को रणनीति अवलम्बन गरिनुपर्नेतर्फ महिला तथा मानव अधिकारकर्मीहरूको पनि जोड रहँदै आएको छ। शून्य सहनशीलता एक त्यस्तो पद्धति हो, जसअन्तर्गत कुनैपनि खालको दबाब वा प्रभावमुक्त भएर अपराधीलाई कानूनी दायरामा ल्याउने गरिन्छ। सन् १९७३ मा अमेरिकाको न्यूजर्सी राज्यमा विकास गरिएको 'शून्य सहनशीलताको" अवधारणाले उक्त राज्यमा अपराध नियन्त्रण र न्यूनीकरणमा प्रभावकारिता ल्याएको थियो। नेपालमा पनि महिला हिंसा अन्त्यका लागि यो उत्तिकै आवश्यक अवधारणा हुनसक्ने अपेक्षाका साथ महिला हिंसामा शून्य सहनशीलताको सिद्धान्त अवलम्बन गर्नुपर्ने कुरा उठ्न थालेको हो।

महिला माथि हुने हिंसा नेपालको महिलाकेन्द्री नागरिक समाज तथा गैरसरकारी संघसंस्थाहरूको एक प्रमुख र साझा मुद्दा रहँदै आएको छ। नेपालको संविधान, २०७२ मा "कुनैपनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने" उल्लेख छ।अक्षरस संविधानमा लेखिएको यो हरफअनुरुपका कामकारवाही हुनका लागि नेपालमा लामो समयदेखि महिलामाथि हुने हिंसा अन्त्यका लागि संयुक्त तथा बेग्लाबेग्लै तवरमा अनेक प्रयत्नहरू हुँदै आइरहेका छन्। सामाजिक र कानूनी पाटाबाट संयुक्त रुपमा हुँदै आएका वा आ-आफ्नै तरिकाले गरिँदै आइएका यस्ता प्रयत्नहरूको परिणाम अपेक्षाकृत नभएपनि उल्खेनीय भने पक्कै छन्। महिला हिंसा अन्त्यका लागि उस्तै प्रकृति र स्वरुपका कार्यक्रमहरू एकभन्दा बढी संघसंस्था एवं समूहहरूले देशभर नै सञ्चालन गर्दै आइरहेका छन्। तैपनि समाजमा महिलामाथि हुने हिंसाको अनुपातमा ती कार्यक्रमहरू अपुग, अधुरा र सीमित छन्। त्यसैले पनि त्यस्ता कार्यक्रमहरू निरन्तर गरिदै आइएका छन्। यद्यपि महिलामाथि हुने अनेक हिंसाका नयाँ-नयाँ शैली, प्रकृति र स्वरुपहरू अनुरुप त्यस्ताका कार्यक्रमहरूको व्यापकता र परिमार्जित स्वरुपको आवश्यकता बढ्दै रहेको देखिन्छ।

पहिले महिलामाथि हुने हिंसामा अन्त्यको लागि गरिएको सामाजिक प्रयत्नको कुरा गरौँ। लैंगिक समानता, महिला सशक्तिकरण, बेचविखन, विविध प्रकृति र समूह एवं समुदायका महिला अधिकार,

बालअधिकार, यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकार आदि सबै अधिकार प्राप्तिका संघर्ष तथा अभियानहरू नेपालका विविध महिला तथा बालिकाहरू माथि हुने हिंसा अन्त्यका लागि सामाजिक रुपमा गरिएका प्रयत्नहरू नै हुन् । विभिन्न राष्ट्रिय, जिल्ला, सदरमुकामदेखि स्थानीय स्तरहरूसम्म गैरसरकारी संघसंस्थाहरूले यस्ता प्रयत्नहरू लैङ्गिक पैरवी, सशक्तिकरण, अध्ययन अनुसन्धान, सञ्चारको परिचालनमार्फत् गर्दै आइरहेका छन् । समग्रमा भन्नुपर्दा महिला हकअधिकारका निमित्त सामाजिक क्षेत्रबाट गरिँदै आइएका प्रायजसो क्रियाकलापहरू महिला हिंसा अन्त्यको सेरोफेरोमै सञ्चालित छन् । महिलाको निजी जीवनदेखि सार्वजनिक वा व्यवसायिक जीवन र घरभित्रदेखि सार्वजनिक स्थलमा महिलामाथि हुने जुनसुकै प्रकारको हिंसाकै विरुद्धमा ती कार्यक्रम, अभियान र पैरवीहरू केन्द्रित छन् ।

घर, जसलाई सबैभन्दा सुरक्षित स्थल भन्ने गरिन्छ । महिलाहरूको लागि त्यही सुरक्षित स्थलमा बढी हिंसा हुने गरेको तथ्यांकहरूले देखाइसकेको छ । ओरेक नेपालले नै वर्षेनी संकलन गर्दै आएको तथ्यरतथ्यांकहरूले महिलाहरूका लागि घर रआफ्ना भनिएका व्यक्तिहरू, जसलाई रक्षक वा संरक्षकको दर्जा दिइएको छ, उसैबाट बढी हिंसा र शोषण हुने गरेको पुष्टि गरिसकेका छन् । त्यसबाहेक सार्वजनिक वा व्यवासयिक स्थलहरूमा महिलामाथि हुने हिंसाको एक अर्को वृहत स्वरुप छँदैछ ।त्यस्तोमा पीडित/प्रभावितको प्रतिकुल रहने सामाजिक मूल्य, मान्यता, रुढीवादी पूरातन साँच र मानसिकता, पीडक वा आरोपितलाई राजनीतिक, सामाजिक, पारिवारिक संरक्षणको प्रचलन, प्रभावितलाई दोष र लाञ्छना थुपार्ने प्रवृत्ति, प्रभावित मात्रै नभएर पीडितको घर परिवार, साथीसँगी र सहयोगीहरू समेतलाई प्रभावित पारेर पीडितलाई एक्ल्याउने र विक्षिप्त तुल्याउने परिपाटी एकातिर छ । अर्कोतिर उक्त घटनासँग लडेरअघि बढ्ने महिलाका लागि समेत विश्वासनीय, सुरक्षित र दह्रो सहयोगी संयन्त्र र थलोको उत्तिकै अभाव छ । यस्तो घटनाहरू नै बाहिर ल्याउन र पीडित/प्रभावितलाई न्याय पाउन ज्यादै कठिन बनेको छ । त्यसैले पनि महिलामाथि दैनिक हुने हिंसाकै घटनाहरूको दस्तावेजीकरण र तिनलाई सतहमा ल्याएर सबैको ध्यानाकर्षण गराउने र न्याय प्राप्तिको लागि ऐक्यबद्धता जुटाउने काममा अहिले धेरै जनशक्ति र स्रोत परिचालन भइरहेको देखिन्छ ।समाजमा महिला हिंसाविरुद्धको सरोकार र सचेतनामा क्रमिक रुपमा वृद्धि हुँदै आएको छ । विभिन्न सार्वजनिक तथा नीजि क्षेत्र र अनलाइनहरूमा हुने यस्तो हिंसाको व्यापकता र यसका अनेक स्वरुपहरूबारे नयाँ तथ्यहरू बाहिर आउने क्रम बढेको छ ।यस्तो हिंसाका घटनाहरू विभिन्न सञ्चारका माध्यमहरूमा दिनहुँ समाचारको रुपमा आउने गरेका छन् । त्यस्ता घटनाहरूले देखाउँछन् पुरुषविरुद्ध वा पुरुषमाथि हुने हिंसाभन्दा महिलामाथि

हुने हिंसा ज्यादै खतरनाक र गम्भीर खालका हुने गरेका छन् । त्यस्ता हिंसाका घटनाहरू अनेक सामाजिक, सांस्कृतिक परिपाटीमा अन्तरनिहित विभिन्न कारणहरूले गर्दा हुने गर्दछन् भन्ने कुरापनि स्पष्ट भएको छ ।

ओरेक नेपालले २०७४ मा १,१५० जना महिलाहरू र गत वर्ष अर्थात् २०७५ सालमा १,७४१ जना महिलाहरू विभिन्न प्रकारका हिंसाबाट प्रभावित भएको दस्तावेजीकरण गरेको थियो । उक्त तथ्यांकमा सबैभन्दा बढी महिलाहरू घरेलु हिंसाबाट प्रभावित थिए । त्यसपछि क्रमशः सामाजिक हिंसा, बलात्कार, यौनिक हिंसा, बेचबिखन, हत्या, आत्महत्या र अनलाइन हिंसा रहेका छन् । यस्तो हिंसा हरेक उमेर समूहका, हरेक पेशामा संलग्न, हरेक जात जातिका र हरेक क्षेत्रमा बसोबास गर्ने महिलाहरूमाथि हुने गरेको छ ।साथै पुरुषको दाँजोमा महिलामाथि अत्याधित हिंसा हुने गरेको तथ्य पनि सबैतिरबाट सार्वजनिक हुने गरेको छ । यस वर्ष पनि १३१९ जना महिलाहरू विभिन्न किसिमका हिंसाहरूमा परेको अभिलेखीकरण गरिएको छ । नेपालमा महिलामाथि हुने गरेको हिंसाको अनुपातमा यो एकदमै सानो तथ्यांक हो । तर यसले स्पष्ट पार्छ कि महिलाहरू हिंसामुक्त हुने थलो समाजमा बन्न बाँकी छ ।

विभिन्न सामाजिक प्रयत्नहरूबाट कम्तीमा महिलाहरू आफ्नै घरदेखि काम गर्ने थलोहरूमा समेत आसपासकै व्यक्तिहरूबाट हिंसाको उच्च जोखिममा रहेको कुरालाई केही हदसम्म स्वीकार्य बनाउन सकिएको मान्न सकिन्छ । नत्र महिलाहरू महिला भएकै कारणले एक हैन अनेक तहको विभेद र शोषणमा छन् भनिएपनि उनीहरूमाथि हुने हिंसा सार्वजनिक चासोको विषय बनेको थिएन । न त सामाजिक, न त कानूनी दायराभित्र त्यसलाई ल्याउनुपर्ने भन्ने खालको बहसहरू नै गर्ने गरिन्थे । संरचनागत तवरमै निश्चित सीमा र परिधिभित्र निर्धारण गरिएका भूमिका र जिम्मेवारीहरूभित्रै रुमलिन बाध्य पारिइएका महिलाहरूमाथि हुने हिंसात्मक व्यवहारहरू 'सामान्य' हुन् भन्ने मान्यतामा परिवर्तन हुँदै गएको छ । जुन महिला हिंसा विरुद्धका अभियान, क्रियाकलाप र ऐन, कानूनहरूमार्फत् प्राप्त गरिदै ल्याइएको उपलब्धी हो । तैपनि महिलामाथि हुने हिंसामा "शून्य सहनशीलता"को नीति अपनाएर निर्धक्कसँग अघि बढ्नेसम्मको समाज निर्माण हुन अझै धेरै संघर्ष गर्नुपर्ने देखिन्छ ।

अब महिला हिंसा अन्त्यका लागि निर्मित संवैधानिक, कानूनी व्यवस्था तथा प्रावधानहरूबारे चर्चा गरौं । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि सामाजिक न्याय सुनिश्चित गर्न; समानुपातिक समावेशी

र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको छ। साथै महिलामाथि हुने हिंसालाई दण्डनीय बनाएको छ। सोही अनुरुप महिलामाथि हुने विभिन्न प्रकारका हिंसासम्बन्धी केही महत्वपूर्ण ऐन कानूनहरू समेत बनेका छन्।

नयाँ संरचनाअन्तर्गत महिलाहरूका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिकलगायतका सवालहरू सम्बोधन गर्नको लागि संघ, प्रदेश र स्थानीय तहहरूमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सामाजिक विकास मन्त्रालय र सामाजिक विकास शाखा स्थापना गरिएका छन्। महिलाका समस्याहरू सुन्न सुनाउनको लागि संवैधानिक निकायको रुपमा राष्ट्रिय महिला आयोग स्थापित छ। स्थानीय, प्रदेश र संघमा निर्वाचित महिला प्रतिनिधिहरू पनि महिलामाथि हुने हिंसा अन्त्यको लागि सक्रिय एवं प्रतिबद्धछन्। उदाहरणको लागि २२ जना महिला सांसदहरूले २०७५ असार २१ गते दर्ता गरेको 'सबैखाले महिला हिंसा र बलात्कारविरुद्ध संकल्प प्रस्ताव' प्रतिनिधिसभाले भदौमा पारित गऱ्यो। विभेदकारी प्रावधानहरू हटाउनलाई कानूनहरू संशोधनको क्रम जारी छ।

त्यस्तै, संविधानको धारा १२७ (२) मा स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकताअनुसार अन्य निकाय गठन गर्न सक्ने व्यवस्था गरेअनुरुप न्यायिक समितिको गठन गरिएको छ। न्यायिक समितिले स्थानीय स्तरमा हुने विवादहरू खासगरी देवानी प्रकृतिका मुद्दाहरूका साथमा महिला हिंसाका विषयहरू निरुपण गर्ने संवैधानिक अधिकार पाएको छ। स्थानीय प्रशासन ऐनअनुसार १३ किसिमका विवादित मुद्दाहरू न्यायिक समितिले हेर्ने र १२ थरीका विवादहरू समाधान गर्ने अधिकार पाएको छ। स्थानीय तह प्रमुख वा उप-प्रमुखमध्ये एक महिला हुनुपर्ने प्रावधानले उपप्रमुखमा महिलाहरू निर्वाचित भएका छन्। त्यस हिसाबले स्थानीय तहमा न्याय सम्पादन गर्ने जिम्मेवारी महिलाहरूले सम्हालेका छन्। जनप्रतिनिधिहरूका लागि यो नौलो अभ्यास हो। त्यसैले निष्पक्ष न्याय सम्पादन गरेर देखाउनुपर्ने चुनौती पनि महिलाकै काँधमा परेको छ।ती न्यायिक समितिहरूमा महिला हिंसाका घटनाहरू अत्याधिक मात्रामा आउने गरेको तथ्य पनि बाहिर आइरहेका छन्।

वि. सं २०६३ सालमा पुनर्स्थापित प्रतिनिधि सभामा पेश भएको जरुरी सार्वजनिक महत्वको प्रस्ताव "आमा वा बाबुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने सुनिश्चित गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न, विभेदकारी कानूनको

खारेजी गर्न, महिलाप्रति हुने गरेका हिंसाको अन्त्य गर्न" लाई वि. सं २०६३ साल जेठ १६ का दिन तत्कालीन प्रतिनिधि सभाले सर्वसम्मत रुपमा पारित गरेको थियो। यसले महिलाको हक अधिकारलाई संवैधानिक रुपमा स्थापित गर्न महत्वपूर्ण आधार प्रदान गरेको थियो। यस उपलब्धिपूर्ण दिनको स्मरणमा नेपाल सरकारले यस वर्ष (वि.सं. २०७६) देखि प्रत्येक वर्ष जेठ १६ का दिन राष्ट्रिय महिला अधिकार दिवस मनाउने निर्णय गरेको छ। २०७६ साललाई लैंगिक हिंसा विरुद्धको अभियान वर्ष मनाउने सम्माननीय प्रधानमन्त्रीको घोषणापछि देशव्यापी रुपमा "लैंगिक हिंसा मुक्त देश निर्माण" भन्ने मुल नाराका साथ यस अभियान सञ्चालन भइरहेको छ।

महिलामाथि हुने हिंसाको अनेक स्वरुप र प्रकृतिहरूलाई सम्बोधन गर्न नेपालको पुरानो मुलुकी ऐन २०२० लाई २०७५ भदौबाट अन्य ऐनहरूद्वारा प्रतिस्थापन गरिएको छ। जसमा मुलुकी अपराध (संहिता) ऐन, २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४; फौजदारी कसूर (सजायँ निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४; मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी (संहिता) ऐन, २०७४ रहेका छन्। यी ऐनहरूमार्फत् सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक सांस्कृतिक कुरीतीजन्य व्यवहार वा अभ्यास, महिलामाथि हुने हानीकारक परम्परागत अभ्यासहरूलाई अपराधिक कार्यको रुपमा व्याख्या गरेर सजायँ तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ। यी ऐनहरूले महिलामाथि हुने हिंसाको प्रकृति र स्वरुपहरूका आधारमा कानूनी सजाय वा क्षतिपूर्तिको व्यवस्था गरेको छ। महिला हिंसालाई कानूनी उपचार, समाधान र दण्ड सजायँको निमित्त यी ऐन कानूनहरू विशेष छन्।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद १० (१) मा "उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्थाका आधारमा कुनैपनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन" भनिएको छ। त्यस्तो कसूर गर्ने वा गराउनेलाई तीन वर्ष कैद, ३२ हजार रुपैया जरिवाना वा दुबै सजाय हुने व्यवस्था पनि उपदफा (२) अन्तर्गत गरिएको छ। मुलुकी अपराध (संहिता) ऐन, २०७४ अन्तर्गत नै "कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिइ करणी (बलात्कार) गरेमा वा मञ्जुरी लिएर भएपनि १८ वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा ऐन बमोजिम सजाय हुने" व्यवस्था गरेको छ। सोही ऐनले वैवाहिक बलात्कारलाई समेत अपराध मानी त्यस्तो जबरजस्तीकरणीमा पाँच वर्षसम्म कैद सजाय तोकेको छ। त्यस्तै सबै नागरिक कानूनको दृष्टिकोणमा समान हुने र कसैलाई पनि भेदभाव गर्न नपाइने र कानून विपरितका प्रथा वा परम्परालाई समेत मुलुकी देवानी (संहिता) ऐन, २०७४ ले दुरुत्साहन गरेको छ।

लैङ्गिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्न बनेको ऐन, २०७२ ले जुनसुकै थलोमा हुने लैङ्गिक हिंसालाई कानूनी दायरमा ल्याएको छ। त्यस्तै लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्य विधि, २०६८ ले लैङ्गिक हिंसाभित्र लैङ्गिकताका आधारमा घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य हिंसा, दुर्व्यवहार, सामाजिक कुरीतिजन्य विभेदपूर्ण व्यवहारलाई समेत समेटेको छ। जसअनुसार कुनैपनि व्यक्तिलाई लिंगभेदको आधारमा गरिएको कुनैपनि खालको पीडा वा हिंसालाई कानुनी रुपमा सजाय हुने व्यवस्था गरिएको छ।

महिलामाथि हुने हिंसाका सन्दर्भमा अरु थप कानूनहरू पनि छन्। मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४; मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५;घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६; घरेलु हिंसा (कसुर तथा सजाय) नियमावली, २०६७; कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार (नियन्त्रण) ऐन, २०७१; बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२; एकल महिला सुरक्षा कोष नियमावली, २०७०; लैंगिक हिंसा उन्मूलन कोष (सञ्चालन) नियमावली, २०६६; लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७; महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूल गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०; लैङ्गिक मानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना, २०६१; जेष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२; मानव वेचविखत विशेष गरी महिला तथा बालबालिकाहरूको वेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८; छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४; पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८; पुनस्थापना कोष सञ्चालन निर्देशिका, २०६८; मानव वेचविखनविरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८; मानव वेचविखन तथा ओसारपसार पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४; आदि लगायतका ऐन कानूनहरू महिला हिंसा अन्त्यका लागि महत्वपूर्ण छन्।

यी ऐन कानूनहरूको कार्यान्वयले कुनैपनि महिलामाथि हुने हिंसा अपराध हो र त्यस्ता हिंसामा कानूनी दण्ड सजाय तोकिनुले न्यायिक समाज निर्माणतर्फ कदम चालिएको मान्न सकिन्छ। यद्यपि कार्यन्वयनको पक्ष फितलो र प्रभावकारी हुन नसक्दा महिलामाथि हुने हिंसाका घटनाहरू न्यून भएका छैनन्। त्यसै कारण पनि अहिले लागू भइरहेका ऐन कानूनहरूको प्रभावकारी कार्यन्वयन गर्दै महिला हिंसा अन्त्यका लागि शून्य सहनशीलताको सिद्धान्त अवलम्बनको लागि महिला तथा मानव अधिकारकर्मीहरूको आवाज उठाउन अत्यावश्यक छ।

परिच्छेद ४

महिलामाथि भएको हिंसाका प्राप्त परिणाम र विश्लेषण

४.१ महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण

४.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति

महिलामाथि हुने हिंसा कुनै विशिष्ट भौगोलिक क्षेत्रमा मात्र सीमित हुँदैन । यो हरेक क्षेत्र/स्थानहरूमा हुने गर्दछ। ओरेक नेपालको तथ्याङ्कअनुसार पनि नेपालको सातवटै प्रदेशमा महिला हिंसाका घटनाहरू हुने गरेका छन् । यो वर्ष २०१८ जुलाईदेखि २०१९ जुनसम्मको समयावधिमा ओरेक नेपालले ७ वटै प्रदेशमा, जम्मा १,३१९ महिलामाथि भएका हिंसाका घटनाहरूको अभिलेखीकरण गरेको छ ।



चार्ट नं. १. प्रदेश अनुसार महिलामाथि भएको हिंसाको स्थिति

यस वर्ष संकलित तथ्याङ्कमा प्रदेश नं. १ बाट सबैभन्दा बढी हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नं. १ मा ३७ प्रतिशत (४९४ जना), प्रदेश नं. २ मा ३० प्रतिशत (३९९ जना), प्रदेश नं. ५ मा १६ प्रतिशत (२१५ जना), प्रदेश नं. ७ मा ८ प्रतिशत (१०१ जना), प्रदेश नं. ३ मा ६ प्रतिशत (७६ जना), प्रदेश नं. ६ मा २ प्रतिशत (३२ जना) र प्रदेश नं. ४ बाट जम्मा २ वटा घटना अभिलेख गरिएको छ ।

ओरेक नेपालको सम्पर्कमा आएका र ओरेक नेपालको पहुँचमा रहेको घटनाहरूको मात्रै अभिलेखको आधारमा यस्तो वर्गीकृत तथ्याङ्क निकालिएको हुँदा, प्रदेश नं. ६ र ४ मा महिला हिंसा कम हुन्छन् र प्रदेश नं. १ मा बढी हुन्छ भन्ने किटान यसले गर्दैन । प्रदेश नं. १ को मोरङ र उदयपुरमा ओरेक नेपालले लामो समयदेखि काम गरिरहेको, प्रदेश नं. २ को धनुषा, प्रदेश नं. ७ को कैलाली, प्रदेश नं. ५ को दाङ्ग र प्रदेश नं. ३ को काठमाडौंमा सुरक्षित आवास समेत सञ्चालन गरिरहेको छ । त्यसैले यी प्रदेशहरूमा बढी मात्रामा घटनाहरू अभिलेखीकरण हुन सहज भएको हो ।

सूचनाको पहुँच, महिलाहरूको सशक्तीकरणको अवस्था केही राम्रो र महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको विकास र पहुँच रहेको स्थानहरूमा महिलामाथि हुने हिंसाका घटनाहरू बढी रिपोर्टिङ्ग हुने गरेका छन् । भौगोलिक विकटता, सूचनाको पहुँचको कमी, हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको अभाव भएको ठाउँहरूमा हिंसाका घटनाहरूमा उजुरी गर्ने ठाउँ र संयन्त्रको अभावले त्यस्ता घटनाहरू कमै रिपोर्टिङ्ग हुने गरेका छन् । प्रदेश नं. ४ र ६ बाट हिंसाको रिपोर्टिङ्ग कम हुनमा यिनै कारणहरू पनि रहेका छन् ।

४.१.२ महिला हिंसाका प्रकार

महिलामाथि हुने हिंसाकास्वरूप तथा प्रकार विभिन्न खालका छन् । यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि भएका हिंसाहरूलाई (चार्ट नं. २) ११ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

यस वर्ष अभिलेख गरिएका तथ्याङ्कहरूको विश्लेषण गर्दा सबैभन्दा बढी ६६.७२ प्रतिशत (८८० जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ । त्यस्तै गरी ११.९८ प्रतिशत (१५८ जना) महिला सामाजिक हिंसाबाट, १०.८४ प्रतिशत (१४३ जना) महिला बलात्कार पीडित, १.३६ प्रतिशत (१८ जना) माथि बलात्कारको प्रयास तथा ४.७० प्रतिशत (६२ जना) महिलामाथि यौन हिंसा भएको पाइएको छ । यसैगरी ०.७६ प्रतिशत (१० जना) महिलाको हत्या, ०.६१ प्रतिशत (८

जना) महिलाको हत्या प्रयास गरिएका घटना अभिलेख भएका छन् । यसरी नै ०.६१ प्रतिशत (८ जना) बेचविखन, ०.५३ प्रतिशत (७ जना) महिलालाई बेचविखनको प्रयास गरिएको छ भने ०.७६ प्रतिशत (१० जना) ले आत्महत्या गरेको, तथा १.१४ प्रतिशतमाथि (८ जना) अन्य हिंसा भएको पाइएको छ । अन्य हिंसाअन्तर्गत ३ जना महिलालाई वेपत्ता बनाइएको तथा १२ जना महिलालाई अलपत्र बनाइएका घटनाहरू संकलन भएका छन् ।



चार्ट नं २. महिलामाथि भएका हिंसाका प्रकारको अवस्था

घरेलु हिंसाबाट प्रभावित महिलाहरूको विवाह गर्दाको समयको उमेर हेर्ने हो भने ३४ प्रतिशत (३६३ जना) ले १६ वर्ष भन्दा कम उमेरमा र ६१ प्रतिशत (६४५ जना) ले १७ देखि २५ वर्षको उमेरसम्ममा विवाह गरेको पाइयो । बाल विवाह वा कम उमेरमै हुने विवाह घरेलु हिंसाको एक प्रमुख कारक तत्व रहेको अध्ययनले देखाएको छ । सानो उमेरमा हुने विवाहका कारण महिलाहरूले उच्च तहसम्मको शिक्षा हासिल गर्ने र आर्थिक रुपमा आफै सशक्त भएर निर्णय प्रक्रियामा सहभागी हुने, आत्मनिर्भर बन्ने, नेतृत्व विकास गर्ने अवसरहरूबाट समेत बञ्चित हुन पुगेका छन् ।।

४.१.३ महिलामाथि हुने हिंसा र उमेर

महिलामाथि हुने हिंसा कुनै एक उमेर समूहमा मात्र केन्द्रित छैन । हरेक उमेर समूहका व्यक्तिहरूमाथि हिंसा हुने गरेको छ ।



चार्ट नं. ३. महिला हिंसा र उमेर समूह

यस अध्ययनमा महिलाको उमेरलाई ६ समूहमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई कुन उमेर समूहमा बढी महिलामाथि हिंसा भएको छ भनी विश्लेषण गरिएको छ (चार्ट ३) । प्राप्त तथ्याङ्कको आधारमा यस वर्ष सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका महिलामाथि बढी हिंसा भएको पाइएको छ । ३६ प्रतिशत (४७३ जना) हिंसामा परेका महिलाहरू यस उमेर समूहका रहेका छन् । यस्तै गरी २६-३५ वर्ष उमेर समूहका ३२ प्रतिशत (४२६ जना), ३६-४५ वर्ष उमेर समूहकाा १४ प्रतिशत (१७९ जना), १६ वर्षमुनिका बालिकाका उमेर समूहका १२ प्रतिशत (१६३ जना), ४६-५५ वर्ष उमेर समूहका ४ प्रतिशत (५७ जना) र ५६ वर्षभन्दा माथिका उमेर समूहका २ प्रतिशत (२१ जना) महिलाहरू कुनै न कुनै प्रकारको हिंसामा परेको पाइएको छ । उमेरको हिसाबले १७-२५ वर्ष र २६-३५ वर्ष उमेर समूहका महिलाहरू बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखायो ।

४.१.४ महिला हिंसा र शिक्षा

महिलामाथि हुने हिंसा र शिक्षाको स्थिति विश्लेषण गरी चार्ट नं. ४ र ५ मा प्रस्तुत गरिएको छ । हिंसामा परेकामध्ये ८६ प्रतिशत (११३४ जना) महिलाहरू साक्षर रहेका छन् । ती साक्षर महिलामध्ये ६४ प्रतिशत (७३२ जना) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ कक्षा) अध्ययन गरेका, ३१ प्रतिशत (३५८ जना) ले माध्यमिक तहसम्मको अध्ययन गरेका, ४ प्रतिशत (४४

जना)ले स्नातक तहसम्म अध्ययन गरेका, ०.३५ प्रतिशत (४ जना) ले स्नातकोत्तर तहसम्मको अध्ययन गरेका तथा ०.१८ प्रतिशतले प्राविधिक शिक्षा अध्ययन गरेका छन् । हिंसा प्रभावित महिलाहरूमध्ये १४ प्रतिशत (१८५ जना) निरक्षर रहेको पाइयो ।



चार्ट नं.४ महिलाको शैक्षिक अवस्थाका आधारमा हिंसाका परिणाम

चार्ट नं. ५ महिलाको साक्षरताको अवस्थाका आधारमा हिंसाका परिणाम

अशिक्षित वा कम पढेलेखेका महिलाहरूमाथि बढी मात्रामा हिंसा हुन्छ भन्ने सामाजिक धारणा रहेको छ । यस वर्ष अभिलेख भएको तथ्याङ्कले यस धारणा सही होइन भन्ने देखाएको छ । हिंसामा परेकामध्ये सबैभन्दा बढी ८६ प्रतिशत शिक्षित महिलाहरू हुनु र १४ प्रतिशत हिंसा प्रभावित महिलाहरू निरक्षर रहनुले महिलाको शिक्षित वा अशिक्षित अवस्थाले उनीहरूमाथि हिंसा हुने वा नहुने कुराको निर्धारण गर्दैन भन्ने कुरा यसले देखाउँछ ।

४.१.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा

महिलाहरूको वैवाहिक हैसियत जे जस्तो भएपनि सबै हैसियतका महिलामाथि हिंसा हुने तथ्याङ्कले देखाएको छ । यस वर्ष अभिलेखीकरण गरिएका तथ्याङ्कमध्ये सबैभन्दा बढी ७८ प्रतिशत (१०२९ जना) विवाहित महिलाहरू हिंसामा परेको पाइएको छ । १८.८ प्रतिशत (२४८ जना) अविवाहित महिला, १.७ प्रतिशत (२२ जना) एकल महिला, १.१ प्रतिशत (१५ जना) विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै गरेका महिलाहरू, ०.२ प्रतिशत (३ जना) कानूनी र

सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरका तर विवाहित सरह सगै बस्दै गरेका र ०.२ प्रतिशत (३ जना) जना पारपाचुके गरेका महिलामाथि हिंसा भएको पाइएको छ ।



चार्ट नं. ६. महिलाको वैवाहिक स्थिति र हिंसाको परिणाम

४.१.६ प्रभावितको जात/जातीयता

यस वर्ष संकलन गरिएको तथ्याङ्कले सबैभन्दा बढी तराईका आदिवासी जनजाति समुदायका महिलाहरूमाथि हिंसा भएको देखएको छ । हिंसा प्रभावित कूल महिलामध्ये २४ प्रतिशत (३१५ जना) तराई आदिवासी जनजाति, २० प्रतिशत (२६६ जना) पहाडे ब्राह्मण/क्षेत्री, १५ प्रतिशत (१९५ जना) पहाडे आदिवासी जनजाति, १२ प्रतिशत (१५५ जना) तराई दलित र ११ प्रतिशत (१४२ जना) तराई गैरदलित, ९ प्रतिशत (११९ जना) तराई ब्राह्मण/क्षेत्री, ६ प्रतिशत (८५ जना) पहाडे दलित, ३ प्रतिशत मुश्लिम (४२ जना) र १ प्रतिशत (९ जना) महिलाहरूमाथि हिंसा भएको छ ।



चार्ट नं. ७. हिंसा प्रभावित महिलाको जात/जातीयता र हिंसाको परिणाम

४.१.७ प्रभावित र पीडकबीचको सम्बन्ध

संकलन गरिएका तथ्याङ्कमा सबैभन्दा बढी ६१ प्रतिशत (८०८ जना) महिलामाथि श्रीमान्बाट हिंसा भएको पाइएको छ। त्यसैगरी १७ प्रतिशत (२२३) महिला आफ्नै छिमेकीबाट, १० प्रतिशत (१२७ जना) महिला परिवारका सदस्यबाट, ४-४ प्रतिशत (५९ र ५५ जना) क्रमशः प्रेमी र आफ्नै साथीबाट हिंसामा परेको पाइयो। यसैगरी १-१ प्रतिशत (१५, १५, १०, ७ जना) क्रमशः सेवा प्रदायक जस्तै प्रहरी, स्वास्थ्यकर्मीहरू, मुख्य हेरचाहकर्ताका रुपमा रहेका व्यक्ति, शिक्षक तथा अन्य कुनै व्यक्तिगत सम्बन्ध नभएका व्यक्तिहरूबाट महिलामाथि हिंसा भएको पाइएको छ।



चार्ट नं. ८. हिंसा प्रभावित महिलाको पीडकसँगको सम्बन्ध

४.१.८ महिलामाथि हुने हिंसा र पेशा/व्यवसाय

हिंसामा परेका महिलाहरूको पेशाबारेको जानकारी चार्ट नं. ९ मा दिइएको छ। यस वर्ष प्राप्त तथ्याङ्कमा सबैभन्दा बढी आफ्नै घरको काममा संलग्न हुने ३९ प्रतिशत (५१७ जना) महिलामाथि हिंसा भएको पाइएको छ। यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये २८ प्रतिशत (३६४ जना) महिला कृषि पेशामा संलग्न रहेका, १२ प्रतिशत (१६४ जना) विद्यार्थी, ११ प्रतिशत (१५० जना) महिला दैनिक ज्याला मजदुरीमा संलग्न रहेको पाइएको छ। त्यस्तै ५ प्रतिशत (६१ जना) व्यापार-व्यवसायमा संलग्न, ३ प्रतिशत (३४ जना) गैरसरकारी क्षेत्रमा कार्यरत, १-१ प्रतिशत (१५ र १४ जना) क्रमशः सरकारी सेवा र जागिर खोज्दै गरेका महिलाहरूमाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ।



चार्ट नं. ९. महिलामाथि हुने हिंसा र पेशागत अवस्था

४.१.९ हिंसाका कारण महिलामा परेका असरहरु

महिलाहरूमाथि कुनै पनि प्रकारको हिंसा हुँदा सबैखालका प्रभाव पार्ने गरेको देखियो। त्यस्तो हिंसाका कारण ६७० जना (५१ प्रतिशत) महिलाहरू सबभन्दा बढी शारीरिक असर परेको पाइयो। २७ प्रतिशत (३५७ जना) महिलालाई मानसिक असर, २ प्रतिशत (२९ जना) आर्थिक असर परेको, १ प्रतिशत (१४ जना) महिलालाई सामाजिक असर परेको पाइएको छ भने १९ प्रतिशत (२४९ जना) महिलामाथि एकभन्दा बढी वा यी सबैखालका असरहरु परेको तथ्याङ्कले देखाएको छ॥



चार्ट नं. १०. महिलामाथि हुने हिंसाका कारण महिलामा परेका असरहरू

विश्लेषण

सातवटै प्रदेशबाट संकलन गरिएका कूल १ हजार ३ सय १९ महिला हिंसाको घटनाले जुनसुकै भेगमा, स्थानमा र भूगोलमा बस्ने महिलाहरू सबै खालका हिंसाबाट प्रभावित छन् भन्ने प्रष्ट्याएको छ । दस्तावेजीकरण गरिएका घटनाहरूले महिलाहरू विभिन्न एघार खालका– घरेलु हिंसा, सामाजिक हिंसा, बलात्कार, यौन हिंसा, बलात्कार प्रयास, बेचविखन, बेचविखन प्रयास, हत्या, आत्महत्या, हत्या प्रयास र अन्य खालका हिंसाहरूबाट पीडित भएका छन् । महिलाहरू जहाँसुकै रहून्, चाहे घरमा होस् वा सामाजिक क्षेत्रमा उनीहरू हिंसाबाट प्रभावित नभई बस्ने अवस्था छैन । यस वर्षको तथ्याङ्कले महिलाहरूमाथि सबैभन्दा बढी ६६.७२ प्रतिशत घरेलु हिंसा भएको र त्यसपछि ११.९८ प्रतिशत सामाजिक हिंसा भएको औँल्याएको छ । आफ्नो व्यक्तिगत एवं पारिवारिक सम्बन्धदेखि सामाजिक सम्बन्धहरूमा महिलाहरू अनेका हिंसामा पर्दै आइरहेका छन् । कतिपयले अनाहकमै ज्यान गुमाएका छन् । त्यसभन्दा बढीले जीवितै भएपनि अनेक यातना र पीडादायी जीवन बाँच्न बाध्य पारिइएका छन् ।

हरेक उमेर समूहका, हरेक जात/जातीय पृष्ठभूमि र पहिचानका, घरेलुदेखि कामकाजी, गृहिणीदेखि व्यवसायी एवं सार्वजनिक क्षेत्रमा संलग्न, औपचारिक शिक्षा नलिएका देखि साक्षर-उच्च शिक्षा पढेका, विवाहित तथा अविवाहित जुनसुकै महिलामाथि हिंसा भएको छ। यसले महिला भएकै कारणले महिलाहरू बढी नै हिंसा प्रभावित हुने गरेको वा समाजमा पुरुषको भन्दा उनीहरूको लैंगिक हैसियत कमजोर भएकै हुनाले हिंसामा परिरहेका छन् भन्ने देखाउँछ। यद्यपि हिंसाबाट प्रभावित हुनुमा प्रभावितको अनेक पृष्ठभूमि र सामाजिक, सांस्कृतिक र आर्थिक स्तरले पनि ठूलो भूमिका खेलेको हुन्छ।

एक वर्षको तथ्याङ्कमा हिंसाबाट प्रभावितहरू बढीजसो घरेलु काम र कृषिमा संलग्न महिलाहरू रहेको देखिन्छ। त्यस्तै विवाहित महिला र जात/जातीयताको आधारमा हेर्दा आदिवासी जनजाति समुदायका महिलाहरू बढी प्रतिशतमा प्रभावित भएको आँकडा छ। यसको अर्थ घर र कृषि पेशामा रहेका, विवाहित, शिक्षित एवं आदिवासी जनजाति महिलाहरूमाथि मात्रै महिला हिंसा बढी हुन्छ भन्ने बुझाई राख्नु वा व्याख्या गरिनु विल्कुल गलत हुनेछ। ती तथ्याङ्कले देखाएको कुरालाई उचित ढंगले केलाउनको लागि सम्बन्धित क्षेत्ररूमा सघन बसोबास रहेको सामाजिक समूहको जनसंख्या, सामाजिक-सांस्कृति-आर्थिक अवस्था र त्यहाँका महिलाहरूको बढीजसो सहभागिता रहने क्षेत्रहरूको पहिचान गरिनु अत्यावश्यक हुन्छ। नेपाली समाजमा अझैपनि बढीजसो महिलाहरू घरेलु र कृषि क्षेत्रमा नै संलग्न छन्। त्यस कारणले त्यही क्षेत्रमा रहेका महिलाहरूमाथि भएको हिंसाको दस्तावेजीकरण बढी हुँदै आएको हो। त्यस्तै, उत्पादनशील उमेर समूहका र विवाहित महिलामाथि बढि हिंसा भएको, त्यस्तो हिंसामा निकटतम पुरुष व्यक्ति पीडकको रुपमा रहनुले महिला-पुरुषबीच बढीजसो अन्तरक्रिया हुने सम्बन्धहरूमा नै महिलामाथि बढी हिंसा हुने गरेको प्रष्ट पार्छ। मुख्यत: महिलाका लागि हिंसा मुक्त घर, परिवार र समाजको परिकल्पना साकार हुन अझै कठिन छ भन्ने यथार्थ उजागर गर्छ।

परिच्छेद ५

५.१ महिला र घरेलु हिंसा

महिलामाथि हुने हिंसाहरूमध्ये सबैभन्दा बढी घरेलु हिंसाद्वारा महिलाहरू पीडित हुने गरेका छन् । घरेलु हिंसा संसारभर महामारीका रुपमा रहेको छ । नेपालमा पनि यो प्रमुख चुनौतीका रूपमा रहेको छ । विश्वमै हरेक ४ जना महिलाहरूमध्ये १ जना महिलाघरेलु हिंसाबाट प्रभावित हुने गर्दछन् ।[१]

घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६ अनुसार घरेलु हिंसा कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य यातना नै घरेलु हिंसा हो । यसले व्यक्तिलाई शारीरिक तथा भावनात्मक चोट पुऱ्याउँछ । "घरेलु सम्बन्ध"भन्नाले वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरूबीच भएको सम्बन्ध सम्झनु पर्छ । सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउछ ।[२]

घरेलु हिंसा व्यक्तिको मानव अधिकार हनन्को सवाल हो । यद्यपि सामाजिक मूल्य-मान्यताका कारण श्रीमान्ले श्रीमतीलाई पिट्नु, गाली गलौज गर्नु, नियन्त्रणमा राख्नुलाई हाम्रो समाजले सामान्य रुपमा लिन्छ । यस विषयलाई नितान्त व्यक्तिगत तथा पारिवारिक सवालको रुपमा लिने जमात पनि ठुलै छ । कानूनले समेत घरेलु हिंसालाई अपराधको रुपमा घोषणा गरिसकेको छ । यसले व्यक्तिको प्रत्यक्ष जीवनमा असर गर्ने, व्यक्तिको स्वतन्त्रता, हिंसामुक्त जीवन यापन गर्न पाउने अधिकार हनन् हुने, विभिन्न शारिरीक, मानसिक, आर्थिक तथा सामाजिक असर पर्ने र व्यक्तिको आत्मसम्मानमा समेत ठेस पुग्ने हुँदा यो गम्भीर अपराध हो ।

घरेलु हिंसाका घटनाहरु दिनहुँ बाहिर आउने क्रम बढ्दो छ । प्रहरीको तथ्याङ्कले विगतमा भन्दा

[१] https://www.who.int/news-room/fact-sheets/detail/violence-against-women

[२] घरेलु हिंसा (कसुर र सजाय) ऐन, २)६६ तथा घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २

झन् बढी घरेलु हिंसाका घटनाहरू बाहिर आइरहेको तथ्यलाई पुष्टि गर्दछ । आर्थिक वर्ष ०७०/७१ मा नेपाल प्रहरीमा ६,८३५ वटा घरेलु हिंसाको घटना दर्ता भएको थियो भने ०७५/७६ सम्म आउँदा उक्त संख्या बढेर १४,७७४ पुगेको छ ।[३] घरेलु हिंसाका स्वरूपहरू समाज, सामाजिक-साँस्कृतिक चालचलन वा परिस्थितिअनुरूप फरक भएतापनि संसारभरि नै घरेलु हिंसाका घटनाहरू बढी हुने गरेको छ ।

५.२. घरेलु हिंसाभित्रका स्वरूपहरू

घरेलु हिंसाका स्वरूपहरू व्यापक छन् । यसवर्ष गरिएको अभिलेखीकरणका आधारमा घरेलु हिंसाका निम्न स्वरूपलाई विश्लेषण गरी यस पुस्तकमा समावेश गरिएको छ ।

शारीरिक हिंसा

श्रीमान् र घरपरिवारका सदस्यले हातहतियार अथवा आफ्नो बलको प्रयोग गरेर जबरजस्ती कुटपिट गर्नु, अङ्गभङ्ग गराउनु, शारीरिक दण्ड सजाय दिनु, दाइजोको निहुँमा र चारित्रिक आरोप लगाई कुटपिट गर्नु आदिलाई शारीरिक हिंसाभित्र समेटिएको छ ।

मानसिक हिंसा

शारीरिक यातनाको डर देखाउने, गाली गलौज गर्ने, चारित्रिक आरोप लगाउने, अपशब्द प्रयोग गर्ने, उपेक्षा वा वेवास्ता गर्ने, अपशब्द बोल्ने, हेला-तिरस्कार गर्ने, भावनात्मक रूपमा दूर्व्यवहार गर्ने, डर, धम्की देखाउने जस्ता कार्यहरूलाई मानसिक हिंसाभित्र समेटिएको छ ।

स्रोत साधनको वञ्चितीकरण

खान लगाउन नदिने, घरबाट निकाला गर्ने, विवाह दर्ता, जन्म दर्ता नगर्ने नागरिकता नबनाइदिने, शिक्षाबाट वञ्चित गर्ने, बेवास्ता गर्ने जस्ता हिंसाहरूलाई यसभित्र समेटिएको छ ।

बैवाहिक बलात्कार

विवाह सम्बन्धभित्र हुने बलात्कारको सन्दर्भमा श्रीमान्ले श्रीमतीलाई जवरजस्ती यौन सम्पर्कका लागि बाध्य बनाइएको घटनालाई यस पुस्तकभित्र समावेश गरिएको छ ।

[३]नेपाल प्रहरी

५.३ घरेलु हिंसाका प्रकारहरु

महिलामाथि हुने घरेलु हिंसाभित्र पनि महिलाहरूमाथि सबैभन्दा बढी शारीरिक हिंसा हुने गरेका छन् । महिलाहरूमाथि कुटपिटका घटना धेरै भएको तथ्याङ्कले देखाएको छ । महिलामाथि भएका घरेलु हिंसाका घटनाहरूमध्ये ६३ प्रतिशत (५५६ जना) महिलामाथि शारीरिक हिंसा भएको पाइयो । त्यसैगरी १६ प्रतिशत (१४० जना) महिलालाई खान-लगाउन नदिने, माया तथा हेरचाह नगर्ने, शिक्षाबाट वञ्चित गराउने, बेवास्ता गर्ने, घर निकाला गर्ने, विवाह दर्ता, जन्मदर्ता, नागरिकता आदि स्रोत तथा साधन तथा मौलिक हक अधिकारबाट वञ्चित राखेर उनीहरूमाथि हिंसा गर्ने गरिएको पाइएको छ । यसरी नै १४ प्रतिशत (१२१ जना) महिलालाई गालीगलौज गरी तथा ७ प्रतिशत (६३ जना) महिलालाई चारित्रिक आरोप लगाएर मानसिक हिंसा गरिएको पाइएको छ ।



चार्ट नं. ११. महिलामाथि भएका घरेलु हिंसाका प्रकारहरु

५.४ घरेलु हिंसा र पीडकसँगको सम्बन्ध

घरेलु हिंसाबाट प्रभावित महिलाहरूमध्ये ९० प्रतिशत (७९० जना) महिला आफ्नै श्रीमान्बाट र १० प्रतिशत (९० जना) महिला आफ्नै घरपरिवारका सदस्यहरूबाट हिंसामा पर्ने गरेको तथ्याङ्कले देखाएको छ।



चार्ट नं. १२. घरेलु हिंसा प्रभावित महिलाहरू र पीडकको सम्बन्ध

५.५ प्रभावितको वैवाहिक अवस्था

घरेलु हिंसाबाट प्रभावितहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा एकल, अविवाहित र छुट्टिएर बसेका महिलाहरूभन्दा विवाहित महिलाहरू घरेलु हिंसाको उच्च जोखिममा रहेको तथ्याङ्कले देखाएको छ। यस वर्ष ९२ प्रतिशत (८०९ जना) विवाहित महिला र ६ प्रतिशत (५० जना) अविवाहित, १-१ प्रतिशत (१३-८ जना) विवाहित तर पारिवारिक मनमुटावका कारण अलग बस्दै आएका, एकल महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइयो।



चार्ट नं. १३. घरेलु हिंसा प्रभावित महिलाको वैवाहिक अवस्था

५.६ प्रभावितको उमेर र घरेलु हिंसा

प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाबाट प्रभावितहरूमध्ये सबैभन्दा बढी १७-२५ वर्ष र २६-३५ वर्ष उमेर समूहका महिलाहरू रहेका छन् । ३९ प्रतिशत (३३९ जना) १७-२५ वर्ष उमेर समूहका महिला, ३८ प्रतिशत (३३७ जना) २६-३५ वर्ष उमेर समूहका महिला यसवर्ष घरेलु हिंसाबाट प्रभावित भएका छन् । त्यसैगरी ३६-४५ वर्ष उमेर समूहका १४ प्रतिशत (१२४ जना), ४६-५५ वर्ष उमेर समूहका, ४ प्रतिशत (३९ जना), ५६ वर्षभन्दा माथिका उमेर समूहका महिला १ प्रतिशत (१२ जना) र १६ वर्षमुनिका उमेर समूहका ३ प्रतिशत (२९ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ ।



चार्ट नं. १४. घरेलु हिंसा प्रभावित महिलाहरूको उमेरका अवस्था

५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा

महिलाहरूमाथि भएको हिंसा र महिलाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा ८७ प्रतिशत (७६४ जना) साक्षर महिलामाथि घरेलु हिंसा भएको पाइयो । यसै गरी साक्षर महिलाभित्र पनि सबैभन्दा बढी आधारभूत शिक्षा (१-८ कक्षासम्म) अध्ययन गरेका ६१.६ प्रतिशत (४७० जना) महिला हिंसाबाट बढी प्रभावित भएको पाइएको छ ।



चार्ट नं. १५. घरेलु हिंसा प्रभावित महिलाहरूको शैक्षिक अवस्था परिणामहरू



चार्ट नं. १६. घरेलु हिंसा प्रभावित महिलाहरूको साक्षरताको अवस्था र हिंसाका परिणामहरू

५.८ प्रभावितको जात/जातीयता र घरेलु हिंसा

यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिलाहरूभित्र पनि सबैभन्दा बढी तराई आदिवासी जनजाति महिला २२ प्रतिशत (१९५ जना) हिंसामा रहेको पाइएको छ। त्यसपछि पहाडे ब्राह्मण/क्षेत्री २१ प्रतिशत (१८७ जना), पहाडे आदिवासी जनजाति १३ प्रतिशत (११७ जना), ११ प्रतिशत (९५ जना) तराई दलित, १०-१० प्रतिशत (९०-८९ जना) क्रमशः तराई ब्राह्मण/क्षेत्री र तराई गैरदलित, ३ प्रतिशत (३० जना) मुश्लिम, २ प्रतिशत (२० जना) पहिचान नखुलेका अन्य महिला हिंसामा परेको पाइएको छ।



चार्ट नं. १७. घरेलु हिंसा प्रभावित महिलाहरूको जात/जातिगत अवस्था

५.९ प्रभावितको पेशा र घरेलु हिंसा

घरायसी काममा संलग्न महिलाहरू बढी मात्रामा घरेलु हिंसाका प्रभावित रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ। प्राप्त तथ्याङ्कका आधारमा ४३ प्रतिशत (३८२ जना)घरायसी काम, ३० प्रतिशत (२६० जना) कृषि तथा पशुपालन, १२ प्रतिशत (१०५ जना) दैनिक ज्याला मजदुरी, ६ प्रतिशत (५० जना) सामान्य व्यापार, व्यवासाय गर्ने, ५ प्रतिशत (४२ जना) विद्यार्थी, ३ प्रतिशत (२२ जना) गैरसरकारी संस्थामा कार्यरत, १-१ प्रतिशत (१२, ७ जना) सरकारी सेवामा संलग्न तथा जागिर खोज्दै गरेका महिलाहरू हिंसामा परेका छन्।



चार्ट नं. १८. घरेलु हिंसा प्रभावित महिलाहरूको पेशा र हिंसाको अवस्था

५.१० प्रभावितलाई परेको असर

घरेलु हिंसाका कारण सबैभन्दा बढी महिलामा शारीरिक असर परेको पाइएको छ। प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाका प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ५९ प्रतिशत (५२३ जना) महिलामाथि शारीरिक असर परेको पाइएको छ भने ३२ प्रतिशत (२८१ जना) मानसिक असर, ३ प्रतिशत (२३ जना) आर्थिक असर, १ प्रतिशत (९ जना)मा सामाजिक असर र ५ प्रतिशत (४४ जना) सबैखाले असर परेको पाइएको छ।



चार्ट नं. १९. घरेलु हिंसाबाट प्रभावित महिलाहरूमा परेको असर प्रतिशतमा

विश्लेषण

अघिल्लो परिच्छेद- ४ मा स्पष्ट भइसकेको छ कि महिलामाथि हुने हिंसामध्ये घरेलु हिंसाबाट सबैभन्दा बढी महिलाहरू प्रभावित छन् । महिलाहरूले झेल्दै आएका घरेलु हिंसाका अनेक स्वरुप र प्रकार छन् । जसमा शारिरीक हिंसा, मानसिक हिंसा, आधारभूत आवश्यकता परिपूर्तिको मौलिक हकअधिकारबाट वञ्चित गरिनु, वैवाहिक बलात्कार वा हाडनाता करणी आदि पर्दछन् । यस्ता घरेलु हिंसाहरू महिलाको शारिरीक, भौतिक, यौनिक तथा मानसिक पक्षहरूमाथि लक्षित गरी गर्ने गरिएका छन् । उनीहरूमाथि अनेक कारण देखाई कुटपिट गरी शारीरिक एवं भौतिक हिंसा हुँदै आएको छ । त्यसपछि उचित र आवश्यक रुपमा खान लाउन नदिने, स्वास्थ्योपचार नगर्ने, आवश्यक सेवा सुविधा लिनको लागि चाहिने कागजातहरू-विवाह दर्ता, नागरिकता, नबनाइदिने, लगायतका व्यवहारमार्फत् महिलाहरूलाई पीडा पीडा दिने घरेलु हिंसाको अर्को बलियो स्वरुप अभ्यासमा रहेको छ । त्यस्तै, अनेक गाली बेइज्जतका अपमानित शब्दहरूको प्रयोगमार्फत् बोलेर उनीहरूमाथि हिंसा गर्ने गरिएको छ । त्यसमाथि महिलाहरूको चालचलन, बानी व्यवहार र

सम्बन्धहरूमाथि प्रहार गर्दै चारित्रिक लाञ्छना लगाएर मानसिक हिंसा एवं सामाजिक अपहेलना गर्ने गरिएको छ ।

यस्ता सबैखालका हिंसामा पीडकको रुपमा महिलाका आफ्नै श्रीमान् र घरपरिवार नै संलग्न रहँदै आएका छन् । नजिकका व्यक्तिहरूबाटै हिंसा हुने हुँदा त्यसको असर वा प्रभाव झनै गहिरो र पीडादायी बन्न पुग्छ । हिंसाका पीडकलाई कानूनी सजाय वा प्रक्रियामा लानुभन्दा पनि पीडकलाई नैतिक नसिहत दिएर छाड्ने गरिन्छ । प्रभावितको न्यायलाई भन्दा पीडकले गरेको गल्ती क्षमा दिन लायक हो भन्ने मानसिकताले बढी काम गर्छ । अथवा श्रीमान्ले श्रीमतिमाथि हिंसा गर्नु अस्वभाविक होइन भन्ने मान्यता घरपरिवार र समाजमा व्याप्त छ । किनकी श्रीमति श्रीमान्कै सम्पत्ति हो, जसको भोगचलन गर्नु श्रीमान्को हक हो । भोगचलनको क्रममा हुने त्यस्ता हिंसात्मक व्यवहार सहनु श्रीमतिको दायित्व पनि हो भन्ने घातक सोच जीवितै छ । त्यसमाथि परिवारको इज्जत र महिलाको चारित्रिक अखण्डताको नाममा भित्रभित्रै दबाइने गरिन्छ । यस्तोमा प्रभावित महिलामाथि अनेक खालको नकारात्मक प्रभावहरू पर्ने गर्छ । संकलित तथ्याङ्कअनुसार प्रभावित महिलाहरूमा सबैभन्दा बढी शारीरिक असर परेको देखायो । यस्तो शारिरीक असर केही समयसम्म प्रत्यक्ष देख्न सकिने,दोस्रो व्यक्तिले समेत देखेरै महशुश गर्न सकिने हुँदा त्यसको सहजै आँकलन गर्न सकिएको हो । तर प्रभावितमा परेको मानसिक असरको मापन गर्न कठिन छ । यद्यपि त्यसले प्रभावितको जीवन बाँचुन्जेलसम्म पछ्याइरहन्छ । एक वर्षको अभिलेखीकरणले प्रभावितमाथि शारिरीक असरपछि मानसिक असर नै बढी परेको देखाएको छ । वास्तवमा शारिरीक असरलाई पूर्नको लागि हामीकहाँ केही उपायहरू अवलम्बन गर्ने गरिएका छन् । तर मानसिक असरप्रति खासै ध्यान पुऱ्याइएको छैन । त्यसैले शारिरीक भन्दा मानसिक असरलाई व्यवस्थापन गर्न, समाधान गर्नमा पनि उत्तिकै ध्यान पुऱ्याउन जरुरी छ ।

महिलाहरूमाथि हुने हिंसा व्यक्तिगत सम्बन्ध र घरपरिवारभित्रै निकै झाँगिएर मौलाएको स्पष्ट हुन्छ । त्यसैले पनि मानसिक असरप्रति अझ बढी ध्यान केन्द्रित गर्न आवश्यक छ । घरेलु हिंसाको यस्तो विकराल अवस्था परिवर्तन गरी हिंसा अन्त्य गर्नको लागि राज्य, समाजको साथै निजी तहबाटै व्यक्तिहरूको महिलाप्रतिको सोच र व्यवहारमा व्यापक परिवर्तनको खाँचो छ । निजी सम्बन्धहरूभित्रै मौलिएर निरन्तर चल्दै आएको यस्तो हिंसालाई सुक्ष्म तहमा केलाएर सम्बोधन गरिनु जरुरी छ । जसको लागि महिला पुरुषवीचको असन्तुलित सम्बन्ध, उचनीच हैसियतमा परिवर्तन हुनैपर्छ ।

घटना नं १ (घरेलु हिंसा)

मेरो नाम पदम (परिवर्तित नाम) हो । म अहिले २३ वर्षकी भएँ । गाउँ समाजमा छोरी अलि ठुली भएपछि विवाह गरि पठाउनु पर्छ भन्ने सोंचका कारण आमा वुवाले विवाह गरि पठाउनु भयो । घरमा श्रीमान्, सासु, ससुरा, नन्द र देवर रहेका थिए । विवाह गरेको १ महिनासम्म राम्रो सम्वन्ध थियो । त्यसपछि श्रीमान्ले आमाको कुरा सुनेर "यो घरबाट निस्किएर गईहाल, तँ यो घरमा बस्न पाउँदिनस् मेरो घरमा तेरो लागि ठाउँ छैन । तँ जस्तो मान्छे हामीलाई चाहिदैन । मैले तसँग दाइजोको लागि मात्र नाटकको विवाह गरेको हुँ । तँ मेरो घरमा बसिस् भने काम गर्ने कमलरीको रुपमा मात्रै राख्छु । मैले अर्को १० वटा श्रीमती ल्याएर राख्छु तर तँलाई माया ममता केही दिन्न" भन्दै दैनिक रुपमा मानसिक यातना दिन थाल्यो । कहिलेकाही तँलाई मारिदिन्छु भन्दै घाँटी थिची कुटपिट गर्ने, सासुले पनि आफ्नो छोरालाई सिकाउने र गाली गर्ने गर्थिन् । "यसले न घर छोड्न सक्छे न श्रीमान् छोड्न सक्छे, यो मेरो घरबाट गएपछि म पेटभरि खाना खाने थिएँ । यो घरमा आए देखि आधा पेट मात्र खान्छु" भनेर गाली बेइज्जती गर्ने गर्थिन् । यसरी दैनिक रुपमा आफुमाथि भएको हिंसा सहन नसकी मैले विष खाएँ । तर मर्न सकिन । मैले न्यायका लागि नगरपालिकामा निवेदन दिएँ । त्यसबेला नगरपालिकाले फोनमार्फत् सम्पर्क गरी बोलाउदा घरबाट कोहि पनि आएनन् । पछि पत्रमार्फत् बोलायो । छलफलमा आउँदा सासुले "म आफ्नो छोरालाई पनि बोलाउदिन, दाइजो पनि फिर्ता दिँदैनौँ, जे गर्न सक्छेस् गर् । मेरो घरमा दाइजोको समान लिन मात्र आइजा तेरो के हालत गर्छु" भन्दै धम्क्याइन् । यही डरकै कारणले सहयोग खोज्दै जाँदा पालिकाकै सहयोगमा ओरेकको सुरक्षावासमा बस्दै आएको छु ।

परिच्छेद ६

६.१ महिला र सामाजिक हिंसा

सामाजिक मूल्य-मान्यता र हानिकारक परम्परागत अभ्यासहरूमा आधारित भई समाजका व्यक्तिहरूबाट हुने हिंसालाई सामाजिक हिंसा भनिन्छ। संरचनागत विभेदको परिणामका रुपमा समाजमा पुरुषत्ववादी सोच हावी छ। यो सोचले पित्तृसत्तात्मक मूल्य–मान्यतालाई समाजमा अझ सशक्त बनाएको छ। जसका कारण महिलाहरूको समान पहिचान र हैसियत स्थापित हुन सकेको छैन र महिलाहरू विभेदपुर्ण जीवन यापन गर्न बाध्य छन्।

परम्परादेखि नै हाम्रो समाजले छोराको आवश्यकतालाई बढी महत्व दिएको छ। छोरालाई जन्म नदिएमा स्वर्ग जान नपाइने र नर्कको बास हुने जस्ता र एकांगी गलत धार्मिक आस्थाहरू आजसम्म पनि बलियोसँग कायम छन्। महिलाको शक्तिशाली भूमिकालाई कमजोर बनाउन हतियारका रूपमा महिनावारीको गलत धारणा र अभ्यासगरिदै आइएको छ। जस्तोसुकै अवस्थामा पनि पुरुषहरू पवित्र र सर्वश्रेष्ठ प्राणी हुन् भन्ने मान्यता समाजमा स्थापित गरिएको छ। धार्मिक संस्कार वा कार्यमा होस् वा अन्य सामाजिक कार्यहरूमा होस्, पुरुष नै प्रमुख कर्ताको रुपमा रहँदै आएको छ। यस्तो प्रथा तथा सोचले पुरुषको महत्वलाई बढावा मात्र दिँदैन, महिला कमजोर र कम मर्यादित हो भन्ने कुरा निरन्तरता स्थापित राखीराख्न समेत मलजल गरिरहेको छ।

देशमा भएका आमूल राजनैतिक परिवर्तनले राज्यका तीनै तहमा महिलाको उत्साहजनक सहभागीता सुनिश्चित भएको छ। शिक्षा, रोजगारलगायतका क्षेत्रहरूमा महिलाको सहभागीता सुधारोन्मुख छ। यद्यपि लैंगिक असमानताको प्रमुख बाधकको रुपमा रहेको संरचनात्मक विभेदको चक्र अन्त्य गर्ने नीति/कार्यक्रमहरूको अभाव छँदैछ। महिलालाई दोस्रो दर्जाको नागरिकका रुपमा स्थापित गर्ने सामाजिक मूल्य-मान्यता र यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यास अन्त्यका लागि लिंगका आधारमा महिलामाथि हुने विभेद अपराध हो भन्ने आशयका नीतिगत व्यवस्था प्रभावकारी नहुनु लैंगिक समानता प्राप्तिका बाधकहुन्।

समृद्ध नेपाल, सुखी नेपालीको नारालाई देशले आत्मसात गरेको छ। तर देशको आधा भन्दा बढी जनसंख्यामा रहेका महिलाहरू विभेदपुर्ण जीवनयापन गर्न बाध्य छन्। संविधान तथा अन्य कानुनले सुनिश्चित गरिसकेको अधिकारहरू समेत उपभोग गर्न पाएका छैनन्। विभेदको अन्त्य र सामाजिक न्यायको सुनिश्चिततताबाट मात्र समृद्धि हासिल गर्न सकिन्छ। यसर्थ महिलालाई हेर्ने सोच, महिलाप्रति गरिने व्यवहारहरू परिवर्तन गरी समानतामुलक समाजको निर्माणका लागि स्थानीय तहबाट सामाजिक तथा सांस्कृतिक रुपान्तरण हुन सक्ने वातावरण तयार गर्नका लागि अभियानहरू सञ्चालन गर्नु आवश्यक रहेको छ।

६.२. सामाजिक हिंसाका परिणाम र विश्लेषण

महिलामाथि सामाजिक रुपमा भएका हिंसाका स्वरुपहरु

महिलाहरूमाथि सामाजिक रूपमा भएका हिंसाहरूमा बढी मात्रामा ४१ प्रतिशत (६४) मानसिक हिंसा भएको पाइएको छ। समाजका महिलालाई बोक्सीको आरोप लगाई मानसिक यातना दिनु, गालीगलौज गर्नु, चरित्रहत्या गर्नु, डर धम्की देखाइ मानसिक यातना दिएका हिंसाहरू यसभित्र पर्दछन्।

यसैगरी यसवर्ष ३७ प्रतिशत (५८ जना) लाई बोक्सीको आरोप लगाएर, चारित्रिक आरोप लगाइ कुटपिट गर्नु, अङ्गभङ्ग गराउनु, शारीरिक दण्ड सजाय दिनु आदि शारीरिक हिंसाभित्र समेटिएको छ। यसैगरी २२ प्रतिशत (३४ जना) बालविवाह तथा १ प्रतिशत (२ जना) लाई नागरिकता नदिएर स्रोत साधनबाट बञ्चित गरिएका सामाजिक हिंसाका घटना अभिलेख भएका छन्।



चार्ट नं. २०. महिलामाथि हुने सामाजिक हिंसाका स्वरुप

६.३ सामाजिक हिंसाका पीडकका प्रकार

सामाजिक हिंसाबाट प्रभावित महिला र पीडकसँगको सम्बन्धबारे विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी छिमेकीबाट हिंसा भएको पाइयो । महिलाहरूमाथि भएका कूल सामाजिक हिंसाको ५८ प्रतिशत (९२ जना) हिंसा छिमेकीबाट भएको छ । त्यसैगरी १७ प्रतिशत (२७ जना) साथीबाट बाट, १६ प्रतिशत (२६ जना) आफूले आत्मीय ठानेका साथीबाट, ५ प्रतिशत (८ जना) परिवारका सदस्यबाट,३ प्रतिशत (४ जना) सेवा प्रदायक संस्थाका व्यक्तिबाट, १ प्रतिशत (१ जना) कुनै पनि सम्बन्ध नभएका अपरिचित व्यक्तिबाट महिलामाथि सामाजिक हिंसा भएको पाइयो ।



चार्ट नं. २१. सामाजिक हिंसा प्रभावितहरूको पीडकसँगको सम्बन्ध

६.४ प्रभावितको वैवाहिक अवस्था

सामाजिक हिंसाबाट प्रभावित महिलाहरूको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा विवाहित महिलामाथि बढी ७५ प्रतिशत (११९ जना) सामाजिक हिंसा भएको पाइएको छ । त्यसैगरी सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये २२ प्रतिशत (३४ जना) अविवाहित, १ प्रतिशत (१ जना) कानूनी र सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहित सरह सँगै बसेको र ३ प्रतिशत (४ जना) अन्य महिला सामाजिक हिंसाबाट प्रभावित भएको पाइयो ।



चार्ट नं २२. सामजिक हिंसाका प्रभावितहरुको वैवाहिक स्थिती

६.५ प्रभावितको उमेर र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी १७-२५ र २६ देखि ३५ वर्ष उमेर समूहका महिला रहेका छन् । २६ देखि २५ वर्ष उमेर समुहका २७ प्रतिशत (४३ जना) र सोही प्रतिशतमा १७ देखि २५ वर्ष उमेर समुहका (४२ जना) महिला सबैभन्दा बढी सामाजिक हिंसामा परेका छन् । यसैगरी ४६ देखि ५५ वर्ष उमेर समुहका ५ प्रतिशत (८ जना) र ५६ वर्षभन्दा माथि उमेर समूहका ३ प्रतिशत (५ जना) र १६ बर्षभन्दा कम उमेर भएका १७ प्रतिशत (२७ जना) महिला सामाजिक हिंसाबाट प्रभावित भएको यस वर्षको तथ्याङ्कले देखाएको छ ।



चार्ट नं २३. उमेरका आधारमा महिलामाथि भएका सामाजिक हिंसाको अवस्था

६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावितहरूको शैक्षिक स्तरको बारेमा विश्लेषण गर्दा ८० प्रतिशत (१२६ जना) साक्षर महिला २० प्रतिशत (३२ जना) निरक्षर महिलामाथि हिंसा भएको पाइएको छ। साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ६५ प्रतिशत महिलामाथि माध्यमिक शिक्षा, स्नातक तह अध्ययन गरेका महिलाहरूको तुलनामा बढी हिंसा भएको पाइएको छ । यसले के देखाउँछ भने बुझेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन् ।



चार्ट नं २४. सामाजिक हिंसा र शैक्षिक अवस्था



चार्ट नं २५. सामाजिक हिंसा र साक्षरताको अवस्था

६.७ प्रभावितको जात/जातीयता र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २५ प्रतिशत (३९ जना) तराई आदिवासी जनजाति महिला रहेको पाइयो। त्यसैगरी दोस्रो सामाजिक हिंसा प्रभावितमा १८-१८ प्रतिशत (२९-२८ जना) क्रमशः तराई गैरदलित र ब्राह्मण/क्षेत्री पहाडे बराबर रहेको पाइयो। त्यसपछि १५ प्रतिशत (२४ जना)तराई दलित, १२ प्रतिशत (१९ जना) पहाडे आदिवासी जनजाति, ३-३ प्रतिशत (५,५,५,४ जना) क्रमशः पहाडे दलित, ब्राह्मण/क्षेत्री तराई, मुश्लिम र परिचय नखुलेका महिला सामाजिक हिंसामा परेको पाइयो ।



चार्ट नं.२६. जातिगत आधारमा महिलामाथि भएको सामाजिक हिंसाको अवस्था

६.८ प्रभावितको पेशा र सामाजिक हिंसा

सामाजिक हिंसाबाट पनि घरायसी काममा संलग्न महिलाहरू बढी प्रभावित भएको पाइएको छ। सामाजिक हिंसाबाट प्रभावित ३४ प्रतिशत (५४ जना) महिला घरायसी काममा संलग्न छन्। त्यसैगरी २७ प्रतिशत (४२ जना) कृषि तथा पशुपालनमा संलग्न, १९ प्रतिशत (३० जना) विद्यार्थी, १३ प्रतिशत (२१ जना) दैनिक ज्याला मजदुरी गरेर जीवनयापन गरिरहेका महिलाहरू र ३-३ प्रतिशत (४-४ जना) साना व्यापारमा संलग्न र जागिर खोज्दै गरेका महिला, २ प्रतिशत (३ जना) गैरसरकारी संघसंस्थामा कार्यरत महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ।



चार्ट नं. २७. सामाजिक हिंसा प्रभावित महिलाहरूको पेशागत अवस्था

६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर

सामाजिक हिंसाबाट प्रभावितहरूमा सबैभन्दा बढी मानसिक असर परको पाइएको छ। सबैभन्दा बढी ५९ प्रतिशत (९३ जना) महिलामा मानसिक असर, त्यसपछि २३ प्रतिशत (३७ जना) महिलामा शारीरिक असर, ४ प्रतिशत (६ जना) महिलामा सामाजिक असर र ३ प्रतिशत (५ जना) महिलामा आर्थिक असर परेको छ भने ११ प्रतिशत (१७ जना) महिलामा सबैखाले असर परेको तथ्याङ्कले देखाउछ। (चार्ट नं. २८)। महिलाहरूमा पर्ने असरको प्रतिशतमा केही भिन्नता भएता पनि सामाजिक हिंसाका कारण महिलाको प्रत्यक्ष जीवनमा सबै प्रकारका असरहरू पर्ने गरेको अध्ययनका क्रममा पाइएको छ।



चार्ट नं. २८. सामाजिक हिंसाका कारण प्रभावितमा परेका असरहरू

विश्लेषण

ओरेकको तथ्याङ्कअनुसार महिलामाथि हुने हिंसामध्ये घरेलु हिंसापछि सामाजिक हिंसा बढी हुने गरेको छ । नेपाली समाज सामाजिक, सांस्कृतिक, धार्मिक हिसाबले विविध तथा मिश्रित खालको छ । महिलाहरू घरेलु एवं निजी वृत्तबाहिर निस्केपनि हिंसाबाट मुक्त हुन सक्ने सामाजिक परिवेश बन्न सकेको छैन । महिलामाथि हुने हिंसालाई अन्य थुप्रै पक्षहरूले मलजल गर्न सघाउ पुऱ्याउने भएपनि त्यस्तो हिंसा 'महिला'को शारीरिक, यौनिक एवं सामाजिक पहिचान केन्द्रित हुने हुँदा कुनै पनि वृत्त वा क्षेत्रमा संलग्न महिलामाथि हिंसा हुने गर्छ । पछिल्लो समयमा सामाजिक एवं सार्वजनिक क्षेत्रमा महिलाहरूको बढ्दो उपस्थिति र सहभागितासँगसँगै हिंसात्मक व्यवहार र घटनाहरू सार्वजनिक हुँदै आइरहेका छन् ।

महिलामाथि हुने हिंसामध्येपनि ४१ प्रतिशत महिलामाथि मानसिक हिंसा भएको तथ्य अभिलेखीकरणमा फेला परेको छ । सामाजिक एवं सांस्कृतिक कुरीति, कुप्रथाहरूको अभ्यासमार्फत महिलाहरूमाथि हिंसा गर्ने प्रवृत्ति सामाजिक हिंसाको एक प्रमुख प्रवृत्तिको रुपमा देखिएको छ । जस्तैः बोक्सीको आरोप लगाइ शारिरीक एवं मानसिक हिंसा गर्नु, निश्चित स्वार्थ वा इच्छापूर्तिको खातिर महिलालाई डर धम्की दिनु, छुवाछुत गरिनु, फरक संस्कार संस्कृतिका कारण अपमानित र अवहेलित गरिनु, आदि यसअन्तर्गत पर्दछन् । एक वर्षको अवधिमा ३७ प्रतिशत महिलामाथि बोक्सीको आरोप लगाई कुटपिट गरी अंगभंग तुल्याउने, चारित्रित आरोप लगाई सामाजिक तिरष्कार गर्ने काम भएको छ । त्यसपछि बालविवाहबाट प्रभावित २२ प्रतिशत र १ प्रतिशत महिलाले नागरिकता पाउनबाट वञ्चित रहेको तथ्य छ ।

यस्ता सामाजिक हिंसामा बढीजसो छिमेकीहरू पीडकको रुपमा संलग्न रहने गरेको छ । त्यस्तै साथी, आत्मीय व्यक्ति, परिवारका सदस्य तथा सेवा प्रदायकको रुपमा रहेका व्यक्तिहरूसमेत सामाजिक हिंसामा संलग्न रहेका छन् । यस हिसाबले महिलामाथि सामाजिक हिंसा गर्ने पीडकहरू पनि प्रायजसो अन्तरक्रिया गरिरहनुपर्ने व्यक्तिहरू नै हुन् । यस्तो हिंसा विवाहित महिला त्यसमाथि पनि १७ वर्षदेखि ३५ वर्ष उमेर समूहका र पढेलेखेका महिलाहरूमाथि नै बढिजसो हुने गरेको छ । अर्थात् महिलाहरूको सक्रिय उमेर र भूमिका सँगसँगै सामाजिक हिंसा पनि फैलिएको छ । यस्तो हिंसामा बढिजसो तराई र पहाडका आदिवासी जनजाति समुदायकै महिलाहरू पर्ने गरेको तथ्यले देखाउँछ । त्यसपछि क्रमशः अन्य सामाजिक समूहका महिलाहरू रहेका छन् । सबैजसो महिलाहरू हिंसामा पर्ने गरेपनि आदिवासी जनजाति समुदायकै महिलाहरूको संख्या बढी हुनुमा

नेपाली समाजको मूल संरचना, उक्त संरचनाको मूलप्रवाह वा प्रभावशाली सामाजिक, साँस्कृतिक, धार्मिक एवं रीतिरिवाजजन्य अभ्यास र संस्कारहरूसँगको भिन्नता, तुलनात्मक रुपमा अभिव्यक्ति स्वतन्त्रता र वैयक्तिक स्वतन्त्रताको उपभोगमा रहेको खुलापनले पनि प्रभाव पारेको छ। साथै जनसंख्याको हिसाबले पनि उनीहरूको सघन बसोबास भएको क्षेत्रमा तथ्याङ्क संकलन गरिनु आदिजस्ता कुराहरूतर्फ पनि ध्यान दिनु जरुरी छ। समग्रमा भन्नुपर्दा यस्ता हिंसाले महिलामाथि चौतर्फी प्रभाव पारेकै हुन्छ। यद्यपि तिनलाई मिहिन रुपमा खुट्टयाउँदा सामाजिक हिंसाको असर प्रायजसो मानसिक प्रकृतिको पर्ने गरेको देखिएको छ। सामाजिक हिंसाका कारण ५९ प्रतिशत महिलाहरूमा मानसिक प्रभाव परेको तथ्याङ्कले देखायो। त्यसपछि शारीरिक र आर्थिक असर पर्ने गरेको छ। एकातिर नेपाली समाजको पितृसत्तात्मक संरचना त्यसमाथि पनि सामाजिक, सांस्कृतिक रुपमा विषम र विविध धरातल भएकोले पनि सामाजिक हिंसाका अन्य स्वरुपहरू पनि पहिचान हुन बाँकी छन्।

घटना नं ३ (बोक्सीको आरोपमा कुटपीट)

पार्वती (परिवर्तित नाम) अहिले म ३५ वर्षकी भएँ, मेरो जन्म दाङ्ग जिल्लामा भएको हो । म परिवारको कान्छि छोरी हुँ । घरको अवस्था राम्रै थियो, म सानो छँदा आमाको मृत्यु भयो र बुवाले अर्को विवाह गर्नु भयो । मेरो घरायसी काम घाँस दाउरामा समय वितिरहँदा १४ वर्षको उमेरमा भागेर विवाह गरेँ । विवाह गरेर गए पछि मेरो माइती तथा दिदिहरू मेरो घरमा आउन र मसँग बोल्न छाडे । गरिब परिवारमा विवाह गरेर गई भनेर माइतीले अझै पनि वास्ता गदैनन् । विवाह भएको २२ बर्ष भयो, मेरो १ छोरी र ३ छोर छन् । हाल श्रीमान् मलेसियामा हुनुहुन्छ, श्रीमान्ले मलाई कहिले पनि नराम्रो व्यवहार गर्नु भएको छैन । श्रीमान् विदेश गएपछि म छोराछोरीकासाथ घर चलाइ रहेकी थिएँ । एकदिन राती ७ बजेको समयमा छिमेकी व्यक्तिले भाउजु एक छिन तल झर्नुहोस् भनि मलाई बोलाए, ढोका खोली बाहिर आउँदा त उनले साथमा अन्य व्यक्तिहरूलाई ल्याई आएका रहेछन् । सबैले तँ बोक्सी होस् हाम्रो बुहारीमाथि बोक्सी लगाएर बुहारी विरामी भएकी छ । यो बोक्सीलाई कुटपिट गरी सबै गाउँलेले यहाँबाट निकाल्नु पर्छ भनि अन्य व्यक्तिहरूले पनि ममाथि हातहाली कुटपिट गर्न थाले । मैले म बोक्सी होइन, मलाई बचाउनुहोस् भन्दा पनि सबै रमिते भएर हेरिरहे । सबैले एकैसाथ कुटपिट गरेको देखेपछि मेरो छोरीले किन यसरी नभएको झुट्ठा आरोप लगाई कुटपिट गर्नु हुन्छ, यस्तो अमानवीय व्यवहार नगर्नुहोस् भनि अनुरोध गर्दा पनि नमानि कुटपिट गरिरहे । पछि एकजना छिमेकी महिलाको सहयोगमा उपचारका लागि अस्पताल लग्यौँ । पछि चौकीमा रिपोर्ट गर्न जादा गाउँको कुरा गाउँमा मिलाउनु भन्दै गाउँमा आउन मानेनन् । लामो समयदेखि ओरेक नेपालले महिला अधिकार क्षेत्रमा काम गर्दै आएको मैले थाहा पाएकी थिएँ । त्यसैले सहयोगको लागि ओरेक नेपाल आएर सुरक्षावासमा बसेँ । सबै गाउँलेको अगाडी यसरी आफ्नो बेइज्जत भएको कुराले मलाई सँधै मानसिक तनाव भइरहन्थ्यो । तर ओरेकमा आएर मनोविमर्श सेवा पाएपछि मलाई केही राहत भएको छ । आफुमाथि भएको हिंसा तथा अन्यायका लागि लडिदिने ओरेकको साथ पाएपछि मनमा केही आशा पलाएर आएको छ । अहिले ओरेकको साथमा नै मुद्धा दर्ता गराउन सफल भएको छु । अपराधीहरूलाई कडा भन्दा कडा कारवाही होस् भन्ने मेरो इच्छा छ ।

घटना नं ४ (बालविवाह)

मेरो नाम सरिना (परिवर्तित नाम) हो । मेरो जन्म सिरहा जिल्लामा भएको हो । म घरको ४ जना सन्तान मध्ये जेठी छोरी हुँ । मेरो बाल्यकाल सामान्य अवस्थामा नै बित्यो । पढ्दा पढ्दै १७ बर्षको उमेरमा मेरो विवाह बुवा आमाको इच्छाअनुसार सामाजिक परम्परा अनुसार नै भयो । विवाहपश्चात्श्रीमान्को घरमा केही दिन मात्र राम्रो बित्यो त्यसपछि घरेलु हिंसा शुरु भयो । सानो उमेर राम्रोसँग घरको काम गर्न नजान्दा घर परिवार मिलेर गाली गलौज गर्ने, कुटपिट गर्ने गर्थे । परिवारले आफुहरूले गालीगलौज गर्ने र कुटपिट गरेको कुरा समाजमा भन्छे भनेर कहीँ जान र कसैसँग पनि बोल्न दिँदैनथे । छरछिमेकमा कसैसँग बोल्दा मात्रै पनि श्रीमान्ले शंका गरेर कुटीहाल्थे । श्रीमान् आफू विरामी छु, उपचार गर्दैछु, भन्दै मसँग शारिरीक सम्वन्ध राख्दैनथे । तर मलाई अप्ठ्यारो लाग्ने खालका व्यवहारहरू भने सँधै गरीरहन्थे । यही क्रम ३ वर्ष सम्म चलिरह्यो । दैनिक रुपमा यस्तो भएको हिंसा सहन नसकी माइतीमा आएर आमा, वुवासँग आफ्नो कुराहरू सुनाए ।माइतीले मेरो न्यायको लागि समाजसँग गुहार माग्यो । समाजमा पटक पटक बसेर छलफल पनि भयो तर ममाथि हुने हिंसा कम भएन । त्यसपश्चात् अब म श्रीमान्सँग सँगै बस्न सक्दिन भनेर सम्बन्ध विच्छेद गर्ने निर्णय गरे । त्यसै समयमा मेरोश्रीमान् विरामी भएपछि उपचारका लागि भारतको नयाँ दिल्ली लगियो । उपचारकै क्रममा उनको निधन भयो । यता ससुराले भने मलाई अदालतमा लगेर १ दिनमैसम्बन्ध विच्छेद गराए । त्यसको लागि ३ लाख नगद दिएर फकाई फुलाइ गरे ।मलाई धेरै अंश दिनुपर्छ भनेर नयाँ दिल्लीबाट लास नआउँदै मरिसेकेको छोरालाई जिउँदै छ भनी छल गरी अदालतमासम्बन्ध विच्छेद गराएका रहेछन् । श्रीमान्को मृत्युपछि समाजका मान्छेहरूले धेरै लाञ्छना लगाउछन् । उमेर नपुग्दै श्रीमान्लाई खाई, घर गरेर खान सकिन भन्छन् । त्यस्ता आरोपका कारण माइती घरमा पनि बस्न सकिन । त्यसपछि ओरेक नेपालको उदयपुरमा रहेको आवास गृहमा बस्न थाले । ओरेकबाट सञ्चालित सि.एल.ए कोर्षको अध्ययन पूरा गरे । अहिले म आफुजस्तै बालविवाहका कारण अरुले समस्या भोग्न नपरोस् भनेर बालविवाह तथा दहेजविरुद्धको अभियानमा सामेल छु । एक अभियन्ता भएर सक्रिय रुपमा हिँडीरहेकी छु ।

परिच्छेद ७

७.१ बलात्कार

कानूनी रुपमै बलात्कार एक निकृष्ट तथा जघन्य अपराध हो। संविधानले हिंसामुक्त जीवन बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। यद्यपि हाम्रो समाजमा महिलाको शरिर, यौनिकता अझ भन्नुपर्दा समग्रमा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण कायमै छ। यो दृष्टिकोण परिवार, समाजदेखि राजनीतिक तहसम्म नै व्याप्त छ। यस्तो दृष्टिकोण कानून निर्माण गर्ने तहदेखि कार्यान्वयन गर्ने तहसम्म व्याप्त रहेको कारण बलात्कार जस्तो संवेदनशील रुपले हेर्नुपर्ने घटनाहरू सजिलै दर्ता हुँदैनन्, भै हाल्यो भने पनि अनुसन्धानमा गम्भीरता हुन्न। सहि अनुसन्धान हुन नसक्दा न्याय पाउन सहज हुँदैन। अपराधीहरूले सजाय पाउँदैनन्। दण्डहीनता फस्टाएको छ। यसले अपराध गर्ने व्यक्तिहरूको मनोबल बृद्धि गर्न सहयोग गरेको छ।

महिलाहरूको लामो संघर्षपश्चात अदालती प्रक्रिया केहि सहज भएको छ। द्रुत न्याय प्रणाली आत्मसात गरिएको छ। तर कार्यान्वयन प्रक्रिया प्रभावकारी भएको छैन। न्याय प्राप्त गर्न सहज छैन। केहि गरी न्यायिक प्रक्रियाबाट न्याय प्राप्त भए जस्तो देखिएपनि समाजमा बलात्कार भएका महिलाहरूप्रति रहेको विभेदकारी दृष्टिकोणका कारण उनीहरू समाज र घरबाट निकाला जस्तो भै बाँच्न बाध्य पारिइएका छन्। बलात्कार हुनुमा प्रभावितको कुनै दोष हुँदैन। तर परिवार र समाजमा बसेर उसले आफ्नो न्यायको लडाई लड्ने वातावरण बनेको छैन।

पितृसत्तात्मक सामाजिक संरचनामा बलात्कार महिलालाई नियन्त्रण गर्ने एउटा महत्वपूर्ण हतियार बनेको छ। पितृसत्ताले बलात्कार जस्ता अपराधका घटनालाई इज्जतको विषय बनाएको छ। जसकारण पीडक र उसका परिवार समाजमा निर्धक्क भएर जसरी बस्न सक्छन्। बलात्कार प्रभावितहरू समाजमा निर्धक्क भएर लाल्छना मुक्त जीवनयापन गर्न सक्ने वातावरण बनेको छैन। यो अवस्थाको मुख्यकारक तत्वको रुपमा फेरि पनि परिवार, समाज र राज्यको सबै तह र तप्कामा रहेका व्यक्तिहरूमा रहेको पित्तृसत्तात्मक सोँच र तिनलाई बलियो बनाउन प्रयोग गरिने हानिकारक परम्परागत व्यवहारहरू नै हुन्।

७.२ बलात्कार पीडकका प्रकार

महिलाहरू जुन समाजमा बसोबास गर्छन् त्यही समाजका व्यक्तिहरूबाट बढी बलात्कार भएका छन् । सबैभन्दा बढी ६४ प्रतिशत (९२ जना) महिला छिमेकीबाट, १३ प्रतिशत (१८ जना) साथीबाट, १० प्रतिशत (१४ जना) आफुले आत्मीय ठानेका साथीबाट, ७ प्रतिशत (१० जना) परिवारका सदस्यहरू जस्तै आफ्नै बाबु, काकाबाट महिला तथा बालिकाहरू बलात्कृत भएका छन् । यसैगरी ३ प्रतिशत (४ जना) सेवाप्रदायक संस्थाका कर्मचारीहरूबाट, २ प्रतिशत (३ जना) शिक्षक र १ प्रतिशत (२ जना) कानूनी एवं सामाजिक परम्पराअनुरुप विवाह नगरेका तर विवाहित सरह सँगै बसेका साथीबाट बलात्कृत भएको तथ्याङ्क प्राप्त भएको छ ।



चार्ट नं. २९. बलात्कार प्रभावित महिलाको पीडकसँगको सम्बन्ध

७.३ बलात्कार प्रभावितको उमेर

महिलाहरू जतिकमउमेरका हुन्छन् त्यति नै उनीहरू बलात्कारको जोखिममा रहने सम्भावना बढी रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ । हुन त सबै उमेर समूहका महिलाहरू माथि बलात्कार भएको पाइन्छ । तर पनि १६ वर्षमुनिका ४८ प्रतिशत (६९ जना) बालिका बढी बलात्कारबाट प्रभावित भएका छन् । १७-२५ वर्ष उमेर समूहका ३४ प्रतिशत (४९ जना), २६-३५ वर्ष उमेर समूहका ९ प्रतिशत (१३ जना), ३६-४५ तथा ४६ वर्षभन्दा माथि उमेर समूहका ४-४ प्रतिशत (६, ६ जना) महिलाहरू बलात्कारबाट प्रभावित भएका छन् ।



चार्ट नं. ३०. बलात्कार प्रभावित महिलाहरूको उमेरका आधारमा हिंसाका परिणामहरू

७.४ बलात्कारबाट प्रभावितको शैक्षिक अवस्था

बलात्कारबाट प्रभावित महिलाहरूको शैक्षिकस्तरबारे विश्लेषण गर्दा निरक्षर महिलाहरूको तुलनामा साक्षर महिला नै बलात्कारबाट बढी प्रभावित हुने गरेको पाइएको छ। यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा २३ प्रतिशत निरक्षर (१६ जना) र ८४ प्रतिशत (१२० जना) साक्षर महिलामाथि बलात्कारका घटना भएको पाइयो (चार्ट नं ३१)। यसैगरी महिलाको शैक्षिक अवस्था हेर्दा ७२ प्रतिशत (८८ जना) आधारभूत तह अध्ययन गरेका, २५ प्रतिशत (३० जना) माध्यमिक तहसम्मको अध्ययन गरेकातथा ३ प्रतिशत (४ जना) स्नातक तहसम्म अध्ययन गरेका महिलामाथि बलात्कार भएको पाइयो।



चार्ट नं. ३१. बलात्कार प्रभावितमहिलाको साक्षरताको अवस्था



चार्ट नं. ३२. बलात्कार प्रभावितमहिलाको शैक्षिकअवस्था

७.५ प्रभावितको जात/जातियता

बलात्कारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २२ प्रतिशत (३१ जना) पहाडे ब्राह्मण/क्षेत्री महिला रहेका छन् । यसैगरी २० प्रतिशत (२८ जना) पहाडे आदिवासी जनजाति, १६ प्रतिशत (२३ जना) तराई आदिवासी जनजाति, १३ प्रतिशत (१८ जना) तराई दलित, १० प्रतिशत (१४ जना) तराई गैरदलित, ९ प्रतिशत (१३ जना) तराई ब्राह्मण/क्षेत्री, ८ प्रतिशत (११ जना) पहाडे दलित, ३ प्रतिशत (४ जना) मुश्लिम र १ प्रतिशत जातीय पहिचान नखुलेका महिला तथा बालिका बलात्कारबाट प्रभावित भएका छन् ।



चार्ट नं. ३३. जात/जातीय आधारमा महिलामाथिभएको सामाजिक हिंसाअवस्था

७.६ प्रभावितको पेशा

बलात्कारबाट प्रभावित भएका महिलामध्ये बढी १६ वर्षमुनिका बालबालिका र पढ्दै गरेका उमेर समूहका बढी रहेका छन् । ४२ प्रतिशत (६० जना) महिला तथा बालिकामा बलात्कारका घटना बढी भएको छ (चार्ट नं.२३) । त्यसैगरी २७ प्रतिशत (३८ जना) घरायसी काममा संलग्न रहेका, १७ प्रतिशत (२५ जना) कृषि पेशामा संलग्न रहेका, ९ प्रतिशत (१३ जना) दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गरिरहेका, २ प्रतिशत (३ जना) जागिर खोज्दै गरेका, १-१ प्रतिशत गैरसरकारी सेवामा कार्यरत, आफ्नै व्यवसाय सञ्चालन गरेका तथा निजी क्षेत्रमा कार्यरत महिलामाथि बलात्कारका घटना भएको छ ।



चार्ट नं. ३४. प्रभावितको पेशा र बलात्कारका घटनाहरूको अवस्था

विश्लेषण

महिला हिंसाको एक खतरनाक अस्त्रको रुपमा बलात्कारलाई लिने गरिन्छ । नेपाली समाजमा अझ महिलाको यौनिकता, पवित्रता, चारित्रिक असलपन, महिलाको परिवारको इज्जत र प्रतिष्ठासँग गाँसेर बलात्कारलाई बुझ्ने गरिन्छ । बलात्कार जस्तो हिंसात्मक कार्यले महिला वा बालिकाको शरिरलाई वस्तु वा सामान बराबर ठानेर त्यसको भोग गर्ने मात्रै हैन त्यसमार्फत् महिलाको पूरै घरपरिवार र ऊ बाँचेको समाजलाई समेत ध्वस्त पार्नेसम्मको सामर्थ्य राख्छ ।

ओरेक नेपालको तथ्याङ्कमा संकलित घटनाहरूले नियोजित रुपमा बालिका वा महिलाको जीवन ध्वस्त पार्न वा पारिवारिक इज्जत र प्रतिष्ठामा आक्रमण गर्ने हेतुले बलात्कार गरिन्छन् भन्ने आधार दिँदैन । यद्यपि बालिका तथा महिलालाई उपभोग्य बस्तुको रुपमा भोग्ने प्रवृत्तिलाई भने उजागर गरेको छ । एक वर्षमा १६ वर्षमुनिका ४८ प्रतिशत बालिकाहरू बढी बलात्कारबाट प्रभावित भएका छन् । ६४ प्रतिशतबलात्कारका घटनामा छिमेकीर ७ प्रतिशत परिवारका सदस्य नै संलग्न भएका छन् । यद्यपि यस्ता घटनाहरूमा प्रभावितलाई भन्दा पीडकलाई उपलब्ध हुने संरक्षण वा सहज माफीले परिवारको इज्जत, महिलाको चारित्रिक असलपन र पवित्रताको आडमा ढाकछोप गर्ने गरिएको पनि खुलस्त पार्छ ।

यस्ता बलात्कारका घटना कुनैपनि समय कुनैपनि स्थानमा हुने गरेको छ । यस वर्ष प्राप्त तथ्यांकका आधारमा ३१ प्रतिशत बलात्कारका घटना दिउँसो, २९ प्रतिशत घटना साँझ, २४ प्रतिशत राती र १५ प्रतिशत बिहानको समयमा भएको थियो । त्यसले महिलामाथि शारीरिक, मानसिकलगायतका सबैखालका असरहरू देखा परेको पनि तथ्यले देखायो । तर यस्ता घटनाहरूमा प्रभावितमाथि परेको असरप्रति ध्यान कम दिने र अपराधीलाई न्यायिक प्रक्रियामा लैजानकै लागि बढी प्रयत्न गर्नु परेको छ । त्यसैले यस्ता घटनाबाट पर्न जाने असरहरूसँग प्रभावित आफै जुध्नु परिरहेको छ । त्यस्तो असरहरू देखा पर्दा कतिपय अवस्थामा प्रभावितलाई नै अनेक लाञ्छना लगाउने र मानसिक रोगी करार दिने पनि गरिन्छ ।

घटना नं ५ (सामुहिक बलात्कार)

३५ बर्षीय भिम कुमारी (परिवर्तित नाम) को विवाहपछि सासुले धेरै दुःख दिन थालिन् । पातलो ज्यान भएको कारण बच्चा हुँदैन भनेर रातदिन गालीगलौज तथा यातना दिन्थिन् । घरमा रातदिन झगडा भईरहेको हुनाले श्रीमान्ले उनलाई लिएर काठमाडौँ गए र त्यहीँ कमाउन थाले । ५ बर्ष सम्ममा त्यहाँ बस्दा श्रीमान्–श्रीमतीको बिचमा धेरै राम्रो सम्बन्ध थियो । भीम कुमारीले २ जना छोरा जन्माइन् । घरमा श्रीमती र छोरा छोडी उनको श्रीमान् विदेश गए । सासुले फेरी हिंसा गर्न सुरु गर्न थालिन् । छोरालाई नानाथरी कुरा लगाई तेरो श्रीमती चरित्रहिन हो भन्दै आरोप लगाएर सुनाए पछि श्रीमान्ले पनि बिदेशबाट गाली-गलौज गर्न थाले । त्यसपछि उनी घर छाडेर अलग्गै डेरामा बस्न थालिन् । २ वर्षसम्म श्रीमान्ले पैसा पठाएन । कोठा भाडा तिर्न गाह्रो भयो । श्रीमान्सँग पैसा माग्दा “मैले तँसँग सम्बन्ध विच्छेद गरिसकेको छु” भन्न थाले । त्यसपछि आफै केही गर्छु भन्ने आत्मविश्वासले सानो मौसमी व्यवसाय शुरु गरिन् । कहिले अण्डा, कहिले माछा, फलफुल, तरकारीको ब्यापार गर्दै खर्च टारिन् । रातीहोटलमा खाना खाएपछि पेट दुख्न थाल्यो । औषधी किन्न पसलतिर जाने क्रममा स्कार्पियो गाडी लिएर बसेका ४ जनाको समुहले उनलाई जबरजस्ती बोकेर गाडीमा बसाएर द्रुतगतिमा गाडी हुइकियो । उनले जे भनेपनि जसो गरेपनि गाडीमा पालैपालो बलात्कार गर्दै जङ्गलतिर लगियो । गाडी असमान्य रुपमा हल्लिदै गुडेको पुलिसले देखेपछि रोक्न लगायो । प्रभावितले जोडले रोईकराई गरेपछि र गाडीमा सबैजना नग्न अवस्थामा भेटेपछि र प्रहरीले गाडीसहित सबैलाई नियन्त्रणमा लियो । प्रभावितको मेडिकल चेकजाँच गराइयो । त्यसपछि उनलाई ओरेक नेपालको सुरक्षाबासमा पठाइयो । पीडकहरूमाथि मुद्दा दर्ता गराई उनीहरू थुनामा रहेका छन् ।

घटना नं ६ (बलात्कार)

मेरो नाम सरिता (परिवर्तित नाम) हो । मेरो घरको ३ जना सन्तानमध्ये माइली छोरी हुँ। म सानै छँदा बुवाको मृत्यु भयो । आमाले कान सुन्नु हुन्न । बोल्दा आवाज आउदैन । आँखापनि देख्नु हुन्न । हाम्रो आर्थिक अबस्था एकदम कमजोर छ । घरमा जिम्मेवारी निभाउने ठुलो मान्छे नभएको हुँदा हामीहरूलाई दैनिक खान लाउन समस्या हुन थाल्यो । आमा कमजोर भएको कारण केहीगर्न सक्नु हुन्नथ्यो । ठुलो हुँदै गएपछि मलाई पढ्न मन लाग्यो आर्थिक अवस्था कमजोर भएका कारण अरुको घरमा काम नगरेसम्म पढ्न नपाइने भएपछि छिमेकीको घरमा घरेलु काम गर्ने र उनले मलाई पढाइ दिने सर्तमा काम गर्न थालें । सुरुमा त राम्रै थियो । घरको कामगर्थें र पढ्न पनि जान्थें । केही समयपछि घर मालिकले मलाई नराम्रो ब्यबहार गर्न सुरु गऱ्यो । मेरा शरीरका अंगहरू छुने, बेलुका म सुत्ने ठाउँमा तेल लिएर आउने अनि आफ्नो शरिर मालिस गर्न लगाउने गर्न थाल्यो । आफ्नो पिसाब फेर्ने मालिस गर्न लगाउने गर्थ्यो । मोवाइलमा नराम्रो नराम्रो भिडियो देखाउथ्यो । मैले हेर्दिन भन्दा जबरजस्ती हेर्न लगाउथ्यो । मैले नाई भन्दाभन्दै पनि जबरजस्ती गर्ने गर्थ्यो । मलाई गाह्रो हुन्थ्यो । म कराउथे, रुन्थे । तर घर मालिकले जबरजस्ती गरिरहथ्यो । कसैलाई नभन्नु भन्दै धम्क्याउथ्यो । पटक पटक यस्तो नराम्रो व्यवहारले म त्यहाँ बस्नै नसक्ने भए । घर फर्के । घरमा गएर "अव म त्यहाँ जादिन" भने । दिदीहरूले मेरो ठाउँमा बैनिलाई पठाउनु भयो । बहिनीलाई पनि मलाई जस्तै व्यबहार भएपछि सहन नसकेर घरमा आइन् । हामी दिदीबहिनीले आफुमाथि भएको नराम्रो व्यवहारको सबै कुरा परिवारमा राख्यौं । मामाहरूले यो अपराध हो उजुरी गर्नु पर्छ भनि कानूनी सहयोगको लगि ओरेक नेपालमा आयौं र अहिले मुद्दा दर्ता गरेका छौं ।

परिच्छेद ८

८.१ यौनिक हिंसा

विश्वमा महिलामाथि हुने हिंसाको स्वरुपहरूमध्ये यौनिक हिंसा व्यापक छ। यौनिक हिंसा एक जटिल र चुनौतीपूर्ण विषयको रुपमा देखापरि रहेको छ। यसले महिलाको शारीरिक, मानसिक, मनोसामाजिक स्वास्थ्यमा नकारात्मक र गम्भीर असर पार्दछ। संसारभर कम्तीमा तीन जनामध्ये एक महिलाले चिनेको व्यक्तिबाट आफ्नो जीवनमा यौन हिंसा भोगका हुन्छन् भन्ने तथ्य बाहिर आइसकेको छ। ३५ प्रतिशत महिलाले शारीरिक या यौनहिंसा भोगेका हुन्छन्।[1] नेपालमा ६६ प्रतिशत महिलाले आफूमाथि भएको शारीरिक तथा यौनिक हिंसाविरुद्ध उजुरी तथा सहयोगको खोजी गर्ने गर्दैनन्। ३४ प्रतिशत महिलाले पतिबाटै यौनिक हिंसा भोगेका हुन्छन्।[2] पति या आत्मीय साथीबाट हुने शारीरिक हिंसा व्याप्त भएको देशमध्ये नेपाल १४ औं स्थानमा पर्छ।[3] चिनजान र नजिकका विश्वास गरेका व्यक्तिहरू नै विशेष गरि यौन हिंसाका घटनाका पीडकहरू हुने गरेका छन्। यसर्थ यस्ता घटनाहरू उजुरी वा प्रकाशमा कमै मात्रामा आउने गर्दछन्।

यस वर्ष प्राप्त तथ्यांकअनुसार महिलामाथि भएको हिंसामध्ये ४.७० प्रतिशत (६२ जना) महिलामाथि यौनिक हिंसा भएको छ।

८.२. प्रभावितको उमेर र यौनिक हिंसा

यसवर्ष जम्मा ४.७० प्रतिशत (६२ जना) महिलामाथि यौनिक हिंसा भएका घटना अभिलेखीकरण भएका छन्। जसमध्ये सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका ३१ प्रतिशत (१९ जना) महिला यौनिक हिंसाबाट प्रभावित छन्। यसैगरी २७ प्रतिशत (१७ जना) २६-३५ वर्ष उमेर समूहका र १० प्रतिशत (६ जना) ३६-४५ वर्ष उमेर समूहका तथा ३ प्रतिशत (२ जना) ४६ वर्षदेखि माथिका महिलामा यौनिक हिंसा भएका छन्। यसैगरी १६ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरूमा २९ प्रतिशत (१८ जना) यौनिक हिंसा भएको अभिलेख गरिएको छ।

[1] https://www.unwomen.org/en/what-we-do/ending-violence-against-women/facts-and-figures
[2] नेपाल स्वास्थ्य जनसांख्यिक सर्वेक्षण २०१६ अनुसार
[3] विश्व बैंक



चार्ट नं. ३५. उमेरका आधारमा महिलामाथि भएको यौनिक हिंसाको अवस्था

८.३ यौनिक हिंसाका पीडकका प्रकार

यस वर्षको तथ्याङ्कको आधारमा आफ्नै छिमेकीहरूबाट महिलाहरू बढी मात्रामा महिला यौनिक हिंसामा परेको पाइएको छ । ३७ प्रतिशत (२३ जना) महिला छिमेकीबाट, ३१ प्रतिशत (१९ जना) प्रेमीबाट, १० प्रतिशत (६ जना) शिक्षकबाट, ६-६ प्रतिशत (४, ४ जना) कानूनी एवं सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहित सरह संगै बसेका साथी तथा सेवा प्रदायक संस्थाबाट, ५-५ प्रतिशत (३, ३ जना) परिवारका सदस्य तथा साथीबाट महिलामाथि यौनिक हिंसा भएको पाइएको छ ।



चार्ट नं. ३६. यौनिक हिंसाबाट प्रभावितहरूको पीडकसँगको सम्बन्ध

८.४ प्रभावितको शैक्षिक योग्यता

यौनिक हिंसाबाट प्रभावित महिलाको शैक्षिक अवस्था विश्लेषण गर्दा ८९ प्रतिशत (५५ जना) साक्षर र ११प्रतिशत (७ जना) निरक्षर महिलामाथि यौनिक हिंसा भएको पाइएको छ। साक्षर महिलामध्ये ५१ प्रतिशत (२८ जना) आधारभूत शिक्षा अध्ययन गरेका, ३१ प्रतिशत (१७ जना) माध्यमिक शिक्षा अध्ययन गरेका, १६ प्रतिशत (९ जना) स्नातक तह अध्ययन गरेका, २प्रतिशत (१ जना) स्नातकोत्तर तह अध्ययन गरेका महिलाहरूमाथि यौनिक हिंसाका घटना भएको पाइएको छ।



चार्ट नं. ३७. प्रभावितहरू को शैक्षिक अवस्था



चार्ट नं. ३८. यौनिक हिंसा र प्रभातिको साक्षरताको अवस्था

८.५ प्रभावितको जात/जातियता

यौनिक हिंसाबाट प्रभावित महिलामध्ये सबैभन्दा बढी २४ प्रतिशत (१५ जना) तराई आदिवासी जनजाति महिला प्रभावित रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ । २१ प्रतिशत (१३ जना) पहाडे आदिवासी जनजाति, १६-१६ प्रतिशत पहाडे र तराई ब्राह्मण/क्षेत्री महिलाहरू हिंसाबाट प्रभावित भएका छन् । यसैगरी ८ प्रतिशत (५ जना) तराई दलित, ६ प्रतिशत (४ जना) पहाडे दलित, ५ प्रतिशत (३ जना) तराई गैरदलित र ३ प्रतिशत (२ जना) जातीय पहिचान नखुलेका महिलामाथि यौनिक हिंसा भएको पाइएको छ ।



चार्ट नं. ३९. प्रभावितको जात/जातियता र यौनिक हिंसा

८.६ प्रभावितको पेशा

यौनिक हिंसाबाट प्रभावित रहेका महिलाको पेशाका आधारमा २७ प्रतिशत (१७ जना) विद्यालयमा पढ्दै गरेका छात्रा प्रभावित भएका छन्। २१ प्रतिशत (१३ जना) घरायसी काममा संलग्न, १९ प्रतिशत (१२ जना) कृषि तथा पशुपालन गर्ने, १३ प्रतिशत (८ जना) गैरसरकारी संस्थामा कार्यरत, १० प्रतिशत (६ जना) दैनिक ज्याला मजदुरी गर्ने, ६ प्रतिशत (४ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, ३ प्रतिशत (२ जना) सरकारी सेवामा कार्यरत महिलामाथि यौनिक हिंसा भएको पाइयो।



चार्ट नं. ४०. प्रभावितको पेशा र यौनिक हिंसाको परिणाम

८.७ प्रभावितलाई परेका असर

यौनिक हिंसाबाट प्रभावितमा सबैभन्दा बढी मानसिक असर परेको पाइएको छ। सबैभन्दा बढी ४० प्रतिशत (२५ जना) महिलामा मानसिक असर, ३२ प्रतिशत (२० जना) महिलामा शारीरिक असर, २ प्रतिशत (१ जना) महिलामा सामाजिक असर तथा २६ प्रतिशत (१६ जना) मा यौनिक हिंसाका कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ। महिलामा पर्ने असरको प्रतिशतमा केही फरक भएतापनि यौनिक हिंसाका कारण महिलाको जीवनमा लामो समयसम्म मानसिक असर पर्ने गरेको अध्ययनले देखाएको छ।



चार्ट नं. ४१. यौनिक हिंसाबाट प्रभावितलाई परेका असर

विश्लेषण

पितृसत्तात्मक समाजमा महिलामाथि अधिकतम् हुने अर्को हिंसा हो, यौन हिंसा। एक वर्षको अवधिमा ओरेक नेपालको सम्पर्क र पहुँचमा रहेका हिंसा पीडितमध्ये ४.७० प्रतिशत (६२ जना) महिलाहरू यौन हिंसाबाट प्रभावित भएका छन्। जसमध्ये सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका ३१ प्रतिशत (१९ जना) अर्थात् शारिरीक एवं जैविक रुपमा तन्दुरुस्त, आकर्षक र उत्पादनशील उमेर समूहका महिलाहरू यौन हिंसाबाट बढी मात्रामा प्रभावित भए। त्यसको मतलब अन्य उमेर समूहका महिलामाथि यौन हिंसा भएन वा हुँदैन भन्ने पक्कै होइन। किनकी १६ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरूमा २९ प्रतिशत (१८ जना), २७ प्रतिशत (१७ जना) २६-३५ वर्ष उमेर समूहका र १० प्रतिशत (६ जना) ३६-४५ वर्ष उमेर समूहका तथा ३ प्रतिशत (२ जना) ४६ वर्षदेखि माथिका महिलाहरूले पनि यौनिक हिंसा खेपे। यस तथ्याङ्कले देखायो, महिलाहरू चाहे ती बालिकाकै रुपमा हुन् वा वयस्ककै रुपमा हुन् यौनजन्य हिंसाको

शिकार बनेकै हुन्छन् । सबैभन्दा बढी सम्पर्कमा रहने व्यक्तिहरूबाटै बढीजसो यस्ता यौनजन्य हिंसा हुने गरेको तथ्यले पुष्ट्याउँछ । जस्तैः छिमेकी, प्रेमी, शिक्षक, परिवारका सदस्य एवं साथीहरूले महिलामाथि यौनिक हिंसा गर्ने गर्छन् ।

अभिलेखीकरणमा आफूमाथि यौन हिंसा भएको जनाउँ दिनेहरूमा साक्षर महिलाहरू जसले आधार भूत शिक्षा हासिल गरेका छन्, को बाहूल्य रहेको छ । यस्ता यौन हिंसामा बढिजसो विद्यालय पढ्दै गरेका किशोरी वा बालिकाहरू त्यसपछि घरेलु काम गर्ने महिलालगायत पर्ने गरेको तथ्याङ्क संकलन भएको छ । यसले अधिकांश बालिकाहरू मानसिक र शारिरीक तवरमा परिपक्क नभइकनै यौन हिंसाबाट प्रभावित भइरहेको यथार्थ बताउँछ । मानसिक र शारिरीक रुपमा परिपक्क बन्न बाँकी रहेकै उमेरदेखि यौन हिंसामा पारिएपछिको किशोरी वा बालिकाको समग्र विकासमा नकारात्मक असर पर्ने गर्छ । विशेष गरेर उनीहरुमा पर्ने मानसिक असरले उनीहरूको मानसिक स्वास्थ्य र बौद्धिक विकासमा समेत नराम्रो असर पार्ने गर्दछ ।

घटना नं ७ (यौनिक हिंसा)

गोमा (परिवर्तित नाम) अहिले १२ वर्षकी भइन् । उनीकक्षा ६ मा पढ्दैछिन् । उनी र उनका ५ जना अरु साथीहरू ७ र ८ कक्षामा अध्यनरत छन् । एक बर्षदेखि सबै विद्यार्थीहरू गणित बिषय पढाउँदै आएका आफ्नै शिक्षकबाट बिभिन्न खाले यौन शोषणको शिकार हुँदै आइरहेका छन् । गोमा र उनका साथीहरूकाअनुसार ति शिक्षकले उनीहरूले ल्याएको खाजा खाईदिने, उनीहरूको नजिक आउन खोज्ने, भित्री वस्त्र तान्ने, ढाडमा सुम्सुम्याउने, तिमीहरूको अब विवाह गर्ने समय भयो भन्दै जिस्काउने, तिमीहरू महिनावारी भएको भन्दै झोलामा हेर्ने र झोलामा रहेको प्याड सबैलाई देखाइदिने जस्ता व्यवहार तथा क्रियाकलाप गर्दै आएका थिए । त्यस्तो अवस्थामा के गर्ने, आफुमाथि भएको दूर्व्यवहार कसलाई भन्नेबारेमा उनीहरु अलमलमा थिए । अर्कोतिर शिक्षकले यदि तिमीहरूले यस्तो कुरा विद्यालयका शिक्षक र परिवार कसैसँग भनेमा एक्लै भेट्दा जे पनिगर्न सक्ने धम्की दिएको कारणले उनीहरूले डराएका थिए । यही समयमा एकदिन ओरेक नेपालले उनीहरूको विद्यालयमा यौन हिंसा सम्बन्धी अभिमुखीकरण कार्यक्रम

सञ्चालन गरेको थियो । उनीहरूका सबै साथीहरू त्यस कार्यक्रममा सहभागी हुने मौका पाएका थिए । यसरी सहभागी हुँदाको क्रममा उनीहरूले आफुमाथि भएको दूर्व्यवहार लुकाएर राख्न हुँदैन, यसमा प्रभावितको गल्ती छैन भन्ने कुरा बुझे । उनीहरूमाथि जवरजस्ती दूर्व्यवहार गर्नेको गल्ती हो भन्ने स्पष्ट भइसकेपछि उनीहरूले आफूमाथि भएको त्यस्तो शोषणबारे कुरा भन्ने अठोट गरेर बाहिर ल्याएकाथिए ।

कार्यक्रमपश्चात् उनीहरूलाई परामर्श सेवा उपलब्ध गराइएको थियो । त्यसपछि उनीहरूले आफुमाथि भएको दूर्व्यवहारबारेमा विद्यालय तथा परिवारसँग पनि कुरा गरेका थिए । विद्यालयले पीडक शिक्षकसँग छलफल गरी एक पटक आफुलाई सुधार्ने मौकादिने र पुनः यस्ता व्यवहार दोहोरिएमा कारवाहीको प्रक्रियामाजाने सहमति गरेको थियो । त्यसपछि शिक्षकले नराम्रो व्यवहार नगरेको र शिक्षकको व्यवहारमा सुधार आएको प्रभावित विद्यार्थीहरूसँगको फलोअपबाट जानकारीमा आएको थियो ।

घटना नं ८ (यौनिक हिंसा)

मेरो बन्दना (परिवर्तित नाम) हो । अहिले म १७ वर्षकी भएँ । हाल म र मेरो दिदी सँगै अध्ययनरत छौँ । मैले १२ कक्षा राम्रोसँग उत्तीर्ण गरेर बसेको छु । हामी बसेको नजिक मेरो ठुलो बाबाको छोराहरू पनि बस्छन् । दादाहरू र हाम्रो सम्बन्ध राम्रो थियो । दादाहरू हाम्रोमा आउने र हामी दादाहरूकोमा जाने, रमाईलो गर्ने गर्थ्यौं । एक दिनदादाहरू हाम्रो कोठामा आउनु भयो । सबै सँगै बसी खाना खायौँ । दुईजना दादा काम छ भनेर जानुभयो । एक जना दादा मसँग कोठामा बस्नुभयो । मलाई एक्कासी "आउमसँग सुत" भन्यो । उसले जबरजस्ती मेरो संवेदनशील अंगहरूमा छुन थाल्यो । म डरले आत्तिएँ । रोएँ, कराएँ । तर उसले जबरजस्ती गरिरह्यो । मैले यो कुरा मेरो दिदी र अरु दादाहरूलाई भने । तर कसैले मेरो भनाइमा विश्वास गरेनन् । केही समयपछि फेरी एकदिन दिदी र म दादाहरूकोमा गएका थियौँ । साँझ परिसकेको हुनाले हामी

त्यहीँ बस्ने कुरा भयो । दादाको कोठामा २ वटा मात्र बेड थियो । एउटा वेडमा दिदीहरू र अर्कोमा म र दादालाई सुत भन्नु भयो । मैले मानिन । तर पनि वाध्य भएर सुतेँ । रातको ११/१२ कति बजेको थियो होला । उसले आफ्नो हात मेरो छातीमा राख्यो र जबरजस्ती जतातते समाउन थाल्यो । म केही बोल्न सकिन ।

यस घटनापछि मलाई मानसिक तनाव भयो । म विरामी भएँ । मेरो शरीरमा देउता आएजस्तो हुने । सबैलाई खाइदिन्छु भन्ने, दाह्रा किट्ने, रुने, कराउने, शरीर सबै बटारीने, होस् नहुने जस्तो व्यवहार गर्न थालेछु । मलाई धेरै चोटि अस्पताल लगियो । धामीकोमा फुक्न लगियो । तर मलाई सन्चो भएन । घर परिवार र छिमेकीले यसको सम्बन्ध छ भन्दै म माथि नै शंका गर्न थाले । कहिलेकाहीँ त्यो दादा मेरो घरमा आउँदा फेरी मसँग सुत म तलाई सन्चो बनाइदिन्छु भन्थ्यो । म झन् डराउँथेँ । यही घटनाले गर्दा म अब मर्छु । बाँचेर केहीकाम छैन भन्ने सोचमा पुगेको थिएँ । हाम्रो घरको नजिक ओरेक नेपालमा काम गर्ने एकजना दिदीसँग मेरो भेट भयो उहासँग आफ्ना सबै कुरा भनेँ । उहाँ मनोविमर्शकर्ता हुनुहुँदो रहेछ । उहाँसँग मनोविमर्श गरिसकेपश्चात अहिले आफुमा आत्मविश्वास बढेको छ । यस घटनामा मेरो केही दोष छैन भन्ने बुझेपछि अहिले म कलेज जान्छु । घरको सबै काम गर्छु । मलाई सन्चो भएको देखेर घरपरिवार सबै खुशी छन् । म पनि अहिले खुशी छु । आफुमाथि भएको घटना परिवारका सदस्यलाई भनिसकेपछि पीडकलाई राखेर छलफल गरियो । परिवारभित्रकै मान्छे हो, एकपटकलाई माफी दिन्छौँ । आगामी दिनमा यस्तो व्यवहार दोहोऱ्याएमा प्रहरीमा जाने धम्की दिइयो । त्यसपछि अहिलेसम्म उसले यस्तो व्यवहार दोहोऱ्याएको छैन ।

परिच्छेद ९

९ हत्या

९.१ हत्याको अवस्था

महिलामाथि हुने हिंसा मध्ये हत्याका घटनाहरू बढ्दो क्रममा रिपोटिङ्ग भईरहेको छ। महिलामाथि हुने हिंसालाई अहिले पनि परिवार तथा समाजले सामान्य अवस्थामा स्वीकार गर्दछ। जसको परिणाम महिलाहरूले आफ्नो जीवन गुमाइरहेका छन्। चरम शारिरीक तथा मानसिक हिंसापश्चात् त्यस्ता घटनाहरू बाहिर आउने डरका कारण पीडकले महिलाको हत्या गर्ने गरेका धेरै घटनाहरू छन्। श्रीमान् तथा परिवारका सदस्यबाट हत्या भएका घटनाहरूको विश्लेषण गर्ने हो भने, कतिपय घटनाहरू घरेलु हिंसाको उजुरी भएर मेलमिलाप भएका, पीडकले भविष्यमा यस्ता घटना नदोहोऱ्याउने प्रतिबद्धता गरेका र महिलाहरूले पनि एकदिन आफ्नो श्रीमान् तथा परिवारका सदस्य सुधने आशा गरेको अवस्थामा हुने गरेको पाइन्छ। यसले के देखाउँछ भने, यदि कुनै पनि हिंसाका घटनाहरूमा शून्य सहनशीलता कायम गर्न सकेमा, र पीडकले गर्ने अपराधको शुरुमा नै उजुरी गर्न सक्ने वातावरण बनेमा महिलाहरूले बिना कारण ज्यान गुमाउनुपर्ने छैन।



चार्ट नं. ४२. हत्या र हत्या प्रयासका घटना प्रतिशतमा

९.२ प्रभावितको उमेर र हत्या

हिंसा प्रभावित महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा १७ वर्ष उमेरदेखि २५ वर्ष उमेर समूहका महिलाको ४० प्रतिशत (४ जना) हत्या बढी भएको पाइएको छ। २६ देखि ३५ वर्ष उमेर समूहका, ३६ देखि ४५ वर्षका र १६ वर्षमुनिका २०-२० प्रतिशत (२, २, २ जना) महिला तथा बालिकाहरूको हत्या भएको छ।



चार्ट नं. ४३. हत्या भएका महिलाको उमेर समूह

९.३ हत्या र पीडकको प्रकार

महिलाको हत्यामा संलग्न पीडकहरूमा विशेषगरी परिवारका सदस्यको संलग्नता नै बढी रहेको पाइन्छ । ५० प्रतिशत (५ जना) महिलाको हत्या परिवारका सदस्यबाट भएको छ भने ४० प्रतिशत (४ जना) छिमेकीबाट, १० प्रतिशत (१ जना) कानूनी तथा सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर सँगै बसेका साथीबाट महिलाको हत्या भएको तथ्याङ्क यस वर्ष प्राप्त भएको छ ।



चार्ट नं. ४४. महिलामाथि भएका हत्या र पीडकसँगको सम्बन्ध

९.४ प्रभावितको शैक्षिकस्तर र हत्या

महिलामाथि हुने सबै प्रकारका हिंसा निरक्षर भन्दा बढी साक्षर महिलाहरूमाथि नै भएको पाइन्छ। यस वर्ष ८० प्रतिशत (८ जना) साक्षर महिला तथा २० प्रतिशत (२ जना) निरक्षर महिलाको हत्या भएको पाइएको छ भने साक्षर महिलाहरूमा पनि ७५ प्रतिशत (६ जना) आधारभूत शिक्षा अध्ययन गरेका तथा २५ प्रतिशत (२ जना) माध्यमिक शिक्षा अध्ययन गरेका महिलाको हत्या भएको छ।



चार्ट नं. ४५. हत्या र महिलाको शैक्षिक अवस्था



चार्ट नं. ४६. हत्या र महिलाको साक्षरताको अवस्था

९.५ प्रभावितको जात/जातियता र हत्या

यसवर्षको तथ्याङ्कले सबैभन्दा बढी हत्या हुनेमा तराई आदिवासी जनजाति महिला रहेको देखाएको छ। कुल हत्या संख्यामध्ये ४० प्रतिशत (४ जना) तराई आदिवासी जनजाति महिलाको हत्या भएको छ। ३० प्रतिशत (३ जना) पहाडे आदिवासी जनजाति, त्यस्तैगरी २० प्रतिशत (२ जना) तराई गैरदलित र १० प्रतिशत (१ जना) तराई दलित महिलाहरूको यस वर्ष हत्या भएको पाइयो।



चार्ट नं. ४७. हत्या र जातिगत अवस्था

९.६ प्रभावितको वैवाहिक अवस्था र हत्या

यसवर्षको तथ्याङ्कका आधारमा ६० प्रतिशत (६ जना) विवाहित तथा ४० प्रतिशत (४ जना) अविवाहित महिलाको हत्या भएको पाइएको छ ।



चार्ट नं. ४८. हत्या प्रभावित र वैवाहिक अवस्था

९.७ प्रभावितको हत्या र पेशागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यस वर्ष भएका हत्या प्रभावित महिलामध्ये ५० प्रतिशत (५ जना) घरायसी काममा संलग्न, २० प्रतिशत (२ जना) सामान्य व्यापार व्यवसायका संलग्न, १०-१० समान प्रतिशतमा गैरसरकारी सेवामा संलग्न, कृषि तथा पशुपालनमा तथा दैनिक ज्याला मजदुरी गरिरहेका महिलाको हत्या भएको पाइएको छ ।



चार्ट नं. ४९. हत्या र प्रभावितको पेशागत अवस्था

विश्लेषण

अनेक प्रकारका यातना, शोषण र पीडाको बाबजुद महिलाको हत्या गरिनु एक विभत्स प्रकारको हिंसा हो । यस्ता हत्याका घटनाहरू अनेक कारणले हुने गरेका छन् । विशेषतः पीडकले आफू सुरक्षित हुने वा आफ्नो अपराध लुकाउने प्रयासमा वा आवेसमा आएरै पनि महिलाको हत्या गर्ने गरिएको पाइन्छ । यद्यपि यस्ता हत्याका घटना वा हत्याका प्रयास अपवादकै रुपमा मात्रै एक्कासी हुने गरेको पाइन्छ । पीडित वा प्रभावितसँग पीडकको सम्बन्धमा आउने फाटो, तनाव वा मनमुटावले अन्तत हत्या प्रयास वा हत्यासम्म डोऱ्याएको तथ्यहरू बढिजसो बाहिर आएका छन् । ओरेक नेपालको एक वर्षको तथ्याङ्कअनुसार महिला हिंसाका प्रभावित मध्ये ५६ प्रतिशत महिलाको त्यसमाथि पनि बढिजसो विवाहितहरूको हत्या भएको र ४४ प्रतिशत महिलाको हत्याको प्रयास गरिएको छ । त्यसरी हत्या गरिएकामध्ये १७-२५ वर्ष उमेर समूहका महिलाहरूबढी थिए । २६ देखि ३५ वर्ष उमेर समूहका, ३६ देखि ४५ वर्षका र १६ वर्ष मुनिका २०-२० प्रतिशत महिला तथा बालिकाहरूको हत्या भयो ।

त्यस्ता हत्यामा संलग्न हुनेमा ५० प्रतिशत परिवारका सदस्यहरू नै रहेका छन् भने ४० प्रतिशत छिमेकीहरू र १० प्रतिशत प्रेमी वा सँगै बसेका आत्मीय व्यक्ति रहेका छन् । यसरी हत्या गरिएका महिलाहरू पनि अधिकांश तराई र पहाडे भेगका आदिवासी जनजाति समुदायकै महिलाहरू रहेका छन् । त्यस्तै गैरदलित र दलित समुदायका महिलाहरू पनि हत्या र हत्या प्रयासबाट प्रभावित भएका छन् । घरायसी काममा संलग्न महिलाहरूकै बढिजसो हत्या भएको तथ्याङ्कले महिलाहरू आफ्ना भनिएका घर, परिवारभित्रै असाध्यै असुरक्षित जीवनयापन गरिरहेका छन् भन्ने प्रष्ट पार्छ ।

घटना नं ९ (हत्या)

म शर्मीला (परिवर्तित नाम) हो । ज्याला मजदुरी गरि उनको परिवार चल्ने गर्थ्यो । २८ वर्षीय शर्मिलाको आज भन्दा १० बर्ष अगाडि प्रेम विवाह भएको थियो । उनको एक छोरी छिन् । उनको विवाह भएको केही समयसम्म मात्र श्रीमान्सँगको सम्बन्ध राम्रो थियो । श्रीमान् र घर परिवारसँग सम्बन्ध नराम्रो भएपछि उनी छोरीसहित माइती घरमा बस्न थालिन् । उनीमाथि छोरीको जिम्मेवारी थपियो । एउटा कपडा पसलमा काम गर्न थालिन् । काम गर्ने क्रममा उनको कसैसँग भेट भयो । लामो समयसम्म कुराकानीपछि उनीहरूको भेटघाट माया प्रेममा परिणत भयो । घरपरिवारले समेत उनीहरूको सम्बन्धबारे थाहा पाए । शर्मिलाले आफुहरू विवाह गर्न लागेको कुरा समेत आफ्नो दिदीहरूलाई भनिन् । उनी हुनेवाला श्रीमान्को घरमा जाने आउने, सँगै बाहिर घुम्न जाने गर्थिन् । ती पुरुष पनि शर्मिलाको घरमा आउने जाने गर्दथे ।

एक दिन बेलुका शर्मिला उनै पुरुष र उनको २ जना साथिसँगै होटलमा राती अबेरसम्म रक्सी खाएर रमाइलो गरी बसिरहेका थिए । २ जना साथीलाई घर पुऱ्याएपछि शर्मिला आफ्नो विवाहको कुरा गर्न हुनेवाला श्रीमान्सँग उनको घर गइन् । कुराकानीकै क्रममा मन नमिले पछि शर्मिलाको मुख १० मिनेटसम्म बन्द गरी मारे । राती नैशर्मिलाको टाउकोमा प्लाष्टिक लगाई र हात खुट्टा डोरीले बाँधेर बोरामा हाली कोशी ब्यारेजमा फाली दिए । प्रहरीले यी सबै कुरा अनुसन्धानका क्रममा सिसी क्यामरा फुटेजको आधारमा पत्ता लगाएको थियो । प्रभावित पक्षले प्रहरीमा मुद्दा दर्ता गऱ्यो । कानुनी सहयोगको लागि ओरेक नेपाललाई सहायता मागिएपछि ओरेक नेपालको कानुनी सहयोगमा जिल्ला अदालतमा थुनछेक बहस चलाइयो । त्यसपछि पिडकलाई पुर्पक्षका लागि जिल्ला कारागारमा चलान गरिएको छ ।

परिच्छेद १०

१०.१ बेचबिखन तथा ओसारपसार

मानव बेचबिखन तथा ओसारपसार एक विश्वव्यापी समस्या हो । नेपाल पनि यो समस्याबाट अछुतो छैन । मानव बेचबिखन एक गम्भीर अपराध हो । यो मानवअधिकार उल्लंघनको सबैभन्दा निकृष्ट र लज्जास्पद काम हो । यो अपराध आधुनिक दासत्वको रुपमामहिला, पुरुष र बालबालिका जो कोहिलाई विभिन्न उद्देश्यले विशेषगरी श्रम तथा यौन शोषणका लागि हुने गरको पाइन्छ । मानव बेचबिखन विश्वमै तेस्रो ठूलो संगठित अपराधको रुपमा रहँदै आएको छ । विश्व इतिहासमा विभिन्न कालखण्डमा दासत्व, बाध्यात्मक श्रम, बधुवा श्रम, असुरक्षित आप्रवासन, व्यावसायिक यौन शोषण, यौन दासत्व, बाध्यात्मक विवाह, बाल विवाह, बालश्रम, बाल दासत्व, धर्म-पुत्र/धर्म-पुत्रीका रुपमा शोषण, मानव अङ्ग प्रत्यारोपण आदिकालागि महिला, बालबालिका र पुरुषहरूको समेत बेचबिखन हुने गरेको छ । समयको अन्तरालसँगै यो समस्याको स्वरुप र आयाममा परिवर्तन हुँदै आइरहेको छ ।

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध विभिन्न कार्यहरू गर्दै आएको छ । वि. सं. २०५२ असोजमा महिला, बालबालिका, तथा समाज कल्याण मन्त्रालयको स्थापना भएपछि तत्कालै चेलीबेटी र बालबालिका बेचबिखन तथा देह व्यापार विरुद्ध नीति तयार गरियो । त्यसपछि २०६५ सालमा "यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिका बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना" तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । केन्द्रिय स्तरदेखि स्थानीय स्तरसम्म विभिन्न संरचनाहरू निर्माण गरिए । केन्द्रमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको संयोजकत्वमा सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरू सम्मिलित राष्ट्रिय स्तरका कार्य दल समेत गठन भयो ।

बर्दलिंदै गएको मानव बेचबिखन तथा ओसारपसारको समस्या र आयामहरूलाई वि.सं. २०४३ मातयार भएको चेलीबेटी बेचबिखन नियन्त्रण ऐनले सम्बोधनगर्न सकेन । यसर्थ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ जारी गरियो । सो ऐन तथा नियमावलीमा राष्ट्रिय, जिल्ला तथा स्थानीय

स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थायी रुपमै समितिहरू गठन गर्ने व्यवस्था गरियो ।

यस्तैगरी वि.सं. २०६८ मा मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गरियो । साथै वि.सं. २०७१ म मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ को प्रभावकारी कार्यान्वयनको लागि कार्यान्वयन योजना तयार पारी कार्यान्वयनमा ल्याइएको छ ।

महिला तथा बालबालिका बेचबिखनमा पर्नुको मुख्य कारकका रूपमा गरिबी हो भन्ने मानिएता पनि यसलाई मात्र प्रमुख कारण मान्न सकिन्न । मानिसलाई गरिब बनाउने तत्वहरू जस्तै समाजिक लैङ्गिक विभेद, जीविकोपार्जनको अभाव, संरचनागत विभेदहरू जस्ता कारणहरूलाई मानव बेचबिखन/ओसारपसारको पनि प्रमुख कारक तत्वको रूपमा लिन सकिन्छ । पापर (Poverty Reduction Strategy Papers) काअनुसार नेपालका ३८% जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । बेचबिखन तथा ओसारपसारका लागि सामाजिक तथा लैङ्गिक विभेद, जीविकोपार्जनको अभाव, समाजमा विद्यमान संरचनागत भेदभाव, प्राकृतिक प्रकोपहरू, सशस्त्र संघर्ष/गृह युद्धले मानव बेचबिखन तथा ओसारपसारको जोखिम बृद्धि गराउन प्रमुख तत्वहरूको रूपमा भूमिका खेल्छ । [1]गरिबी र रोजगारीको अवसरको अभावमा कुनै पनि खालको अवसर प्राप्तहुने आशाका कारण वा धेरै घटनाहरूमा घरेलु हिंसा अथवा सामाजिक विभेदबाट मुक्तहुनपाउने अपेक्षमा विशेषरूपमा महिला र बालबालिकाहरूलाई आफू बसेको स्थानबाट शहरी स्थानमा स्थानान्तरण गर्न दबाब सिर्जना गर्दछ । त्यसले महिला र बालबालिकामाथि बेचबिखन हुने जोखिम बढाएको छ ।

१०.२ बेचबिखनको अवस्था

यसवर्षको महिला हिंसाको कुल तथ्याङ्क १७४१ महिला हिंसाका घटनामध्ये ०.६० प्रतिशत (११) महिलाको बेचविखन र २ प्रतिशत (१९) महिला तथा बालिका बेचबिखनको प्रयासबाट प्रभावित भएका छन् । बेचबिखन तथा यसको प्रयासमा परेका महिला तथा बालिकाको कुल संख्यामध्ये ६३ प्रतिशत (१९) बेचबिखनको प्रयास भएको छ भने ३७ प्रतिशत (११) महिला तथा बालिका बेचविखनमा परेको घटना संकलन भएका छन् । जसको विवरण निम्न चार्टमा प्रस्तुत गरिएको छ

[1]मानव बेचबिखनतथाओसार पसार विरुद्ध सूचना सामाग्री ज्योति, महिला पुनस्थापना केन्द्र सन् २००२



चार्ट नं. ५०. बेचबिखन र यसको प्रयासको अवस्था

१०.३ बेचबिखन र प्रभावितको उमेर

बेचबिखनमा परेका महिला तथा बालिकाहरूको उमेर हेर्दा १७ देखि २५ वर्ष उमेर समुहका सबैभन्दा बढी ७५ प्रतिशत (६ जना) महिलाहरू अधिक मात्रामा बेचबिखनमा परेको पाइएको छ। यसैगरी १६ वर्ष भन्दा कम उमेर समुहका र २६ देखि ३५ वर्ष उमेर समूहका १३ प्रतिशत (१, १ जना) महिला बेचविखनमा परेको पाइएको छ।



चार्ट नं. ५१. बेचबिखनमा परेका महिलाको उमेर समूह

१०.४ बेचबिखन र पीडकसँगको सम्बन्ध

बेचबिखनमा संलग्न पीडित र बेचबिखनगर्ने व्यक्तितथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा ४६ प्रतिशत (५ जना) अपरिचित व्यक्तिबाट, ३६ प्रतिशत (४ जना) छिमेकीबाट, १८ प्रतिशत (२ जना) परिवारका सदस्यबाट महिला तथा बालिका बेचबिखन हुने गरेा छन् ।



चार्ट नं. ५२. बेचबिखनप्रभावित र पीडकसँगको सम्बन्ध



चार्ट नं. ५३. महिला हिंसा र पीडकको जात/जातीय विवरण

माथिको चार्टअनुसार सबैभन्दा बढी मात्रामा तराई आदिवासी जनजाति पीडकको रुपमा रहेको देखिन्छ। जसलाई संख्यात्मक रूपमा हेर्दा २० प्रतिशत (२६४ जना) रहेको छ। १८ प्रतिशत (२४० जना) पहाडे ब्राह्मण/क्षेत्री, १६ प्रतिशत (२१३) पहाडे आदिवासी जनजाति, ११-११ प्रतिशत (१४५, १४० जना) तराई गैर दलिततथा तराई दलित र ९ प्रतिशत (१२५ जना) ब्राह्मण/क्षेत्री तराई जातका पीडक रहेको पाइएको छ। त्यसैगरी, पहाडे दलित ६ प्रतिशत (८५ जना), ४ प्रतिशत मुश्लिम (४८ जना) र सोही प्रतिशत (४८ जना) पीडकहरूको जातीय पहिचान खुल्न सकेको छैन।

विश्लेषण

नेपालमा बालिका तथा महिला बेचविखनको इतिहास ज्यादै पुरानो छ । यौनका लागि, मनोरञ्जनाका लागि, बस्तु विनिमयका लागि वा अन्य थुप्रै प्रलोभन र बाध्यात्मक अवस्थाका कारण बालिका तथा महिलाहरू बेचविखनमा पर्दै आएका छन् । बालिका तथा महिलामाथि हुने अर्को अमानवीय प्रकृतिको हिंसाको स्वरुप हो बेचविखन । महिलालाई सिर्फ एक वस्तुको लिने र त्यसको मनमानी उपभोग गर्नुपर्ने तुच्छ मानसिकताका कारण यस्तो कार्यमा कमी आउन सकेको छैन । वर्षेनी नेपालका धेरै ठाउँहरूबाट बालिका तथा महिलाहरू बेचखिचनमा पर्ने गरेको तथ्य तथ्याङ्कहरू सार्वजनिक भइरहेका छन् । यद्यपि एकमुष्ट तथ्याङ्कको अभाव अझैपनि रहिरहेकै छ ।

ओरेक नेपालको यस वर्षको अभिलेखीकरणमा पनि बालिका तथा महिलाहरू बेचविखनमा परेको तथ्य छ । महिला हिंसासम्बन्धी संकलित घटनामध्येमा ४७ प्रतिशत बालिका तथा महिलाहरू बेचिएका छन् भने ५३ प्रतिशतमाथि बेचविखनको प्रयास भएको छ । यसरी बेचबिखनमा पर्ने १६ वर्ष मुनिका बालिकादेखि वयस्कसम्म रहेका छन् । यद्यपि अधिकांश बेचविखन प्रभावितको उमेर समूह भने उत्पादनशील र सक्रिय अवस्थाको रहेको छ । अर्थात् १७ देखि २५ वर्ष उमेर समूहका महिलाहरू बढि बेचविखनमा परेका छन् । त्यसमाथि पनि बढीजसो आदिवासी जनजाति समुदायकै बालिका तथा महिलाहरू त्यसबाट प्रभावित भएका छन् । बालिका तथा महिला बेचविखनमा प्रायजसो आदिवासी जनजाति समुदायकै बालिका तथा महिलाहरू पर्दै आएको टुक्रे तथ्याङ्कहरू बारम्बार सार्वजनिक हुँदै आइरहेको छ । त्यसो हुनुको पछाडिको कारण र कारक तत्वसम्बन्धी विस्तृत र सुक्ष्म अध्ययन गर्नुपर्ने खाँचो देखिन्छ ।

बेचविखनमा पारिनेहरू सेवा प्रदायक र साथीहरूबाटै ठगिएको तथ्याङ्कले देखाउँछ । त्यसअलावा छिमेकी र श्रीमान् पनि त्यस्तो कार्यमा संलग्न रहेको तथ्य पनि आएको छ । जात/जातीय रुपमा हेर्ने हो भने हरेक जात र जातीय समूह र समुदायका व्यक्तिहरू बेचविखन कार्यमा संलग्न रहेका छन् । यस हिसाबले बालिका तथा महिलाहरू सेवा प्रदायक, साथी, छिमेकी र श्रीमान्का लागि समेत बिक्री गरिनुपर्ने वस्तुको रुपमा रहँदै आएको कुरालाई यी तथ्याङ्कहरूले पुष्टि गरेका छन् ।

घटना नं. १०: (मानव बेचबिखन तथा ओसारपसार)

म गौरी (परिवर्तित नाम)। अहिले २३ वर्षकी भएँ। म सानो हुँदा बुबा बित्नु भयो। आमाले अर्को विवाह गरेर जानु भयो। मेरो घरको आर्थिक अवस्था ज्यादै कमजोर भएको कारण अरुको घरमा काम गरेर खानु पर्थ्यो। यसरी अरुको घरमा काम गर्दै म अर्को ठाउँको होटलमा मासिक ५ हजार तलब दिने सर्तमा काम गर्न थालें। मैले त्यहाँ ९ महिनासम्म काम गरें। काम गर्ने क्रममा एक जना चिनेको दाइले अर्को होटलमा सम्पर्क गराइदिनु भयो। होटल मालिकले वेटरको काम हो, राम्रो हुन्छ भने। मैले त्यही होटेलमा वेटरको काम गर्न थालें। काम गर्दै जाँदा त्यहाँ गर्नु पर्ने काम अर्कै रहेछ। त्यो होटलमा विभिन्न पुरुषहरूसँग मादक पदार्थ खानुपर्ने र यौन सम्बन्ध राख्नु पर्ने रहेछ। मैले यस्तो काम गर्दिन भन्दा तलाइँ यहाँ पूजा गर्न ल्याएको हो भन्दै गाली-गलौज गर्ने, कुटपिट गर्ने, मालिकले सँधै तैंले मेरो ग्राहकलाई खुशी पार्नुपर्छ भन्दै मार्ने डर धम्की दियो। जवरजस्ती ग्राहकहरूसँग जानलाई बाध्य पार्थ्यो। मलाई यस्तो काम गर्ने मन नहुँदा नहुँदै मालिकले धेरै यातना दिएर डर देखाई यौन सम्बन्ध राख्न लगाउँथ्यो। होटलमा नेपाली मात्र नभएर इन्डियाबाट पनि मानिस आउने गर्दथे। मालिकले तैंले मैले भने बमोजिम गरिनस् भने इन्डिया लगेर बेचिदिन्छु भन्थ्यो। एक दिन काम गर्ने क्रममा एकजना व्यक्तिसँग भेट भयो र त्यही व्यक्तिको सहयोगमा म त्यहाँबाट भागें। मलाई त्यहाँबाट भगाएको कुरा होटल मालिकले थाहा पाएपछि हामीलाई मार्ने धम्की दियो। धम्की दिएको कारण प्रहरीमा उजुरी गर्न जाँदा प्रहरीको सहयोगमा ओरेक नेपालको सुरक्षावासमा सिफारिस गरि दिनु भयो। ओरेक नेपालको सहयोगमा मुद्दा दर्ता गरी स्वास्थ्य परिक्षण गराएँ। उहाँहरूले दिनु भएको मनोविमर्श सेवाले म भित्र आत्मविश्वास जगाएको छ।

परिच्छेद ११

११.१ आत्महत्याको अवस्था

विश्व स्वास्थ्य संगठनका अनुसार आत्महत्याका कारण वर्षमा करिब ८ लाख मानिसको मृत्यु हुने गर्दछ। १५ देखि १९ वर्ष उमेर समुहका व्यक्तिहरूको मृत्युको कारणमध्ये आत्महत्या तेस्रो प्रमुख कारण रहेको छ।[१] विश्व स्वास्थ्य संगठनका अनुसार व्यक्ति स्वास्थ्य हुनु शारीरिक मात्र नभई मानसिक र सामाजिक स्वास्थ्य पनि उत्तिकै महत्वपूर्ण रहन्छ।[२] तर स्वास्थ्य भन्ने बित्तिकै शारीरिक स्वास्थ्य मात्र बुझ्ने परिपाटी छ। आम मानिसदेखि नीति निर्माणकर्ताहरू समेतले मानसिक स्वास्थ्यसम्बन्धी समस्यालाई स्वास्थ्यको प्रमुख सवालका रुपमालिएको पाइदैन। मानसिक हिसाबले स्वास्थ्य रहन सके मात्र व्यक्तिले आफ्नो क्षमताको पूर्ण अनुभव महसुस गर्नसक्छ। जीवनमा आइपर्ने अन्य तनावहरू सामना गर्न सक्छ। उत्पादक एवं सिर्जनशील कार्य गर्न सक्छ। आफ्नो समुदायमा प्रत्यक्ष योगदान पुऱ्याउन सक्छ। लैगिंक विभेदमा आधारित हिंसाले मानसिक स्वास्थ्यमा नकारात्मक असर गर्दछ। जसको परिणाम महिलाहरू आत्महत्या गर्न बाध्य भइरहेका छन्। यसवर्ष महिलामाथि भएका चरित्र हत्या, दाइजोको कारणले दैनिक रुपमा भोग्नु परेको शारीरिक तथा मानसिक यातना, जवरजस्ती विवाहका कारण आत्महत्या गर्न बाध्य बनाइएका ०.७६ प्रतिशत (१० जना) घटना अभिलेख भएका छन्।

११.२ आत्महत्या र उमेर

आत्महत्या गरेका महिलाको उमेर समूह हेर्दा सबैभन्दा बढी आत्महत्या गर्ने ४० प्रतिशत (४ जना) १६ बर्षभन्दा कम उमेर समुहका बालिका तथा किशोरी रहेका छन्। सोही प्रतिशतमा २६-३५ उमेर समूहका पनि रहेका छन्। यो उमेर समूहका महिलाले भने दाइजोका कारण पाएको दैनिक शारीरिक तथा मानसिक यातना सहन नसकी आत्महत्या गरेको पाइएको छ। यसैगरी आत्महत्या गर्नेमध्ये २० प्रतिशत (२ जना) १७ देखि २५ वर्ष उमेर समुहका महिलाहरू रहेका छन्।

[१] https://www.who.int/news-room/fact-sheets/detail/suicide.

[२] The World Health Organization (WHO) defined human health in a broader sense in its 1948 constitution as "a state of complete physical, mental and social well-being and not merely the absence of disease or infirmity."



चार्ट नं. ५३. आत्महत्या र प्रभावितको उमेर

११.३ आत्महत्या र वैवाहिक अवस्था

यसवर्ष विभिन्न कारणले ६० प्रतिशत (६ जना) विवाहित र ४० प्रतिशत (४ जना) अविवाहित महिलाले आत्महत्या गरेका घटना अभिलेखीकरण गरिएको छ ।



चार्ट नं. ५४. आत्महत्या र वैवाहिक स्थिति

११.४ आत्महत्या र शैक्षिक अवस्था

यसवर्ष भएका ९० प्रतिशत (८ जना) साक्षर र १० प्रतिशत (२ जना) निरक्षर महिलाहरूले आत्महत्या गरेको पाइएको छ। साक्षर महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा ७० प्रतिशत (७ जना) आधारभूत शिक्षा अध्ययन गरेका तथा ३० प्रतिशत (३ जना) माध्यमिक तहसम्मको अध्ययन गरेको पाइएको छ। (चार्ट नं ५५)





चार्ट नं. ५५. आत्महत्या र प्रभावितको साक्षरताको अवस्था विश्लेषण

११.५ आत्महत्या र पेशागत अवस्था

संकलन भएका आत्महत्याका घटनाहरूमा महिलाको पेशागत अवस्था हेर्दा सबैभन्दा बढी ६० प्रतिशत (६ जना) घरायसी काममा संलग्न महिला तथा ४० प्रतिशत (४ जना) विद्यालयका छात्रा रहेका छन्।



चार्ट नं. ५६. आत्महत्या र प्रभावितको पेशागत अवस्था विश्लेषण

विश्लेषण

आत्महत्या आफैले आफ्नो ज्यान र प्राण समाप्त गर्नु हो । यद्यपि यस्तो अवस्था कसरी सृजना हुन्छ वा गरिन्छ भन्ने कुरा महत्वपूर्ण हो । महिलाहरूले आत्महत्या गर्नुको पछाडिको कारण वा कारकतत्वहरू अनेक हुने गरेका छन् । ओरेक नेपालले महिला हिंसाका घटनाहरूको वर्षेनी राख्दै आएको अभिलेखीकरणले महिलाहरूले आत्महत्या गर्नुको कारणमा उनीहरूमाथि हुने शारिरीक, मानसिक र यौनिक हिंसा रहेको देखाउछ । त्यस्ता हिंसाहरू प्रायजसो घर परिवार, श्रीमान्, साथी, प्रेमीहरूले गर्ने गरेका छन् । साथै विभिन्न सामाजिक लाञ्छनाका कारण पनि आत्महत्या गरिएका घटनाहरू थुप्रै छन् । दाइजो, चारित्रिक लाञ्छना, मानसिक तनाव एवं शारिरीक यातना आदिका कारण वर्षेनी महिलाहरूले आफू बाँच्नुभन्दा मर्नु उचित ठान्ने बाध्यात्मक अवस्था उत्पन्न गरिन्छ । फलतः महिलाहरू आफैले आफ्नो जीवन समाप्त गर्ने गर्छन् । यस वर्ष ओरेक नेपालले अभिलेखीकरण गरेको कूल महिला हिंसाको घटनाको ०.७६ प्रतिशत महिलाहरू आत्महत्याको शिकार भएका छन् । जसमा कम उमेरका किशोरी एवं बालिका र उत्पादनशील उमेर, १६-३५ वर्ष उमेर समूहका महिलाहरूको संख्या धेरै रहेको छ । कम उमेरका किशोरी एवं बालिका र उत्पादनशील उमेर समूहका महिलाहरूमाथि अत्याधिक भौतिक, मानसिक तनाव र हिंसा, यौनिक हिंसा हुने गरेको तथ्याङ्कले देखाउँछ । त्यसैले पनि यहि उमेर समूहका किशोरी एवं बालिका तथा महिलाहरूले बढि आत्महत्या गर्ने गरेका छन् ।

अरु खालका हिंसामा झैँ आत्महत्या गर्नेहरूमा पनि विवाहित र साक्षर महिलाहरूको बाहूल्यता रहेको छ । पेशागत हिसाबले हेर्दा विद्यार्थी जीवनमा रहेकाहरूले बढि आत्महत्या गरेको देखिन्छ । त्यसपछि घरायसी काममा संलग्न महिलाहरू रहेका छन् । आत्महत्याका घटनाहरूका कारणबारेमा यस अध्ययनले पर्याप्त मात्रामा खोजी नगरेको हुनाले त्यसको यकिन कारणहरू किटान गर्न गाह्रो छ । यद्यपि महिलामाथि हुने हिंसाका घटनाहरूको अभिलेखीकरणसँगै आत्महत्याको घटना पनि गाँसिएको हुँदा मूलत दाइजो, घरेलु हिंसा र मानसिक तनावका कारण बालिका एवं महिलाहरूले आत्महत्या गर्ने गरेका छन् भन्न सकिने आधार भने भेटिन्छ । आत्महत्याका घटनाहरूमा पर्याप्त छानबिन र अनुसन्धान कार्य पनि हुन नसकीरहेको हुँदा पनि त्यसको कारण र आत्महत्याका लागि उक्साउने व्यक्तिहरूलाई न्यायिक प्रक्रियामा ल्याउने प्रचलन बसीसकेको छैन ।

घटना नं ११ (आत्महत्या)

५१ वर्षीय बन्दना (परिवर्तित नाम) आमा-बाबुको एकमात्र सन्तान हुन्। उनी १ वर्षको हुँदा बुबा वेपत्ता भएका थिए। आमाले पनि दोस्रो विवाह गरिन्। उनी हजुरबुबा हजुरआमासँग बस्थिन्। उनको आर्थिक अवस्था सामान्य थियो। पढाइ लेखाइ पनि सामान्य थियो। घरको काम धेरै गर्नु पर्थ्यो। १८ वर्षको उमेरमा उनको मागी विवाह भयो। श्रीमान् शिक्षक थिए। घरको आर्थिक अवस्था राम्रै थियो। श्रीमान् जाँडरक्सी खाने हुनाले उनलाई सँधै चिन्ता लागि रहन्थ्यो। विवाह भएको केही समयपछि श्रीमान्ले "तेरो माइतबाट के सम्पति ल्याएकी छेस्" भनेर रातदिन मानसिक र शारीरिक यातना दिन थाले। यसै विचमा उनको ३ वटा छोराको पनि जन्म भयो। छोराहरूलाई पढाउन उनलाई साहै समस्या भयो। श्रीमान्ले खर्च नदिने। घरमा पनि कहिले आउने कहिले नआउने गर्न थाले। श्रीमान्ले दिनहुँ रक्सी खाने, बिनाकारण निहुँ खोजी कुटपिट गरी घरबाट निस्किएर गैहाल् भनि यातना दिइ नै रहन्थे। छोराहरू ठुला हुँदै गए। जेठो र माइलो छोरो बैदेशिक रोजगारीमा गए। कान्छो छोरो काठमाडौँमा पढिरहेको छ। एकदिन परिवारमा कोही पनि नभएको समयमा श्रीमान्ले मरणासन्न हुने गरी कुटे। "घरबाट निस्केर गइहाल्" भनी धम्की दिएर श्रीमान् घरबाट बाहिरिए। घरमा काम गर्ने मिस्त्री भएकोले सकि नसकी भएपनि उनीहरूलाई खाना बनाएर खुवाइन्। साँझ श्रीमान् आएर उनलाई भातखोइ भन्दै भाँडाकुँडा फ्याँक्दै कुटपीट गरे। छिमेकीहरूले डाङ्गडुङ्ग आवाज त सुनेपनि "यिनीहरूको घरमा सँधै यस्तै त हो" भनि वास्ता गरेनन्। उनले भने श्रीमान्बाट पाएको यातना सहन नसकेर विष सेवन गरी आत्महत्या गरिन्। हाल माइती पक्षले जिल्ला प्रहरी कार्यालयमा घटनाप्रति विरोध गर्दै जाहेरी दिएका छन्। ओरेक नेपालको सहयोगमा पीडक श्रीमान्लाई ६ दिनपछि पक्राउ गरी कानूनी प्रक्रिया अगाडी बढाइएको छ।

परिच्छेद १२

पीडकको पृष्ठभूमि

१२.१. महिला हिंसा र पीडकको लैङ्गिक विवरण

यस वर्ष संकलित तथ्याङ्कअनुसार कुल १,३१९ जनामध्ये ९४ प्रतिशत हिंसा गर्ने पुरुषको संलग्नता भएको पाइएको छ। हिंसा गर्नेमा ६ प्रतिशत महिला समेत रहेका छन्। जसको विवरण निम्नबमोजिम तल प्रस्तुत गरिएको छ।



चार्ट नं. ५७. महिला हिंसा र पीडकको लैंगिकविवरण

१२.२. महिला हिंसा र पीडकको उमेर समूह

महिला हिंसा र पीडकको उमेरलाई यस वर्षको तथ्याङ्कअनुसार मुख्य गरी ६ उमेर समूहमावर्गीकरण गरिएको छ। माथिको चार्टमाउल्लेख भएबमोजिम पीडकको उमेरलाई हेर्दा २६ देखि ३५ वर्ष उमेर समूहका पीडकहरूले ४१ प्रतिशत (५४४ जना) महिलाहरूमाथि हिंसा गरेको पाइएको छ। त्यसैगरी २१ प्रतिशत (२७४ जना) पीडकहरू ३६ देखि ४५ उमेर समूहका, २० प्रतिशत (२७० जना) १७ देखि २५ वर्ष उमेर समूहका रहेका छन्। यसैगरी ९ प्रतिशत (११९ जना) ४६ देखि ५५ वर्ष उमेर समूहका रहेकाछन्। ५६ बर्षभन्दा माथिका पीडकहरू ५ प्रतिशत (६० जना) रहेको पाइयो भने १६ बर्ष मुनिका पीडकहरू ४ प्रतिशत (५२ जना) रहेको पाइयो। (चार्ट नं. ५४)।



चार्ट नं ५८. महिला हिंसा र पीडकको उमेर समूह

१२.३. महिला हिंसा र पीडकको वैवाहिकअवस्था

पीडकको वैवाहिक अवस्थाको विश्लेषण गर्दा ८५ प्रतिशत (१,११८ जना) विवाहित व्यक्तिहरूले महिलामाथिहिंसा गरेको पाइएको छ। त्यसैगरी १० प्रतिशत (१३४ जना) अविवाहित व्यक्तिहरू, १-१ प्रतिशत विवाहित तर पारिवारिक मनमुटावका कारणसँगै नबसेको र एकल महिला हिंसाका पीडक रहेका छन्। ३ प्रतिशत (३८ जना) हिंसा गर्ने पीडक व्यक्तिहरूको पहिचान खुल्न सकेको छैन (चार्ट नं ५)।



चार्ट नं ५९. पीडकको वैवाहिक अवस्था

१२.४. महिला हिंसा र पीडकको पेशा

महिलामाथि हुने हिंसा र पीडकको पेशाबारे विश्लेषण गर्दा कृषि पेशामा संलग्न भएका व्यक्तिहरू बढी रहेको पाइएको छ। महिलामाथि कृषिमा संलग्न ४० प्रतिशत (५३० जना) पीडकहरूबाट हिंसा भएको छ। त्यसैगरी २६ प्रतिशत (३४७ जना) पीडकहरू ज्याला मजदूरीमा संलग्न रहेका छन् भने ८ प्रतिशत (१०६ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, ६ प्रतिशत (८२ जना) गैरसरकारी सेवामा संलग्न व्यक्तिबाट महिलामाथि हिंसा भएको पाइएको छ। साथै ड्राइभर, आर्मी, पुलिस, शिक्षक, राजनीतिकर्मी, समाजसेवी जस्ता पेशामा संलग्न पुरूषहरूबाट पनि महिलाहरू प्रभावित भएका छन् (चार्ट नं ५८)।



चार्ट नं ६०. महिला हिंसा र पीडकको पेशागतअवस्था

१२.५. महिला हिंसा र पीडकको जात/जातीयविवरण

महिला हिंसा पीडकको जात/जातीय अवस्था पहिचान गर्ने उद्देश्यले यस वर्षको घटनालाई अध्ययन र विश्लेषण गरियो । जसअनुसार ९ विभिन्न जात/जातीय समूहको संलग्नता रहेको पाइएको छ । जसलाई निम्नबमोजिम व्याख्या गरिएको छ (चार्ट नं ५९) ।



चार्ट नं. ६१. महिला हिंसा र पीडकको जात/जातीयविवरण

माथिको चार्टअनुसार सबैभन्दा बढी मात्रामा तराई आदिवासी जनजाति पीडक रहेको देखिन्छ। जसलाई संख्यात्मक रूपमा हेर्दा २० प्रतिशत (२६४जना) हुन आउँछ भने १८ प्रतिशत (२४० जना) पहाडे ब्राह्मण/क्षेत्री, १६ प्रतिशत (२१३ जना) पहाडे आदिवासीजनजाति, ११-११ प्रतिशत (१४५, १४० जना) तराई गैर दलित तथा तराई दलित र ९ प्रतिशत (१२५ जना) तराई ब्राह्मण/क्षेत्री समुदायका पीडक रहेको पाइएको छ। त्यसैगरी, पहाडे दलित ६ प्रतिशत (८५ जना), ४ प्रतिशत मुश्लिम (४८ जना) र सोही प्रतिशत (५९ जना) पीडकहरूको जात/जातीय पहिचान खुल्न सकेको छैन।

विश्लेषण

नेपाली समाजमा बहुसंख्यामा सँधै नै महिलाहरू पीडित र प्रभावित नै रहँदै आएका छन्। त्यसो हो भने पीडक चाहिँको हो त ? धेरैजसो अध्ययन अनुसन्धानहरूले देखाइसकेको कुरा हो, पीडितहरू प्रायपुरुष नै हुने गरेका छन्। ओरेक नेपालको अभिलेखीकरणबाट पनि यहि तथ्य बाहिर आएको छ। पीडकको रुपमा बाहूल्य संख्यामा पुरुषहरू नै रहेको तथ्य संकलनभएको छ। यद्यपि

पुरुष मात्रै सँधै पीडक भइरहन्छ वा सबै पुरुषहरू पीडक नै हुन्छन् भन्ने यो तथ्याङ्कको विश्लेषण गरिनु अनुचित हुन्छ। संकलित तथ्याङ्कले ९४ प्रतिशत पीडक पुरुष र ६ प्रतिशत पीडकमा महिला रहेको देखायो। यसले सबै महिला सँधै पीडित वा प्रभावित मात्रै हुँदैनन् भन्ने तथ्यलाई पनिबाहिर ल्याएको छ। यद्यपि नेपाली समाजको संरचना, पितृसत्तात्मक अभ्यास र व्यवहारका कारण महिलाहरूमाथि अधिक मात्रामा हिंसा हुँदै आइरहेको जटिल समस्यालाई केन्द्रमा राखेर यो तथ्याङ्क निर्माण र विश्लेषण गरिएको हो।

जसरी हिंसा प्रभावितको उमेर, पेशा, जात/जातीय पृष्ठभूमिमा विविधता रहेको छ, त्यस्तै गरेर पीडकको सन्दर्भमापनिलागू हुन्छ। १६ वर्षमुनिको उमेर समूहदेखि ५६ वर्षमाथिका समेत पीडकको रुपमा रहेको तथ्य हामी सामु छ। तर बढिजसो अर्थात् संकलित तथ्याङ्कको ४१ प्रतिशत २६ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिहरू पीडकको रुपमा रहेका छन्। यसले पीडित र पीडकको उमेर समूहमा पनि समान देखिन्छ। त्यस्तै ८५ प्रतिशत विवाहित व्यक्तिहरू पीडक रहेका छन्। पेशागत हिसाबले हेर्दा हरेक क्षेत्रमा संलग्न रहेका व्यक्तिहरू रहेपनि बढिजसो कृषि तथा ज्याला मजदुरीमा संलग्न व्यक्तिहरू रहेको देखिन्छ। त्यस्तै जातजातीय पृष्ठभूमि हेर्दा पनि सबै सामाजिक समूहकाहरूको संलग्नता रहेको देखायो। जसमध्ये आदिवासी जनजाति र ब्राह्मण क्षेत्री समुदायका व्यक्तिहरूको बढि संलग्नता रहेको देखायो। यसले स्पष्ट हुन्छ, प्रभावित जस्तै पीडक पनि हरेक समूह, समाज, स्थानमा उत्तिकै हुन्छन्। किनकी पितृसत्ता, पुरुषत्व, उचनिच सोच, अभ्यास र संस्कार सबैको निजी एवं सामाजिक जीवनको अभिन्न अंग बनेको छ।

परिच्छेद १३

सञ्चार अनुगमन

१३.१. प्रकाशन भएका महिला हिंसाका घटनाको मासिक विवरण

ओरेक नेपालले राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाका समाचारको निरन्तर अनुगमनगर्दै आइरहेको छ। उक्त अनुगमनकै आधारमा महिला हिंसाको वर्तमान अवस्थालाई मासिक प्रतिवेदनको रुपमा सार्वजनिक गर्दै आइरहेको छ। पछिल्लो एक वर्षमा सञ्चार माध्यमबाट कुल ५९० वटा महिला हिंसाका घटना सार्वजनिक भएका छन्। ओरेक नेपालले अभिलेख गरेका घटना सञ्चार माध्यमले प्रकाशन गरेको भएतापनि एउटै घटना दोहोऱ्याएर अभिलेख राखिएको छैन। तसर्थ एउटा घटनालाई एकै पटक मात्रै गणना गरिएको छ ।

पत्रपत्रिकाहरूमा आउने घटनामा ओरेक नेपाललाई आवश्यक पर्ने पर्याप्त विस्तृत विवरण प्राप्त नहुने हुँदा, ती घटनाका आधारमा पुग्दो विश्लेषण गर्न सकिएको छैन। यद्यपि सञ्चारमाध्यममा प्रकाशित घटनाहरूले महिला हिंसाको वर्तमान अवस्था र प्रकृतिलाई देखाउने हुँदा उपलब्ध सूचनाका आधारमा तलको विश्लेषण तयार गरिएको छ।

१३.२. मासिक विवरण

यसवर्ष पत्रपत्रिकामा आएका महिला हिंसाका घटनाहरूको मासिक विवरण यसप्रकार रहेको छः



चार्ट नं ६२. दैनिक राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटना



चार्ट नं ६३. दैनिक राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको प्रकार

एक वर्षको राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा प्रकाशित समाचारले देखाउँछ कि सबैभन्दा धेरै बलात्कारका घटना सार्वजनिक भएका थिए । कुल ५९० वटा घटनामध्ये ४६ प्रतिशत (२६९ वटा) बलात्कार सम्बन्धी समाचार प्रकाशित भएका छन् । त्यसैगरी १८ प्रतिशत (८४ वटा) हत्या, ६-६ प्रतिशत (३७ र ३३ वटा) बलात्कारको प्रयास र यौन दूर्व्यवहारको घटना रहेका छन् । यसैगरी ५ प्रतिशत (२७ वटा) र सोही प्रतिशतमा २७ वटा शारीरिक हिंसा भएको घटना सञ्चार माध्यममा सार्वजनिक भएको थियो । यसैगरी ३ प्रतिशत १६ जनालाई बोक्सीको आरोपमा हिंसा भएको, २ प्रतिशत १२ जनाको हत्या प्रयास गरिएको, सोही प्रतिशतमा १० जनामाथि मानसिक हिंसा भएको, सोही प्रतिशतमा नै १० जनालाई बेचविखन गरी हिंसा भएको समाचार प्रकाशित भएका थिए । साथै एसिड आक्रमण, बेचविखनको प्रयास, बालविवाह, अपहरण, साइबर अपराध जस्ता घटना पनि सञ्चार माध्यममा आए । जसको विवरण सहितनिम्न चार्टमा प्रस्तुत गरिएको छ:

१३.३. पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको प्रदेश अनुसारको स्थिति

यस वर्ष पत्रपत्रिकामा सबै भन्दा बढी २४ प्रतिशत प्रदेश नं ३ मा महिला हिंसाका घटना भएको प्रकाशित भएको थियो । यसैगरी प्रदेश नं. १ मा २३ प्रतिशत, प्रदेश नं. २ मा २० प्रतिशत, प्रदेश नं. ५ र प्रदेश नं. ६ मा १०-१० प्रतिशत, प्रदेश नं. ४ र प्रदेश नं. ६ मा ७-७ प्रतिशत घटनाहरू भएको तथ्यांकले देखायो ।



चार्ट नं. ६५. पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिति ।

परिच्छेद १४

१४.१ प्रभावितलाई ओरेकले गरेको सहयोग विवरण

ओरेक नेपालले आफ्नो स्थापनाकालदेखि नै हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच सुनिश्चित गर्न हिंसा प्रभावित महिलालाई विभिन्न किसिमको सहयोग गर्दै आएको छ। अधिकांश हिंसा प्रभावितले सहयोगी संयन्त्रको अभावमा आफूमाथि भएको अपराधविरुद्धमा आवाज उठाउन सकेका छैनन्। यस्तो अवस्थामा उनीहरू न्यायबाट बञ्चित हुनुपरेको छ। न्याय पाउनु हरेक व्यक्तिको अधिकार हो। यसर्थ हिंसा प्रभावित महिलालाई न्याय पाउने वातावरण बनाउनका लागि दिइएका सेवालाई यस परिच्छेदमा राखिएको छ।

यसवर्ष संस्थाले अभिलेख गरेका घटनाका प्रभावित महिलामध्ये ३९० जना महिलालाई सुरक्षित आवासको सेवा प्रदान गरिएको छ। २८५जना हिंसा प्रभावित महिलालाई मनोविमर्श सेवा, २ ९५ जनालाई कानुनी परामर्श, १०४ जनालाई कानुनी सहयोग प्रदान गरिएको छ। यस्तै सुरक्षितवासमा रहेकाहरूमध्ये १४९ जनालाई विभिन्न विषयमा अभिमुखीकरण गरी सहयोगी संयन्त्रबारे जानकारी दिइयो। १०७ जना प्रभावितलाई स्वास्थ्योपचार तथा १२ जनालाई प्रसुती स्वास्थ्यउपचार सेवा उपलब्ध गराइएको छ। यस्तै २१८ जना हिंसा प्रभावित महिलालाई अन्य सहयोग जस्तै पढाई-लेखाई, लत्ता कपडा र यातायात सहयोग गरिएको थियो। साथै सुरक्षितबासमा आएका ३९० मध्ये ३१० जनाको समस्या बुझी पुनर्स्थापना गरियो। ३५ जन हिंसा प्रभावित महिलालाई अवस्था हेरी आवश्यक सहयोगका लागि रेफर गरियो। जसको विवरण तलको निम्न चार्टमा प्रस्तुत गरिएको छ।



चार्ट नं. ६६. संस्थाद्वारा सुरक्षित आवासमार्फत प्रदान गरिएका सेवा विवरण

१४.२. ओरेकको हटलाइन सेवामार्फत् सम्पर्कमा आएका महिला हिंसाका घटनाहरु

हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसाबारे सहज रुपमा उजुरी गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोही पनि महिला न्यायबाट बञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले निःशुल्क हटलाईन सेवा सञ्चालन गर्दै आइरहेको छ। जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन्। ओरेक नेपालका हटलाईनमा महिलाले विशेषगरि हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै कानुनी परामर्श सहायता, सुरक्षित आवास लगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा परामर्श लिने गरेका छन्।

यसवर्ष ओरेकका ४ वटा कार्यालयमा हटलाइन सेवामार्फत् २१२ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए। जसको विवरण निम्नानुसार उल्लेख गरिएको छ।



चार्ट नं. ६७. हटलाइमा सम्पर्कमाआएकामहिला हिंसाका घटनाको प्रकार

यस वर्ष संकलन भएका कूल २१२ घटनामध्ये १०२ वटा काठमाडौँमा, ८५ वटा मोरङ, २६ वटा दाङ्ग र ११ वटा कैलालीको कार्यालयमा दर्ता भएका हुन् ।



चार्ट नं. ६८. हटलाइनमा आएका घटनाको जिल्लागत दर्ता विवरण

परिच्छेद १५

मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिला तथा किशोरीहरुमाथि हुने हिंसा

१५.१ मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाको अवस्था

दोहोरी, डान्सबार, मसाज पार्लर, खाजाघर र क्याविन रेष्टुरेष्ट गरीकन जम्मा पाँचवटा क्षेत्रमा कार्यरत महिला तथा किशोरीहरूलाई समेटेर मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूमाथि भएको हिंसालाई यो खण्डमा समेटिएको छ । यी पाँचवटा क्षेत्रलाई औपचारिक वा व्यवासायिक रोजगारीको क्षेत्रको रुपमा समेटिन बाँकी छ । त्यसले पनि यी क्षेत्रहरूमा कार्यरत महिलाहरूमाथि हुने हिंसाको जोखिमलाई बढाएको छ । यस क्षेत्रमा कार्यरत महिलाहरूमाथि अनेक प्रकारका हिंसा हुने गरेका छन् । जसमध्ये विभिन्न ९ प्रकारका- कुटपिट, बहुविवाह, मानसिक हिंसा, विद्युतीय/अनलाइन अपराध, नागरिकता र जन्मदर्ताबाट बञ्चित, यौनजन्य दूर्व्यवहार, बलात्कार, जातीय विभेद र ज्यान मार्ने धम्कीलगायतका हिंसात्मक घटनाहरूको अभिलेख गरिएका छन् । यस्ता हिंसात्मक क्रियाकलापका पीडक आफ्नै श्रीमान्, प्रेमी, रोजगारदाता, ग्राहकदेखि घरबेटीसम्म रहेका छन् ।

मनोरञ्जन क्षेत्रलाई हिंसा रहित, सुरक्षित, सम्मानित र व्यवस्थित कार्यस्थलको रुपमा स्थापित गर्न 'महिलाका निम्ति महिला मञ्च' नामक संस्था सक्रिय रहेको छ । यहाँ समावेश खण्ड मञ्चद्वारा उपलब्ध तथ्याङ्कको आधारमा तयार पारिइएको हो । २०७५ साउनदेखि २०७६ असारमा अभिलेखिकरण गरिएका महिला माथि भएका हिंसाका घट्नाहरू यहाँ समावेश गरिएका छन् । यी घटनाहरू स्वयं हिंसा पीडितहरू महिलाका निम्ति महिला मञ्चको कार्यलयमा गुनासा लिएर आएकाहरूको मात्रै हो । यो एकवर्षमा जम्मा ५५ वटा यस्ता हिंसाका घटनाहरू लिएर मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरू काठमाडौंस्थित मञ्चको कार्यलयमा आइपुगेका थिए । प्रभावितहरू आफै गुनासा गर्न आएकाहरूको मात्रै तथ्याङ्क भएको हुँदा यसले मनोरञ्जन क्षेत्रभित्र

हुने हिंसालाई पूर्ण रुपमा प्रतिनिधित्व गर्दैन । यद्यपि यो तथ्याङ्कले मनोरञ्जन क्षेत्रभित्र महिला तथा किशोरीहरूमाथि हिंसा हुने गरेको तथ्यलाई त्यसका केही स्वरुपहरूसहित उजागर गरेको छ । यो क्षेत्रभित्र हुने गरेको हिंसालाई थप बाहिर ल्याउनु र त्यसको अन्त्यको लागि पहल गरिनु उत्तिकै आवश्यक छ भन्नेतर्फ सोच्न घच्घचाउँछ ।

१५.२. मनोरञ्जन क्षेत्रमा कार्यरत किशोरी तथा महिलाहरुमाथि भएको हिंसाको प्रकार

२०७५ साउनदेखि २०७६ असारसम्मको अवधिमा अभिलेखिकरण गरिएको तथ्याङ्कअनुसार मनोरञ्जन क्षेत्रमा संलग्न महिला तथा किशोरीहरूमाथि विभिन्न ९ प्रकारका हिंसा भएका छन् । जसमा सबैभन्दा बढी विभिन्न खालको डर धम्काद्वारा मानसिक हिंसाबाट प्रभावित महिलाहरू १३ प्रतिशत (१४ जना) रहेका छन् । त्यसपछि कुटपिटबाट प्रभावित महिलाहरू १० प्रतिशत (११ जना) रहेका छन् । यौनजन्य दूर्व्यवहार र विद्युतीय अर्थात् अनलाइन हिंसा बाट प्रभावित ६/६ प्रतिशत (७/७ जना), जन्मदर्ता र नागरिकताबाट वञ्चित ५ प्रतिशत (६ जना), बहुविवाहबाट प्रभावित ५ प्रतिशत (५ जना), बलात्कार र जातीय विभेदबाट २/२ प्रतिशत (२/२ जना) र ज्यान मार्ने धम्कीबाट १ प्रतिशत (१ जना) प्रभावित भएका छन् ।



चार्ट नं. ६९. मनोरञ्जन क्षेत्रमा कार्यरत किशोरी तथा महिलाहरूमाथि भएको हिंसाको प्रकार

१५.३. प्रभावितको उमेर

मनोरञ्जन क्षेत्रमा कार्यरत प्रभावित किशोरी एवं महिलाहरूको उमेर समूहलाई १८ वर्ष भन्दा माथि र त्यसभन्दा मुनिका उमेर समूहको रुपमा दुई भागमा वर्गीकरण गरिएको छ। त्यसअनुसार ४९ जना १८ वर्षभन्दा माथिका उमेर समूहका महिला र ६ जना १८ वर्ष भन्दा तलका किशोरीहरूमाथि माथि उल्लेख गरिएको ९ प्रकारको हिंसा भएको छ। मनोरञ्जन क्षेत्रमा १८ वर्षभन्दा माथिका उमेर समूहका महिलाहरूको संलग्नता बढि रहेकोले पनि यही उमेर समूहका महिलामाथि बढी हिंसा भएको हो। यद्यपि १८ वर्ष भन्दा कम उमेर समूहका किशोरीहरू पनि संलग्न रहेका र उनीहरूमाथि पनि उत्तिकै हिंसा भइरहेको तथ्यलाई पनि उत्तिकै ध्यानपूर्वक हेरिनुपर्दछ। यो उमेर समूहकाहरूमाथि हिंसाको जोखिम अझ बढी नै हुने र त्यसको असर पनि बढी नै पर्ने हुँदा यसतर्फ विशेष ध्यान पुऱ्याउनु जरुरी छ।



चार्ट नं ७०. प्रभावितको उमेर

१५.४. प्रभावितहरुको वैवाहिक स्थिति

एक वर्षभित्र गुनासा गरिएका हिंसाका घटनाअनुसार प्रभावितहरुको वैवाहिक अवस्था केलाइएको थियो । जसअनुरुप हिंसा प्रभावितमध्ये ४२ प्रतिशत (२३ जना) विवाहित, ३१ प्रतिशत (१७ जना) अविवाहित, १६ प्रतिशत (९ जना) विवाहित तर पारिवारिक मनमुटावका कारण छुटिएर बसेका र ११ प्रतिशत (६ जना) पारपाचुके भएका महिलाहरू रहेका छन् । यस क्षेत्रमा पनि हिंसामा पर्नेमध्ये अधिकांश विवाहित महिलाहरू नै रहेका छन् ।



चार्ट नं ७१. प्रभावितको वैवाहिक स्थिती

१५.५. प्रभावितको शैक्षिक अवस्था

मनोरञ्जन क्षेत्रमा पनि अधिकांश साक्षर महिलाहरूमाथि नै हिंसा भएको तथ्याङ्क फेला परेको छ। जसमध्ये ४२ प्रतिशत (२३ जना) साक्षर, माध्यमकि तहसम्मको पढाई गरेका २५ प्रतिशत (१४ जना), निम्न माध्यमिक तहसम्मको पढाई गरेका २२ प्रतिशत (१२ जना) र उच्च माध्यमिक तहसम्म अध्ययन गरेका ११ प्रतिशत (६ जना) महिलाहरू रहेका छन्।



चार्ट नं. ७२. प्रभावितको शैक्षिक अवस्था

१५.६. प्रभावितको जात/जातीय विवरण

मनोरञ्जन क्षेत्रमा बढिजसो हिंसामा पर्नेहरू आदिवासी जनजाति समुदायका महिला तथा किशोरीहरू रहेको तथ्याङ्कले देखाएको छ। जसअनुसार ४४ प्रतिशत (२४ जना) आदिवासी जनजाति, ३६ प्रतिशत (१९ जना) अन्य र २२ प्रतिशत (१२ जना) दलित समुदायका किशोरी तथा महिलाहरू हिंसा प्रभावित बनेका छन्।



चार्ट नं ७३. प्रभावितको जात/जातीय विवरण

१५.७. प्रभावितको पेशा

विभिन्न खालका ५ वटा मनोरञ्जनका क्षेत्रहरूमध्ये सबैभन्दा बढी हिंसाका घटनाका उजुरी लिएर आउनेहरू दोहोरी साँझमा कार्यरत महिलाहरू रहेका छन् । दोहोरी साँझमा कार्यरत २२ जना, खाजा घरमा कार्यरत ७ जना, डान्स बारमा कार्यरत ७ जना, स्पा मसाजमा कार्यरत ३ जना र यीबाहेकका अन्य क्षेत्रहरूमा कार्यरत १६ जना महिलाहरू रहेका छन् । यी घटनाहरू पीडित वा प्रभावित स्वयंकै उजुरीको आधारमा मात्रै संकलित तथ्याङ्क भएको हुँदा मनोरञ्जन क्षेत्रमध्ये दोहोरी साँझमा नै बढी हिंसा हुने गर्छ भन्ने विश्लेषण निकाल्न भने सकिदैन ।



चार्ट नं ७४. प्रभावितको पेशा

१५.८. प्रभावित र पीडकको सम्बन्ध

मनोरञ्जन क्षेत्रमा पनि सबैभन्दा बढी महिलाहरू श्रीमान् र प्रेमीबाट पीडित बनेका छन् । कूल प्राप्त घटनाहरूमध्ये ४५ प्रतिशत (२५ जना) श्रीमान्बाट, २३ प्रतिशत (१३ जना) प्रेमीबाट, १३ प्रतिशत (७ जना) रोजगारदाताबाट, ८ प्रतिशत (४ जना) साथीबाट, ५ प्रतिशत (३ जना) अपरिचित व्यक्तिबाट, ३ प्रतिशत (२ जना) परिवारका सदस्यबाट र २ प्रतिशत (१ जना) घरबेटीबाट पीडित भएका छन् ।



चार्ट नं ७५. प्रभावित र पीडकको सम्बन्ध

१५.९. पीडकको उमेर

हिंसामा संलग्न पीडकको उमेर समुहमा २५ वर्ष भन्दा तलका ६ जना, २५ देखि ३५ वर्ष उमेर समूहका २९ जना, ३५ देखि ४५ वर्ष उमेर समूहका १४ जना र ४५ वर्ष भन्दा माथिका उमेर समूहका ६ जना रहेका छन् । हिंसामा संलग्न हुने पीडकहरूमा बढीजसो २५ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिहरू रहेका छन् ।



चार्ट नं ७६. पीडकको उमेर समूह

१५.१०. पीडकको पेशा

हिंसामा संलग्न पीडकको पेशाको सन्दर्भमा विश्लेषण गर्दा जम्मा ८ खालका पेशा-व्यवसायमा संलग्न रहेको तथ्याङ्क छ। जसमध्ये चालक पेशाका १९ जना, व्यापार व्यवसायमा संलग्न १४ जना, गायन क्षेत्रका ९ जना, बैदेशिक रोगजारदाता ४ जना, राजनीतिकर्मी ३ जना, फिल्म क्षेत्रमा संलग्न २ जना, कुनै पेशा व्यवसाय नगर्ने व्यक्ति २ जना, पेशा खुल्न नसकेको २ जना रहेका छन्। चालक पेशामा संलग्न व्यक्तिहरूको संख्या धेरै भएपनि मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूमाथि हिंसा गर्ने व्यक्तिहरू प्रायजसो धेरैवटा पेशा र व्यवसायमा संलग्न रहेकाहरू हुने गरेको यसले देखाउँछ।



चार्ट नं ७७. पीडकको पेशा

विश्लेषण

मनोरञ्जन क्षेत्रलाई नेपाली समाज र राज्यले रोजगारीको क्षेत्रको रुपमा नसमेटेको हुँदा यस क्षेत्रमा कार्यरत महिलाहरूले आफ्नो पेशाबारे भन्न सकिरहेका छैनन् । त्यसले उनीहरूमाथि भएका विभिन्न खालका हिंसा र शोषणहरूबारेमा उजुरी गर्ने वा गुनासो गर्ने ठाउँ नै सृजना हुन दिएको छैन । उनीहरूमाथि भएको हिंसाविरुद्धमा आवाज उठाउदा कार्यरत क्षेत्रबारे पनि सार्वजनिक हुँदा त्यसले पारिवारिक सम्बन्ध बिग्रने डर, समाजबाट बहिष्कृत हुने डर, गरिरहेको कामबाट पनि वञ्चित भएपछिको बेरोजगारीपनको डर र फेरिपनि अर्को गम्भीर खालको हिंसाको शिकार हुनसक्नेलगायतका डरहरूसँग उनीहरू जुधीरहेका छन् । यस्तोमा न्याय प्रकृयामा जानु अगावैका अनेक चुनौति र डर त्रासले मनोरञ्जन क्षेत्रमा संलग्न महिला तथा किशोरीहरू भयभित छन् । उनीहरूमाथि हुने हिंसाबारे जानकार भएपनि त्यस्तो हिंसा र शोषणविरुद्ध बोल्ने हिम्मत जुटाउनको लागि कुनैपनि खालको सहयोगी संयन्त्र र उचित वातावरणको एकदमै अभाव छ । त्यसैले हिंसा सहेर बस्नु पर्ने बाध्यत्मक अवस्थामा उनीहरू काम गरिरहेका छन् । जति हिंसाका घटनाहरू बाहिर आउँछन् तिनको पनि उचित तरिकाले संबोधन गरिदैन । त्यसले झनै निराशाको स्थिति पैदा गरिदिन्छ । त्यसले यस क्षेत्रमा संलग्न महिलाहरूमाथि हुने हिंसालाई न्यायिक प्रक्रियामा ल्याउनको लागि शुरुआती चरणमै समस्या देखिएको छ ।

निष्कर्ष र सुझावहरु

हाम्रो समाजमा महिलामाथि हुने हिंसा विकराल स्वरुपमा छ । विश्वभरि नै एक जटिल समस्याको रुपमा रही आएको महिला हिंसाले महिलाको आधारभूत मानवअधिकार उपभोगमा समेत बन्देज लगाएको छ । यो समष्टिमा मानव अधिकारको उल्लंघन र हनन्को गम्भीर विषय हो । आफ्नै घर, परिवार, समाज र विश्वासनीय मानिएकाहरूबाटै हिंसामा पर्नु, पीडा या यातनामा पारिनु, त्रास र डरमा बाँच्नुले उनीहरूको सुरक्षित र स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारबाट वञ्चित गरेको छ ।

कानूनतः महिलामाथि हुने हरेक प्रकारका हिंसा अपराध हो । यद्यपि यस्ता अपराधिक क्रियाकलाप र घटनाहरू निरन्तर हुँदै र गरिदै आइएको हुँदा महिला हिंसा अन्त्य भएको समाजको परिकल्पना एक महत्वकांक्षामा सीमित भएको छ । ओरेक नेपालले वर्षेनी महिला हिंसाका घटनाहरुको अभिलेख गर्दै त्यसको बिश्लेशणात्म प्रतिवेदन सार्वजनिक गर्दै आइरहेको छ ।तथ्यहरूले समग्र समेट्न सकेको छैन । ओरेक नेपाल बाट महिलामाथि हुने हिंसाका जे जति तथ्य-घटनाहरू संकलित तथा अभिलेख हुँदै आएका छन्, त्यसले के स्पष्ट पारेको छ भने बालिका र महिलाहरू उनीहरूको जैविक एवं सामाजिक लैङ्गिक पहिचानकै कारणले वर्षेनी अनेक खालका हिंसाबाट प्रभावित हुँदै आएका छन् । त्यसमा उनीहरूको अन्य विविध पहिचानहरु- जस्तै, जात/जातीयता, वर्गीयता, आर्थिक विपन्नता, शैक्षिक तथा सामाजिक स्तर, धार्मिक तथा सांस्कृतिक चालचलनलगायत पक्षहरू पनि सँगसँगै गाँसिएर आउछन् । समग्रमा हरेक भेग/भूभाग, धर्म/संस्कृति, जात/जातीयता, वर्ग, समाज/समुदायमा सबै खालका महिला हिंसा हुने गर्छ । सातवटै प्रदेशबाट एक वर्षभित्र संकलन गरिएका कूल १ हजार ३ सय १९ महिला हिंसा र त्यसभन्दा पहिले पहिलेका वर्षहरूमा समेत संकलन गरिएका तथ्याङ्कले त्यही पुष्टि गरेको छ ।

महिलामाथि हुने हिंसा विरुद्ध बिभिन्न संघ संस्था, सरकारी तथा गैरसरकारी निकायहरुको प्रयासका बावजुद ओरेक नेपालले वर्षेनी महिला हिंसाका घटनाहरूको अभिलेखीकरण गर्दै आउँदा त्यस्ता घटनाहरूमा कमी आएको वा सुधार भएको तथ्य पाउन सकिएको छैन । बरु महिला हिंसाका नयाँ नयाँ स्वरुप र प्रकारहरू साथै त्यसका अने असरहरू देखा पर्दै गइरहेको तथ्यसँग अवगत

हुने क्रम बढ्दो छ। उही समाज, उही समुदायभित्र लगातार महिला हिंसा भइरहनुले हाम्रो समाजमा महिलाको हकमा केही परिवर्तन र उपलब्धिहरू भएपनि उनीहरूको वास्तविक अवस्था र हैसियतमा ठोस परिवर्तन नभएको स्थिति चित्रण गर्छ। समग्रमा महिलामाथि हेर्ने विभेदित, अपमानजनक र अमर्यादित दृष्टिकोण, व्यवहार र सोहीअनुरुपका अभ्यासहरूको प्रभुत्व रहीहनुले महिलामाथि हुने हिंसालाई मलजल गरिरहेको छ।

विगतको तुलनामा महिलाहरूको हिडडुलको दायरा फराकिलो भएको छ। महिलाको संलग्नताको क्षेत्र बढ्दै गइरहेको छ। प्रायजसो सार्वजनिक र निजी क्षेत्रका व्यवसायिक निकायहरूमा उनीहरुको उपस्थिति बढ्दो छ। यो सकारात्मक पक्ष हो तर यस सँगै अर्को वास्तविकता पनि छ- महिलाहरू जहाँ जहाँ संलग्न हुन्छन् वाभएकाछन्, ती ती स्थान, क्षेत्र र वृत्तहरूभित्रै उनीहरू हिंसामा परेका छन्। किनकी महिलामाथि हुने हिंसा उनीहरुको लैंगिकताकै आधारमा गर्ने गरिएको छ। कूल जनसंख्यामध्ये आधाभन्दा बढी रहेका महिलाहरू प्रायजसो पीडित वा प्रभावितमा पारिनु र पीडक वा आरोपितको खेमामा बढीजसो पुरुषहरू नै देखिनुमा हाम्रो सामाजिक संरचना र राज्यको शासकीय संरचना आफै लैंगिक रुपमा असमान र विभेदित हुनु हो। महिलामाथि हुने शारिरीक, मानसिक, आर्थिक, राजनीतकि हिंसाको व्यापक पृष्ठभूमिलाई राज्य र सामाजिक संरचनाले सदैव मलजल गरिरहेको हुनाले महिला हिंसा अन्त्यका अनेक प्रयास र संघर्षहरूका बाबजुद पनि यसकोन्यूनीकरण हुन सकिरहेकोछैन।

दस्तावेजीकरण गरिएका घटनाहरूले महिलाहरू विभिन्न एघार खालका– घरेलु हिंसा, सामाजिक हिंसा, बलात्कार, यौन हिंसा, बलात्कार प्रयास, बेचविखन, बेचविखन प्रयास, हत्या, आत्महत्या, हत्या प्रयास र अन्य खालका हिंसाहरूबाट महिलाहरू प्रभावित भएको पुष्टि गरेको छ। महिलाहरू जहाँसुकै रहून्, चाहे घरमा होस् वा सामाजिक क्षेत्रमा उनीहरू कुनै न कुनै प्रकारको हिंसाबाट प्रभावित भएको अवस्था छ। आफ्नो व्यक्तिगत सम्बन्धदेखि सामाजिक सम्बन्धहरूमा महिलाहरू अनेकौं प्रकारका हिंसामा पर्दै आइरहेका छन्। कतिपयले अनाहकमै ज्यान समेत गुमाएका छन्। तसर्थ सामाजिक न्याय, दिगो विकास, स्थायी र दीर्घकालिन शान्ति र राष्ट्रिय सद्भावका खातिर महिला हिंसाको अन्त्य जरुरी छ। यसप्रति विमति राख्ने वा यसलाई नकार्ने सायदै होलान्। महिला हिंसा न्यूनीकरण तथा अन्त्यका लागि स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय तहसम्म अनेक प्रयत्नहरू हुँदै आएका छन्। त्यस्ता प्रयत्नहरू आफैमा महत्वपूर्ण छन् यद्यपि यस्ता प्रयत्नहरू आफैमा पर्याप्त भने पक्कै छैनन्। यस्तो हिंसा सदियौँदेखि अभ्यासमा रहँदै आएको हुँदा त्यसलाई निमूल पार्न केही समूह वा समुदाय स्तरको प्रयासले मात्रै सम्भव छैन।

महिला हिंसा महिलाका सरोकारको विषय मात्रै हैन भन्ने कुरा स्थापित हुन बाँकी छ। सामाजिक न्याय र लैङ्गिक न्यायपूर्ण समाज निर्माणको लागि महिला हिंसाको मुद्दा राष्ट्रिय एजेण्डाको रुपमा प्राथमिकता पाउनुपर्छ। त्यसो गरिदा महिला हिंसाभित्रका विभिन्न स्वरुप र प्रकारहरूको जटिलतामाथि विशेष ध्यान पुऱ्याउनु अत्यावश्यक छ।

महिलामाथि हुने हिंसाको अन्त्यविना महिलाको मानव अधिकार सुनिश्चितता हुन सक्दैन महिलामाथि हुने हिंसा समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक मूल्यमान्यता र सोचको परिणाम हो। त्यसको फलस्वरुप वर्षेनी हजारौँ महिलाहरु विभिन्न स्वरुपमा शारीरिक, मानसिक, आर्थिक, सामाजिक हिंसा सहन बाध्य बनाइएका छन्। यसर्थ नेपालको संविधान, नेपालसरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरुको पुर्ण पालना गर्दै, महिला भएकै कारणले भोग्नुपर्ने विभेद तथा हिंसाको अन्त्य गर्ने वातावरण तयार सरकारबाट हुनुपर्दछ। यसका लागि सर्वप्रथम पित्तृसत्तात्मक सोच र यसलाई मलजल गर्ने पुरुषवादी मानसिकता हावी रहेको संरचनाको परिवर्तन, हरेक क्षेत्रमा महिलाको समान तथा अर्थपुर्ण सहभागिताको सुनिश्चितता, लैङ्गिक मैत्री संरचनाको स्थापना र महिलाहिंसाका घटनामा शून्य सहनशिलताको पुर्ण पालना गर्नु आवश्यक रहेको छ। साथै महिलालाई दोस्रो दर्जाकृ नागरिकका रुपमा हेर्ने सोच, गरिने व्यवहार र दृष्टिकोण परिवर्तन गरि घरदेखि सार्वजनिक स्थलसम्म महिलाको स्वतन्त्र पहिचान र नेतृत्वलाई स्वीकार गर्ने वातावरण तयार गर्न स्थानीय तहदेखि अभियानहरु सञ्चालन गर्नुपर्दछ। शून्य सहनशीलताको नीति अवलम्बन गर्दै यस्ता हिंसाका घटनाहरूलाई गम्भीर रुपमा संबोधन गरिनुपर्दछ। संबोधन गर्नको लागि पहिले यस्ता घटनाहरू पर्याप्त मात्रामा बाहिर आउनुपर्दछ। त्यही हेतुले ओरेक नेपालले वर्षेनी महिला हिंसाका दस्तावेजीकरण गर्दै आएको छ। त्यही दस्तावेजीकरणमार्फत् प्राप्त तथ्याङ्क र तिनको विश्लेषणका आधारमा महिला हिंसा अन्त्यका निमित्त केही सुझावहरू यहाँ पेश गरिएका छन्।

सुझावहरु:

- महिलामाथि हुने हिंसा हरेक समाज, भूभाग, जात र जातीयता, वर्ग, लिङ्गमा उत्तिकै हुँदै आइरहेको छ। यद्यपि यस्ता घटनाहरूको एकमुष्ट दस्तावेजीकरण गरी एकीकृत तथ्याङ्क निर्माण कार्य भएको छैन। विभिन्न गैर सरकारी संस्था तथा केही सरकारी निकायबाट गरिदै आइएको महिला हिंसाका तथ्याङ्क संकलन तथा विश्लेषण कार्य आफैमा विस्तृत र एकीकृत स्वरुपको हुने गरेको छैन। यस्तो तथ्याङ्क निजी वा गैरसरकारी क्षेत्रबाट गरिनु आफैमा सह्रानीय कार्य हो। यद्यपि सरकारी तवरमा विस्तृत एकीकृत तथ्याङ्क निर्माणको पहल गरिनु उपयुक्त हुनेछ। विभिन्न गैरसरकारी संस्था तथा निजी क्षेत्रहरूको परिचालन एवंसमन्वय र सहकार्य मार्फत् त्यस्तो एकीकृत तथ्याङ्क

निर्माणको काम गर्न सकिनेछ। जसले नेपालमा महिलामाथि हुने हिंसाको अवस्थालाई समग्रतामा आँकलन गर्न र तिनको पहिचान गर्न सहयोग पुग्नेछ। त्यस्तो तथ्याङ्कका आधारमा हिंसा अन्त्य गर्ने उपायहरूको खोजी कार्यमा सहजता ल्याउने छ।

- उजुरी गर्ने निकायहरूको अभावमा हिंसामा परेका महिलाहरूले आफूमाथि भएको हिंसाबारे बोल्ने वा त्यसको समाधानको लागि कदम चाल्ने सम्भावनाहरूको खोजी गर्न समेत व्यवधान व्यहोर्ने गरेका छन्। तसर्थ महिलाविरुद्ध हुने हिंसाबारे गुनासा गर्ने महिला मैत्री तथा महिला प्रति उत्तरदायी संयन्त्र वा उजुरी गर्ने निकायहरू स्थानीय तहहरूमा स्थापना गर्नु अत्यावश्यक छ। यसले महिलाहरूमाआफूमाथि भएको हिंसा बिरुद्दको उपचारमा सहजता प्रदान गर्नेछ।
- महिलामाथि हुने हिंसाबारेमा जानकार वा सचेत महिलाहरूको जमात बढ्दो छ। तर महिला हिंसाका नयाँ नयाँ स्वरुप र माध्यमहरू पनि उत्तिकै देखा परिरहेका छन्। त्यस्ता नयाँ नयाँ हिंसाका स्वरुप र माध्यमहरूबारेमा समेत सचेतना र छलफलहरू व्यापक रुपमा सञ्चालन गरिनुपर्दछ। त्यस्ता क्रियाकलापहरू सरकारी एवं गैरसरकारी र निजी वृत्तबाट समेत सञ्चालन गरि सम्बन्धित समूह र समाजको ध्यानाकर्षण गराउनु आवश्यक छ।
- हिंसा प्रभावितहरूका लागि सहयोगी संयन्त्रहरु पर्याप्त मात्रामा निर्माण गरिनुपर्दछ। अहिले सञ्चालित संयन्त्रहरू अनेक कारणवस प्रभावकारी हुन सकीरहेका छैनन्। तिनलाई प्रभावकारी बनाउँदै थप प्रभावकारी संयन्त्रहरूको विकास गरिनु जरुरी छ। त्यस्ता सहयोगी संयन्त्रहरूले महिला माथि भएका हिंसाका घटनाहरूलाई बाहिर ल्याउने मात्रै नभइकन प्रभावितलाई न्याय प्रदान गर्ने, समाजमा सुरक्षित र सम्मानजनक तवरमा बाँच्नको लागि वातावरण निर्माण सम्मको जिम्मेवारी वहन गर्नुपर्दछ। जुनसुकै प्रकारको महिला हिंसाबाट प्रभावित भएपनि सरकारले उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ।
- महिला हिंसामध्ये पनि यौन हिंसा, बलात्कार प्रभावितहरू, खासगरी बालिका एवं किशोरीहरू, का लागि सरकारी तहबाट उचित संरक्षण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित आवास, गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा रोजगार एवं जीविकोपार्जनको भरपर्दो माध्यमहरूको सुनिश्चित गर्दै आत्मसम्मान सहितको सामाजिक पुन:एकिकरणको व्यवस्था गरिनुपर्दछ।
- स्थानीयदेखि राष्ट्रिय स्तरका न्यायिक एवं कानूनी निकायका प्रतिनिधिहरू महिला हिंसा र लैंगिक विभेद, शोषण र हिंसाप्रति संवेदनशील र सचेत बन्न आवश्यक छ। अधिकांश महिला हिंसाका घटनाहरूलाई कानूनी प्रक्रियामा लानुको सट्टा आपसी मेलमिलापमा लैजाने प्रवृत्तिमा

परिवर्तन गर्नुपर्दछ । साथै पीडितको सुरक्षा र जीविकोपार्जनको कोणबाट यस्ता घटनाहरूलाई संबोधन गर्नेतर्फ जोड दिनुपर्दछ ।

- सबै स्थानीय निकायहरूले बलात्कार जस्ता मुद्दामा सरकारले द्रुत न्याय सेवा लागू गरेको कानूनी प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गनुपर्दछ । बलात्कारका घटनामा उजुरी गर्ने १ वर्षको हदम्याद खारेजी गरिनुपर्दछ । ताकी बलात्कार जस्तो अपराधिक क्रियाकलापको दोषीमाथि कारवाही गर्न र पीडितलाई न्याय दिलाउने काममा बाधा अड्चन कम गर्न सकियोस् ।

- सरकारले एकपछि अर्को ऐन कानूनहरूको निर्माण एवं समय सापेक्ष परिमार्जन एवं संशोधन गर्दै ल्याएको प्रावधानहरूबारे प्रत्येक स्थानीय निकायदेखि आम मानिसहरूसमक्ष जानकारी र सूचना पुऱ्याउने उचित संयन्त्र र माध्यमहरूको अवलम्बन गरिनुपर्दछ । ताकी हिंसा पीडितहरूले आफूमाथि भएको हिंसात्मक घटनालाई चाँडो भन्दा चाँडो न्यायिक प्रक्रियामा लैजान प्रोत्साहन मिलोस् । साथै देशको ऐन कानून र न्यायिक निकायप्रति विश्वास र भरोसामा वृद्धि होस् ।

- महिलामाथि हुने वा भएका सबै प्रकारका विभेद र असमान नीति, प्रावधान, ऐनहरूको खारेजी एवं नेपालको संविधान २०७२ मा रहेका विभेदित कुराहरु संशोधनको लागि कदम चालिनुपर्दछ । जस्तैः नागरिकताको प्रावधानमा रहेको असमानता नहटेसम्म प्रत्येक नागरिक समान हुन् भन्ने संविधानले दिएको अधिकारको उपभोग गर्नबाट महिलाहरू वञ्चित रहीरहनेछन् ।

- हिंसा प्रभावितहरूको गोपनीयताको अधिकारलाई उनीहरूको सुरक्षा एवं अन्य त्रासहरू न्यून गर्नको लागि पनि सरकार एवं सम्बन्धित निकायहरूले सुरक्षित एवं सुनिश्चित गर्नुपर्दछ ।

- महिला हिंसा विरुद्ध कार्यरत मानवअधिकारकर्मी, अभियन्ता तथा महिला अधिकारकर्मी संघसंस्थाहरूलाई समेत असुरक्षा र त्रासको माहौल सृजना हुने गरेको यथार्थलाई ध्यानमा राखी उनीहरूले सुरक्षित तवरमा आफ्ना काम सम्पन्न गर्ने वातावरण समेत राज्यले निर्माण गर्नुपर्दछ । खासगरी समुदायस्तरमा कार्यरत व्यक्ति एवं समूहहरूले महिला हिंसाका घटनालाई बाहिर ल्याउन र पीडितलाई न्याय दिलाउन खेलेको भूमिकाका कारण त्रसित बनाइने गरिएको छ । यस्ता क्रियाकलापलाई पूर्णत निषेध गर्नको लागि उचित कानूनी प्रावधान एवं सामाजिक वातावारण निर्माण गर्न सरकारी पहलको खाँचो छ ।

- महिला हिंसा प्रभावितहरूका लागि सरकारले उपलब्ध गराइआएको सेवा सुविधाहरू उचित रुपमा उपलब्ध भइरहेका छन् वा छैनन् भनेर अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण

गरिएको छैन । यो काम यथासक्य चाँडो गरिनुपर्दछ । २०७६ साललाई सरकारले लैंगिक हिंसा विरुद्धको वर्ष घोषणा गरेको छ । राज्यको तीनै तहमा महिला हिंसा विरुद्धको घटनालाई के र कसरी संबोधन गर्ने गरिएको छ भनेर प्रभावकारी तवरले अनुगमन तथा मूल्याङ्कनको कार्यको थालनी यहीबाट शुरु गरिनुपर्दछ ।

- महिला विरुद्ध हुने भेदभाव विरुद्ध शून्य सहनशीलताको नीतीलाई स्थानीय देखि केन्द्रिय स्तरसम्मका सबै संरचनाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गरियोस् ।
- महिलाले सम्मानित र स्वतन्त्र भएर जीवनयापन गर्न सक्ने वातावरण सिर्जनाका लागि राज्यका सबै स्थानीय देखि केन्दिय तहसम्मका निकायहरुमा लैङ्गिक समानता नीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याईयोस् ।
- महिलालाई हेर्ने दृष्टिकोण र सोँचमा आमुल परिवर्तन नभएसम्म नेपालको संविधान-२०७२ ले प्रत्याभूत गरेको 'प्रत्येक नागरिकको समान अधिकार' भन्ने प्रावधान नेपाली महिलाले अनुभूत गर्न पाउने वातावरण बन्न सक्दैन । साथै देशमा भएको बृहत र व्यापक राजनीतिक रूपान्तरणका बाबजुद पनि नेपाली महिलाको जीवन हिंसामूक्त र अधिकार सम्पन्न हुन सक्दैन । तसर्थ विभिन्न हानिकारक सामाजिक, आर्थिक तथा धार्मिक परम्पराहरूबाट प्रतिपादित र निर्देशित कुप्रथाका कारण महिलामाथि भैरहेको हिंसालाई गम्भीर अपराधको रूपमा स्वीकार तथा ब्याख्या गरि त्यस्ता सबैखाले हानिकारक परम्परागत अपराधको अन्त्यका लागि स्थानीयदेखि राष्ट्रिय तहसम्म रणनीति बनाई कार्यान्वयनमा ल्याईयोस् । साथै राज्यकै नेतृत्वमा यस्ता हानिकारक परम्परागत अभ्यासविरुद्ध आम सचेतनाका कार्यक्रमहरु व्यापक रुपमा सञ्चालन गरियोस् ।
- महिलाहरुले आर्थिक रुपमा सशक्त र स्वलम्ब भएर जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जनाका लागि महिलाहरुको आन्तरिक र आर्थिक सशक्तिकरणका कार्यक्रमहरुकालागि आवश्यक बजेटको विनीयोजन सहित नीतिगत व्यवस्था गरियोस् ।
- अन्तराष्ट्रिय सन्धि सम्झौता विशेषगरी महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW), आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार सम्बन्धी महासन्धी (UNESCR) र दिगो बिकासका लक्ष्य कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना निर्माण तथा प्रभावकारी अनुगमन संयन्त्रको विकास गरियोस्

लैङ्गिक विभेदमा आधारित हिंसा घटना सङ्कलन फाराम
ओरेक नेपाल

घटना संकलनकर्ताको नाम	आवद्ध संस्था	फोन नं	घटना संकलन गरेको मिति	घटना संकलन गरेको स्थान

प्रभावित /पीडितको विवरण

कोड नम्बर :	जन्म मिति : उमेर :	**लिङ्ग** महिला ☐ पुरुष ☐ यौन अल्पसंख्यक (खुलाउनुहोस्)	**राष्ट्रियता** नेपाली ☐ अन्य भए खुलाउनुहोस्	**जातीयता** ब्राह्मण/क्षेत्री (तराई) ☐ ब्राह्मण/क्षेत्री (पहाडे) ☐ जनजाति (हिमाल) ☐ जनजाति (तराई) ☐ दलित (हिमाल) ☐ दलित (तराई) ☐ मुस्लिम ☐ अन्य (खुलाउनुहोस्) .....

वैवाहिक स्थिति	**यदि विवाहित हो भने**	**शैक्षिक अवस्था**	**यदि साक्षर हो भने**
अविवाहित ☐ विवाहित ☐ विवाहित तर सँगै नबसेको ☐ अविवाहित तर सँगै बसेका ☐ पारपाचुके गरेको ☐ एकल ☐ अन्य (खुलाउनुहोस्) ..... ☐	विवाह हुदाँको उमेर	निरक्षर ☐ साक्षर ☐	आधारभूत शिक्षा (१-८ कक्षा) माध्यमिक शिक्षा (९-१२ कक्षा) स्नातक स्नाकोत्तर स्नाकोत्तर भन्दा माथि पेशागत शिक्षा(भए खुलाउनुहोस्) .....

प्रभावित /पीडितको पेशा		**परिवारको प्रमुख आय श्रोत (खुलाउनुहोस्)**	
सरकारी सेवा..... गैरसरकारी सेवा..... कृषि तथा पशुपालन..... दैनिक ज्यालादारी.....	घरायसी काम..... व्यापार र व्यवसाय..... विद्यार्थी..... रोजगार खोज्दै ..... अन्य.....	सरकारी सेवा..... गैरसरकारी सेवा..... कृषि तथा पशुपालन..... दैनिक ज्यालादारी.....	घरायसी काम..... व्यापार र व्यवसाय..... निवृत्ति भरण ..... अन्य.....

घटनाको विवरण

घटना घटेको मिति :	घटनाको जानकारी दिएको मिति :	समय :

घटनाको किसिम

घरेलु हिंसा	**यौनिक हिंसा**		
शारीरिक हिंसा ☐	बलात्कार ☐	मानव बेचबिखन ☐ मानव बेचबिखनको प्रयास ☐	हत्या ☐ हत्याको प्रयास ☐

गालिगलौज ☐ चारित्रिक आरोप ☐ स्रोत सुविधानबाट बञ्चितिकरण ☐	सामुहिक बलात्कार ☐ बलात्कारको प्रयास ☐ यौन दुर्व्यवहार ☐		
सामाजिक हिंसा कुटपीट ☐ गालिगलौज ☐ चारित्रिक आरोप ☐ स्रोत सुविधानबाट बञ्चितिकरण ☐ बालविवाह ☐	आत्महत्या ☐	अन्य खुलाउनुहोस्	

स्रोत सुविधानबाट बञ्चितिकरणकिसिममा (√) चिन्ह लगाउनुहोस्		***हानिकारक परम्परागत अभ्यासको किसिममा (√) चिन्ह लगाउनुहोस्***	
१) भौतिक (गास, वास, कपास ☐	६) सहभागिता ☐	१) दाइजो प्रथा ☐	६) महिनावारीको समयमा अलग्याउनु वा छुट्टै राख्नु ☐
२) संवेगात्मक (माया तथा हेरचाह) ☐	७) जन्मदर्ता ☐	२) वालविवाह ☐	७) बहुविवाह ☐
३) शैक्षिक ☐	८) विवाह दर्ता ☐	३) योनी छेदन ☐	८) घुम्टो प्रथा ☐
४) जन्मदर्ता ☐	९) नागरिकता ☐	४) वोक्सीको आरोप ☐	९) भ्रुण पहिचान गरि गरिने गर्भपतन ☐
५) स्वास्थ्य सेवा ☐	१०) अन्य (खुलाउनुहोस्).....	५) जबरजस्ती विवाह ☐	१०) अन्य (खुलाउनुहोस्).....

घटनाका कारणहरु खुलाएर लेख्नुहोस् .....

घटना घटेको स्थान		
प्रदेश :	जिल्ला :	गाउँपालिका/नपा

घटनास्थलको किसिम	
१) घर ☐	६) जंगल ☐
२) विद्यालय ☐	७) खेत ☐
३) कार्यस्थल ☐	८) सार्वजनिक सौचालय ☐
४) समुदायमा ☐	९) शिविर वा सेल्टरमा ☐
५) बाटो ☐	१०) सेवा केन्द्र ☐
	११) अन्य.....

आरोपित व्यक्तिको जानकारी			
आरापित व्यक्तिको संख्या	**प्रभावित /पीडितले आरोपित व्यक्तिलाई चिनेको छ ?**	**प्रभावित /पीडितको आरोपित व्यक्तिसँगको सम्बन्ध**	
महिला ☐	१. छ ☐ २. छैन ☐	श्रीमान् श्रीमति ☐ शारिरीक सम्बन्ध राखिरहेको/राखिसकेको व्यक्ति ☐	सहायताकर्ता ☐ समुदायका सदस्य ☐ थाहा नभएको ☐

पुरुष ☐ अन्य(खुलाउनुहोस्)	३. देखेपछि चिन्ने ☐	छिमेकी ☐ मुख्य हेरचाहकर्ता ☐ गुरु चेला ☐ सेवाप्रदायक ☐ साथी नजिकको साथी ☐	परिवारका सदस्य अन्य (खुलाउनुहोस्) .....

आरोपित व्यक्तिको विवरण			
नाम :	**लिङ्ग** महिला ☐ पुरुष ☐ यौन अल्पसंख्यक	**राष्ट्रियता** नेपाली ☐ अन्य भए खुलाउनुहोस्	जन्म मिति/ उमेर :
जातीयता	**ठेगाना**	**शैक्षिक अवस्था**	**यदि साक्षर भए**
ब्राह्मण/क्षेत्री (तराई) ☐ ब्राह्मण/क्षेत्री (पहाडे) ☐ जनजाति (हिमाल) ☐ जनजाति (तराई) ☐ दलित (हिमाल) ☐ दलित (तराई) ☐ मुस्लिम ☐ अन्य (खुलाउनुहोस्)	प्रदेश : जिल्ला : गाउँपालिका/नपा :	निरक्षर ☐ साक्षर ☐	आधारभूत शिक्षा (१-८ कक्षा) माध्यमिक शिक्षा (९-१२ कक्षा) स्नातक स्नाकोत्तर स्नाकोत्तर भन्दा माथि पेशागत शिक्षा(भए खुलाउनुहोस्) .....
वैवाहिक स्थिति	**पेशा**		
अविवाहित ☐ विवाहित ☐ विवाहित तर सँगै नबसेको ☐ अविवाहित तर सँगै बसेका ☐ पारपाचुके गरेको ☐ अविवाहित तर सँगै बसेका ☐ एकल ☐ अन्य (खुलाउनुहोस्)	सरकारी सेवा..... गैरसरकारी सेवा..... कृषि तथा पशुपालन..... दैनिक ज्यालादारी..... घरायसी काम.....	व्यापार र व्यवसाय..... विद्यार्थी..... रोजगार खोज्दै ..... अन्य.....	
आरोपितको चरित्र झल्काउने खालको परिचय : (सामाजिक मनोविमर्शकर्ता/मनोविमर्शकर्ता/केश व्यवस्थापकले भर्ने)			

(आरोपित संख्या एकजनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला ।)

घटनाको कानुनी पक्ष	
घटनाको बारेमा कसैलाई उजुरी/सूचना	**छ भने कसलाई ?**

गरेको छ ?			
छ ☐ छैन ☐	प्रहरी/प्रशासन/अदालत ☐ साथी/इष्टमित्र ☐ गाँउले/छिमेकी ☐ गाउँपालिका/नगरपालिका ☐ परिवार ☐	आफू काम गर्ने स्थान ☐ आरोपित को परिवार ☐ आरोपित का नातेदार/साथी ☐ गैरसरकारी संस्था ☐	महिला मानव अधिकार रक्षकहरु ☐ निगरानी समुह ☐ अन्य भए (खुलाउनुहोस्) .....

घटना स्थलको निरीक्षण गरिएको छ कि छैन ?	छ भने कसले (खुलाउनुहोस्)?	घटनासँग सम्बन्धितहरूको स्वास्थ्य परीक्षण गरेको छ ?
छ ☐ छैन ☐ थहा छैन ☐		छ ☐ छैन ☐ थहा छैन ☐
घटनासँग सम्बन्धित फोटो खिचेको छ ?	**पीडितलाई परेको असर**	**पीडितको परिवारलाई परेको असर**
छ ☐ छैन ☐ थहा छैन ☐	शारीरीक असर..... मानसिक असरं..... सामाजिक असर ..... आर्थिक असर	शारीरीक असर..... मानसिक असरं..... सामाजिक असर ..... आर्थिक असर .....

अन्य दसी प्रमाण भए सो को विवरण (घटना भएको हो भनेर प्रमाणित गर्न सक्ने अन्य के कस्ता प्रमाणहरु छन् खुलाउनुहोस्)
घटनाका कारण पीडित तथा पीडितको परिवारलाई परेको असर विस्तृत रुपमा खुलाएर लेख्नुहोस् ।

प्रभावित /पीडितको लागि तत्कालका आवश्यक सेवाहरु		संस्थाले प्रभावित/पीडितलाई प्रदान गरेको सेवा	
१) सुरक्षा आवास ☐	५) स्वास्थ्य उपचार ☐	१) सुरक्षा आवास ☐	५) स्वास्थ्य उपचार ☐
२) कानुनी परामर्श ☐	६) अन्य केही भए उल्लेख गर्नुहोस्	२) कानुनी परामर्श ☐	६) जीविकोपार्जनमा सहयोग ☐
३) कानुनी सहयोग ☐		३) कानुनी सहयोग ☐	७) अन्य केही भए उल्लेख गर्नुहोस्
४) मनोपरामर्श ☐		४) मनोपरामर्श ☐	

घटना हुँदा पैसा बस्तु लाभको वा सेवाको आदान प्रदान भएको थियो? थियो ☐ थिएन ☐

घटनाको पुर्ण विवरण कृपया सादा पाना थप गरी लेख्नुहोला ।

ओरेक नेपाल
पो.ब.न. १३२३३, काठमाडौं, फोन नं. (९७७)- ०१-५१८६३७४, ०१-५१८६०७३ (केन्द्रिय कार्यालय) फ्याक्स : (९७७) -०१-५००६२७१,
इमेल : **ics@worecnepal.org, database@worecnepal.org, हटलाईन नम्बर : १६६०-०१-७८९१०**

ओरेक नेपाल
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org

ISBN ९९३७८८२२५-५